# तपसिल खण्ड लेखनसम्बन्धी स्रोत सामाग्री
## २०७८
## (शुरू तहको लागि सामान्य नमुना समेत)

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैजू, काठमाडौं

# तपसिल खण्ड लेखनसम्बन्धी स्रोत सामग्री

## २०७८

## (शुरु तहको लागि सामान्य नमुना समेत)

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैजू, काठमाडौं

**अध्ययन समूहः** माननीय श्री शेखरप्रसाद पौडेल, फ्याकल्टी/न्यायाधीश, राष्ट्रिय न्यायिक प्रतिष्ठान
श्री नारायणप्रसाद पन्थी, रजिष्ट्रार, सर्वोच्च अदालत
माननीय श्री नारायणप्रसाद श्रेष्ठ, पूर्व न्यायाधिश, उच्च अदालत
माननीय श्री उमेश कोइराला, जिल्ला न्यायाधीश, जिल्ला अदालत
माननीय डा. श्री दिवाकर भट्ट, फ्याकल्टी/जिल्ला न्यायाधीश, राष्ट्रिय न्यायिक प्रतिष्ठान
श्री संजीव राई, उपनिर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान

**प्रकाशकः** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू, काठमाडौं
फोन नं. : ९७७-१-४०२७४४९/४०२७४५१
फ्याक्स नं. : ९७७-१-४०२७१४०
पो.व.नं. : २४८६५
इमेल : info@njanepal.org.np
वेभसाइट : www.njanepal.org.np

**डिजाइन** : प्रतिक्षा श्रेष्ठ
**सर्वाधिकार** : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
**प्रकाशित** : ५०० प्रति
**मुद्रण** :

## प्राक्कथन

राष्ट्रिय न्यायिक प्रतिष्ठान न्याय र कानुनको क्षेत्रमा कार्यरत जनशक्तिको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने कार्यमा निरन्तर प्रयासरत रहेको छ। यस प्रतिष्ठानद्वारा विविध विषय र विधामा प्रशिक्षण, सेमिनार, गोष्ठीहरु सञ्चालन गर्ने तथा अध्ययन, अनुसन्धान र प्रकाशनसमेतका कार्यहरु गरिँदै आएको छ। प्रतिष्ठानको स्थापना कालदेखिका यस्ता किसिमका गतिविधिले नेपालको न्याय र कानुनको क्षेत्रमा कार्यरत न्यायाधीश, अदालतका अधिकृतहरु तथा सहायक कर्मचारीहरु, महान्यायाधिवक्ताको कार्यालय र अर्धन्यायिक निकायमा कार्यरत मुद्दा हेर्ने अधिकारीहरुलगायतका जनशक्तिहरुमा कामसँग सम्बद्ध ज्ञानको अभिवृद्धि, सीपको हस्तान्तरण र विषयबस्तुमा रहेको दृष्टिकोणलाई सही दिशानिर्देश गर्न सहयोग पुऱ्याएको छ। प्रतिष्ठानद्वारा फैसलाको तपसिल खण्ड लेखनसम्बन्धी काम कारवाहीलाई सहयोग पुऱ्याउने उद्देश्यले वि.सं. २०७२ सालमा तपसिल खण्ड लेखन स्रोत सामग्रीको प्रकाशन गरिएको थियो।

मुलुकमा भएका कानुनी परिवर्तन र संहिताबद्ध कानुन जारी भएपश्चात् फैसलामा तपसिल खण्ड लेखन र फैसला कार्यान्वयनका विभिन्न पक्षहरुमा पनि नयाँ अवधारणालाई आत्मसात गरिएको छ। वि सं २०७५ सालमा लागू भएका देवानी र फौजदारी संहिता, कार्यविधि संहिता, फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन र सोका नियमावलीहरु एवं विभिन्न अदालतका नियमावलीहरुले समेटेका नयाँ प्रावधानले तपसिल खण्ड लेखनको पद्धतिमा समेत कतिपय कुराहरुमा महत्वपूर्ण परिवर्तन ल्याएको कुरामा द्विविधा छैन । त्यस कुरालाई मध्यनजर गरी तपसिल खण्ड लेखनसम्बन्धी राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट पूर्ववत रुपमा प्रकाशन भएको स्रोत सामग्रीलाई परिवर्तित कानुनी परिप्रेक्ष्यको सन्दर्भमा परिमार्जन गर्न आवश्यक भएको र सर्वोच्च अदालतलगायत सरोकारवालाहरुबाट समेत सो सम्बन्धमा सुझाव प्राप्त भएकाले प्रस्तुत स्रोत सामग्रीलाई परिमार्जन गरी प्रकाशन गरिएको छ। प्रस्तुत स्रोत सामग्रीमा खासगरी जिल्ला अदालतको तहमा मुद्दा र रिटको सम्बन्धमा सुरु कारवाही र किनारा गर्ने अदालतका फैसला वा आदेश तयार गर्दा तपसिल खण्ड लेखनमा ध्यान दिनुपर्ने कुराहरु, सम्बद्ध कानुन एवं तपसिल खण्डका नमुनाहरु समेटिएका छन्। उक्त स्रोत सामग्रीको प्रकाशनबाट जिल्ला अदालत र पुनरावेदकीय अधिकारक्षेत्रको प्रयोग गर्ने अदालतमा कार्यरत जनशक्तिलाई तपसिल खण्ड लेखन कार्यमा सहयोग पुऱ्याउने छ भन्ने विश्वास राखिएको छ। विधि, विधा र लेखन क्षेत्रहरुको व्यापकता असीमित भए तापनि सकभर देवानी, फौजदारी मुद्दाहरु र रिटको फैसला एवं आदेशका तपसिल खण्डका नमुनाहरु समेट्ने प्रयास गरिएको छ। साथै प्रस्तुत स्रोत सामग्रीको पूर्णताका लागि यसमा देखिएका कमी कमजोरीहरु भावी दिनमा सुधार गरिने नै हुनाले सो सम्बन्धमा पाठकहरुको राय, सुझाव र प्रतिक्रिया सदैव अपेक्षा गर्दछौं।

प्रस्तुत स्रोत सामग्री छोटो अवधिमै परिमार्जन गरी सहयोग पुऱ्याउनु हुने परिमार्जन समूहमा संलग्न संयोजकलगायतका सदस्यहरुप्रति राष्ट्रिय न्यायिक प्रतिष्ठान आभार प्रकट गर्दछ। आगामी दिनमा समेत विज्ञ व्यक्तिहरुबाट राष्ट्रिय न्यायिक प्रतिष्ठानले सहयोगको अपेक्षा गर्दै उहाँहरुले पुऱ्याउनु भएको योगदानका लागि हार्दिक धन्यवादसमेत दिन चाहन्छ।

**राष्ट्रिय न्यायिक प्रतिष्ठान**

**२०७८ असार**

# विषयसूची


| विषय | पृष्ठ |
|---|---|
| **परिच्छेद- एक** | |
| परिचय | १-४ |
| **परिच्छेद- दुई** | |
| तपसिल खण्डसम्बन्धी कानूनी व्यवस्था | ५-४६ |
| **परिच्छेद- तीन** | |
| तपसिल खण्ड लेख्दा विचार गर्नुपर्ने कुराहरू | ४७-५० |
| **परिच्छेद- चार** | |
| देवानी मुद्दामा लेखिने तपसिल खण्डको नमुना | ५१-८४ |
| **परिच्छेद- पाँच** | |
| फौजदारी मुद्दामा लेखिने तपसिल खण्डको नमुना | ८५-१४२ |
| **परिच्छेद – छ** | |
| रिट निवेदनमा लेखिने तपसिल खण्डको नमुना | १४३-१४८ |

# परिच्छेद- एक
# परिचय

## १.१ पृष्ठभूमि

फैसला सक्षम न्यायिक निकायद्वारा आफूसमक्ष आएको विवादको सम्बन्धमा प्रस्तुत गरिएका प्रमाणहरूको मूल्याङ्कन गरी पक्षहरूबिच उत्पन्न विवादित विषयवस्तुको सम्बन्धमा गरिएको आधिकारिक निर्णय हो जसले व्यक्तिको हक अधिकार र दायित्वको निर्धारण गर्ने कार्य गर्दछ। साथै फैसलाले नागरिकको हक अधिकारको संरक्षण गर्ने र पीडितलाई राहत प्रदान गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। फैसला तर्कसंगत हुनुपर्ने न्यायिक मान्यता रहिआएको हुन्छ।

फैसला तयार गर्दा निश्चित ढाँचामा तयार गर्नुपर्ने हुन्छ। फैसला गर्ने अदालत र न्यायाधीश, मुद्दाको पक्ष विपक्षहरू एवं मुद्दा नम्बरसहितका परिचयात्मक विवरण फैसलाको शिर खण्डमा उल्लेख भएको हुन्छ। त्यसैगरी विवादको तथ्य, प्रस्तुत भएका प्रमाण, सम्बद्ध कानून, निर्णयमा पुग्ने आधारहरू र निरोपण भएको विषय ठहर खण्डमा उल्लेख गरिएको हुन्छ। फैसलाको कार्यान्वयन गर्नुपर्ने विषय, कार्यान्वयनको जिम्मेवारी र प्रक्रियासमेतका बारेमा फैसलाको तपसिल खण्डमा उल्लेख गरिन्छ। फैसलाको सार ठहर खण्ड हो भने सो फैसला कार्यान्वयनको कार्यविधिगत भाग तपसिल खण्ड हो। फैसलाको ठहर खण्ड न्यायको घोषणा हो भने तपसिल खण्डले उक्त घोषणालाई कार्यान्वयन गरी व्यावहारिकता प्रदान गरी न्यायलाई सार्थक बनाउँछ।

फैसला कार्यान्वयनको माध्यमद्वारा अदालत, न्यायाधिकण र अन्य अर्धन्यायिक निकायद्वारा घोषित उपचार, निर्धारित कसुर र सजायलाई कार्य रुपमा परिणत गरिन्छ। यसबाट कागजमा सीमित हक अधिकारले जीवन्तता प्राप्त गर्दछ। फैसलामा उल्लिखित दण्ड सजाय असुलउपर हुन्छ। दण्डहीनताको नियन्त्रण भै अदालतप्रति जनआस्थाको अभिवृद्धि हुन्छ। फैसलाको कार्यान्वयनबाट पीडितले अपहरित हक अधिकारको पुन:उपभोग गर्न पाउने, सरकारले राजश्व प्राप्त गर्ने, कसुरदारले सजाय पाउने हुन्छ। फैसलाको सार्थकता त्यसको सफल कार्यान्वयनमा निर्भर गर्दछ।

फैसला कार्यान्वयनको मूलभूत उद्देश्यहरू व्यक्तिगत हक अधिकारको संरक्षण गर्ने, अपहरित हक अधिकारको पुनर्वहाली गराउने, नागरिकको न्यायिक हकको प्रत्याभूति गराउने, फैसलालाई जीवन्तता प्रदान गर्ने, कसुरदारलाई सजाय दिलाउने, शान्ति सुव्यवस्था र सुरक्षा प्रदान गर्ने, पीडितलाई राहतको अनुभूति गराउने, अदालतबाट गरिने न्याय सम्पादनप्रति जनविश्वास जगाउने, कानूनी शासनको प्रवर्द्धन गर्ने एवं न्यायपालिकाप्रतिको जनआस्थामा अभिवृद्धि ल्याउने हुन्छ।

फैसलाको प्रभावकारी कार्यान्वयनको अभावमा पक्षले न्याय प्राप्तिको अनुभूति गर्न सक्दैन। न्याय गरेर मात्र हुँदैन गरेको देखिनु पनि पर्दछ। न्यायको अन्तिम लक्ष्य फैसलाबाट पक्षले पाउनुपर्ने व्यावहारिक उपलब्धि प्राप्त गरेपछि मात्र पूरा हुन्छ। फैसलाहरू छिटो, छरितो, सरल, सहज र प्रभावकारी ढङ्गले कार्यान्वयन हुन सकेमा न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि हुन जान्छ। यी सम्पूर्ण कुराहरूको प्राप्तिका लागि फैसला कार्यान्वयन जरुरी हुन्छ। कुनै पनि मुद्दामा भएको फैसलाको तपसिल खण्डमा लेखिनुपर्ने कुराहरू फैसला कार्यान्वयनसँग सम्बन्धित भएकाले तपसिल खण्ड लेखन फैसलाको महत्त्वपूर्ण पक्ष हुन आउँछ।

फैसला कार्यान्वयनको आधार नै फैसलाको तपसिल खण्ड हो। फैसलाको तपसिल खण्डले फैसलाको समग्र कार्यान्वयनलाई निर्देशित गर्दछ। तपसिल खण्डको अस्पष्टताले कार्यान्वयन प्रक्रियालाई असहज बनाउँछ। फैसला कार्यान्वयनको जिम्मेवारी पाएका निकाय वा पदाधिकारीले तपसिल खण्डमा उल्लेख गरिएभन्दा फरक ढङ्गले काम कारबाही गर्न सक्ने अवस्था हुँदैन। तपसिल खण्डमा कार्यान्वयनका लागि स्पष्ट मार्ग निर्देशन गर्न नसकेको अवस्थामा प्रभावकारी फैसला वा आदेश कार्यान्वयनको कल्पना गर्न सकिँदैन।
फैसलाको प्रभावकारी कार्यान्वयन गर्न तथा पक्षलाई शीघ्र न्याय प्राप्तिको अनुभूति दिलाउनका लागि तपसिल खण्ड स्पष्ट, कार्यान्वयन योग्य र आवश्यक सबै कुरा समेटिएको हुनुपर्ने आवश्यकतालाई महसुस गरी तपसिल खण्ड लेखनसम्बन्धी कानूनी व्यवस्थासहित तपसिल खण्ड लेखनका लागि यो नमुना सामग्री तयार गरिएको छ।

### १.२ आवश्यकता

अदालतबाट प्रकाशित प्रतिवेदनहरू र न्यायपालिकाको रणनीतिक योजना र वेलावेलामा विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारहरूलाई हेर्दा पनि फैसला कार्यान्वयनसम्बन्धी काम कारबाही अपेक्षा गरिएअनुरूप प्रभावकारी रूपमा सम्पादन हुन सकिरहेको देखिँदैन। कार्यान्वयनका क्रममा विविध किसिमका कानूनी, व्यवस्थापकीय, सामाजिक एवं व्यावहारिक समस्याहरू विद्यमान रहेको देखिन्छ। फैसला कार्यान्वयनमा असर गर्ने प्रमुख कुराहरूमध्ये फैसलाको तपसिल खण्डको अस्पष्टता पनि एक रहेको देखिन्छ।
तपसिल खण्ड लेखनमा सबै अदालतमा एकरूपता रहेको पाइँदैन। कतिपय फैसलामा तपसिल खण्ड अस्पष्ट हुने एवं कानूनी त्रुटि पनि हुन जाने गरेको पाइएको छ। सुरु तहका अदालतले तयार गरेका फैसलामा कार्यान्वयनका क्रममा अस्पष्टता देखिएका छन् भने कतिपय फैसलाका तपसिल खण्डमा उल्लेख हुनुपर्ने विषयहरू छुटेका पाइन्छन्। अदालती शुल्क (कोर्ट फि), धरौटी, जमानत दिइएको जेथा, कार्यान्वयन गरिनुपर्ने अचल सम्पत्ति, मुद्दामा पेस भएका सामानको व्यवस्थापन, हिरासतमा रहेको अवधि र थुनाबाट छुटिजाने मिति, पुनरावेदनको म्यादको अवधि, रोक्का फुकुवा आदिका बारेमा तपसिल खण्ड अस्पष्ट या मौन रहेको अवस्थामा कार्यान्वयन प्रक्रियाले गति लिन सक्दैन। पुनरावेदन तहबाट भएका फैसलाको तपसिल खण्डमा पनि यस्तै प्रकृतिका अस्पष्टता हुने गरेको पाइएको छ।
तपसिल खण्डले कार्यान्वयनमा पार्ने प्रभावलाई मध्यनजर गरी तपसिल खण्डमा एकरूपता कायम गर्न, कानूनी त्रुटि हुन नदिन र कार्यान्वयनका लागि स्पष्ट दिशानिर्देश हुने गरी तपसिल खण्ड तयार गर्न सहयोग गर्ने उद्देश्यले यो सामग्री तयार गरिएको हो।

### १.३ विषयवस्तु

प्रस्तुत सामग्री देवानी र फौजदारी प्रकृतिका मुद्दामा हुने फैसला तथा रिट निवेदनमा हुने आदेशको तपसिल खण्ड लेखनमा केन्द्रित छ। यसमा तपसिल खण्ड लेखनमा ध्यान दिनुपर्ने विषयहरू समावेश गरिएका छन्। तपसिल खण्डसँग सम्बन्धित कानूनी व्यवस्थाहरू सङ्क्षेपमा उल्लेख गरिएको छ।
मुद्दाको प्रकृति र विवादको विषयअनुसार कार्यान्वयनको प्रक्रिया र तपसिल खण्डमा समावेश हुनुपर्ने विषय एवं बुँदाहरू फरक फरक हुने भएकाले सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमा समावेश मुद्दाको विषयगत

वर्गीकरणअनुसार प्रत्येक मुद्दाको वादीदाबी पुग्दाको अवस्थामा लेख्नुपर्ने तपसिल खण्डको नमुना उल्लेख गरिएको छ। दाबी नपुगेको अवस्थाको र खारेज हुँदा लेखिने तपसिल खण्ड प्रायः एकै प्रकृतिको हुने हुँदा त्यसलाई भने मुद्दापिच्छे उल्लेख नगरी सुरुका केही मुद्दामा मात्र उल्लेख गरिएको छ। प्रस्तुत सामग्रीमा सुरु क्षेत्राधिकार ग्रहण गरी भएका फैसलाको तपसिल खण्डको नमुना मात्र समावेश गरिएको छ। राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा २०७२ सालमा तयार गरिएको तपसिल खण्ड लेखन स्रोत सामग्रीलाई परिवर्तित कानूनी सन्दर्भमा परिमार्जित गरी प्रकाशन गर्न आवश्यक भएकाले सोको परिमार्जित स्रोत सामग्रीका रुपमा प्रकाशन गरिएको छ।

## १.४ प्रयोगकर्ता

प्रस्तुत सामग्री मूलतः फैसला तयार गर्ने कार्यमा संलग्न रहने न्यायाधीश, इजलास अधिकृत, इजलास सहायक र फाँटवाला कर्मचारीहरूलाई लक्षित गरी तयार गरिएको तपसिल खण्ड लेखनसम्बन्धी स्रोत सामाग्री, २०७२ को परिमार्जित प्रकाशनको रुपमा रहेको छ।

## १.५ आधिकारिकता

प्रस्तुत सामग्रीमा अध्ययनमा उल्लेख गरिएका कानूनी व्यवस्था एवं सर्वोच्च अदालतका निर्णयहरूको आधिकारिकताका लागि सम्बन्धित कानून एवं फैसला नै अध्ययन गर्नु वाञ्छनीय छ। सन्दर्भका रूपमा मात्र यसलाई प्रयोग गर्नुपर्ने हुन्छ। यसले फैसलाको तपसिल खण्ड लेखनका लागि प्रारम्भिक आधार प्रदान गर्नेछ। मुद्दामा भएको ठहरअनुसार तपसिल खण्डमा हुन सक्ने भिन्नतालाई प्रस्तुत नमुनामा आवश्यक परिमार्जन एवं हेरफेर गरी उल्लेख गर्नुपर्ने हुन्छ।

## परिच्छेद- दुई
## तपसिल खण्डसम्बन्धी कानूनी व्यवस्था

### २.१ परिचय

फैसला कार्यान्वयनको आधार भनेको फैसलाको तपसिल खण्ड नै हो। तपसिल खण्डले समग्र फैसलाको कार्यान्वयन पक्ष उजागर गर्दछ र फैसला कार्यान्वयनका लागि सम्बन्धित निकायलाई निर्देशित पनि गर्दछ। तपसिल खण्डमा भएका त्रुटिले फैसलाको कार्यान्वयन पक्ष प्रभावित हुन्छ र फैसलाको वास्तविक कार्यान्वयनमा कठिनाइ उत्पन्न हुन्छ। फैसला लेखनको समग्रताभित्र तपसिल खण्ड लेखनको विषय पनि स्वतः समाहित भएको हुन्छ। फैसलाको सारवान भाग भनेको ठहर खण्ड हो भने त्यसको कार्यविधिगत भाग तपसिल खण्ड हो।

फैसला कार्यान्वयनसम्बन्धी समस्या र समाधानका उपायहरू विषयमा गरिएको अनुसन्धानका क्रममा फैसलाको तपसिल खण्डमा देखिएको अस्पष्टता एवं कानूनी त्रुटिसमेतका कारणले कार्यान्वयन पक्ष प्रभावित भएको पाइयो र विभिन्न अदालतहरूमा तपसिल खण्ड लेखनमा विविधता रहेको अवस्था पनि देखियो। त्यस्ता त्रुटिहरूको पुनरावृत्ति हुन नदिन र तपसिल खण्डको लेखनमा सबै अदालतहरूमा एकरूपता कायम गर्नका लागि यस सम्बन्धी छुट्टै पाठ्यसामग्रीको आवश्यकता भएको परिप्रेक्ष्यमा तपसिल खण्ड लेखनसम्बन्धी स्रोत सामग्री २०७२ सालमा प्रकाशन भएको थियो। तपसिल खण्ड लेखनको त्यही महत्तालाई हृदयङ्गम गरी मुलुकमा जारी भएका मुलुकी फौजदारी कार्यविधि संहिता तथा मुलुकी देवानी कार्यविधि संहिता र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ र सोका नियमावलीहरू एवं तपसिल खण्ड लेखन गर्दा विचार गर्नुपर्ने अन्य विशेष कानूनमा भएका व्यवस्थाहरूका आधारमा प्रस्तुत सामग्रीमा तपसिल खण्ड लेख्दा विचार पुऱ्याउनुपर्ने कुराहरू समावेश गरिएको छ।

फैसला स्वयंमा व्यापक विषय भएकाले फैसलाको कार्यान्वयनका क्रममा फैसलाको अध्ययन गरी त्यसले न्याय निरूपण गरेको विषय ठम्याउनु सबैका लागि सहज हुँदैन। सम्बन्धित पक्षको सहजताका लागि पनि फैसलाको अन्तमा रहने तपसिल खण्डको महत्त्व हुन्छ, जसले फैसलाको निचोड के हो भन्ने खुलासा गर्छ र सो फैसलापछि फैसलाले प्रदान गरेको न्यायलाई वास्तविकतामा अनुवाद गर्नका लागि चाल्नुपर्ने कारबाहीका बारेमा दिशानिर्देश पनि गर्छ। तपसिल खण्डले फैसला कार्यान्वयन गर्ने निकायको दायित्व र कार्यान्वयन गराउन चाहने पक्षको अधिकारको विवरण प्रस्तुत गर्छ। फैसलाको ठहर खण्डलाई सारवान पक्ष र तपसिल खण्डलाई कार्यविधि पक्ष भनिन्छ। **टेकबहादुर वि. बमबहादुर**[१] भएको ठगी मुद्दामा फैसलाको ठहर खण्ड र तपसिल खण्ड बाझिएमा ठहर खण्ड नै मान्य हुन्छ भन्ने सम्बन्धमा सर्वोच्च अदालतको व्याख्यासमेत आइसकेको छ।

**व्रम्हानन्द झा वि. अजयानन्द झासमेत**[२] भएको उत्प्रेषण परमादेश मुद्दामा अदालतको ठहर निर्णयको पूर्ण पाठका रूपमा रहने फैसलामा विवादित प्रश्न वा निर्णय गर्नुपर्ने प्रश्नहरूका सम्बन्धमा अदालतले सङ्कलित सबुत प्रमाण र विद्यमान कानूनी आधारको सूक्ष्मतम विश्लेषण गरी गरेको ठहर निर्णयलाई कार्यान्वयन गर्न

---

१ ने.का.प. २०४६, नि.नं. ३९८७, भाग -३१, अङ्क- ११

२ ने.का.प. २०६७, नि. नं. ८४४९, भाग-५२, अङ्क-८

सहज र बोधगम्य बनाउने उद्देश्यले फैसलाको तपसिल खण्डमा समेत त्यस्तो ठहर निर्णयको कार्यान्वयनका लागि निश्चित आधारमा कार्यविधिसमेत उल्लेख गर्ने गरिन्छ। यसरी हेर्दा अदालतबाट भएको फैसलाको तपसिल खण्डले पनि ठहर निर्णयको अभिन्न भागकै रूपमा मान्यता प्राप्त गरेको हुन्छ। यथार्थमा फैसलाको तपसिल खण्डको कुनै छुट्टै अस्तित्व वा आधार रहने नभई ठहर निर्णयमा बोलिएको कुरालाई सरलीकृत गरी कार्यान्वयन गर्ने प्रयोजनार्थ मात्रै फैसलामा तपसिल खण्ड रहने हो। तर कहिले काँही अदालत वा निर्णयकर्ताको उचित ध्यान पुग्न नसक्ने तथा न्यायकर्ताले पनि असल नियत हुँदाहुदै सामान्य गल्ती गर्न सक्ने अवस्थालाई नकार्न मिल्दैन। यस्तो अवस्थामा ठहर खण्ड र तपसिल खण्डबिच तादात्म्यता वा सङ्गति नदेखिई ठहर खण्डमा बोलिएको कुरालाई कार्यान्वयन गर्न आवश्यक पर्ने केही मूलभूत कुराहरू नै पनि तपसिल खण्डमा लेख्न छुट हुने वा ठहर खण्डको विपरित अनावश्यक कुराहरू लेखिन जाने अवस्था पनि आउन सक्छ। यस्तो स्थिति देखिई अदालतको अन्तिम फैसलाको ठहर वा निर्णय कार्यान्वयन हुन नसक्ने वा ठहर खण्डको पूरापूर कार्यान्वयनमा बाधा उत्पन्न हुने अवस्था आएमा त्यस्तो फैसलाको उद्देश्य वा प्रयोजन नै निरर्थक हुन्छ भन्ने होइन। त्यस्तो अर्थ गरी अदालतबाट भएको फैसला वा निर्णयको पूर्ण कार्यान्वयन हुन नसक्ने स्थिति रहिरहन दिने हो भने त्यस्तो फैसला गर्नु र नगर्नुको कुनै भेद पनि रहँदैन। त्यसैले यस्तो स्थिति रहेको पाइएमा निःसन्देह रूपमा फैसलाको निर्णयाधारलाई अन्यथा असर नपर्ने गरी फैसलाको तपसिल खण्डलाई आवश्यक संशोधन वा सरलीकृत गरिनु नै न्यायिक दृष्टिबाट औचित्यपूर्ण पनि हुन जान्छ।

## २.२ तपसिल खण्डसम्बन्धी कानूनी व्यवस्थाहरू

तपसिल खण्डमा लेखिने कुराहरू र तत्सम्बन्धी कानूनी व्यवस्थाहरू यसप्रकार छन् :

### क. पुनरावेदनको म्याद एवम् फैसलाको जानकारीसम्बन्धी

### १. सामान्य कार्यविधि

सुरु मुद्दा हेर्ने अदालतले गरेको फैसलाउपर चित्त नबुझ्ने पक्षले फैसला भएको थाहा पाएको मितिले तिस दिनभित्र सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा पुनरावदेन गर्न सक्नेछ। **(मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(१))**

पुनरावेदन **लाग्ने** मुद्दामा मुद्दाको पक्ष वा निजको वारिस अदालतमा हाजिर भई फैसला सुनेकोमा सुनिपाएको कागज गरेको मितिले र पक्ष हाजिर नभई फैसला भएको सूचना जारी भएकोमा त्यस्तो सूचना तामेल भएको मितिले तिस दिनभित्र पुनरावेदन गर्ने म्याद कायम हुनेछ। **(मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २०५(२))**

उपदाफा (१) को प्रयोजनको लागि सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा मुद्दाको पक्ष आफै वा निजको वारिस उपस्थित भएको रहेछ र त्यसरी तारिख तोकिएको दिनमा नै मुद्दाको फैसला भएको रहेछ भने मुद्दाको **पक्षले** फैसला भएको थाहा पाएको मानिनेछ।**(मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(३))**

उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि फैसला सुनिपाएको कागज नगरेको वा फैसला भएको सूचना तामेल नभएको भए मुद्दाको पक्षले फैसला प्रमाणीकरण भएको छ महिनासम्ममा

फैसलाको नक्कल लिएको मितिले तिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ। **(मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(४))**

अदालतबाट एकतर्फी फैसला भएकोमा त्यसरी फैसला गर्ने अदालतले त्यस्तो फैसला तयार भई प्रमाणीकरण भएको मितिले तिस दिनभित्र मुद्दामा उपस्थित नरहेको पक्षलाई फैसलाको अनुसूची-२० बमोजिमको **ढाँचामा** परिच्छेद-८ को प्रक्रिया पूरा गरी सूचना तामेल गर्नुपर्ने छ र त्यस्तो सूचना तामेल हुन नसकेमा मुद्दामा उपस्थित नरहेको पक्षको जानकारीको लागि राष्ट्रिय स्तरका दैनिक पत्रिकामा एकतर्फी फैसला भएको सूचना प्रकाशन गर्नुपर्नेछ। **(मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(५))**

दफा २५४ बमोजिम दायर भएका मुद्दा (सरकार वादी देवानी मुद्दा) को पुनरावेदन गर्न अदालतले सत्तरी दिनको म्याद दिनुपर्ने छ। **(मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(५))**

अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर चित्त नबुझ्ने पक्षले फैसला भएको थाहा पाएको मितिले नेपाल सरकार बादी हुने फौजदारी मुद्दाको हकमा सत्तरी दिन र अन्य मुद्दामा तिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ। तर त्यस्तो अवधिभित्र पुनरावेदन गर्न नसकेको कारण देखाइ पुनरावेदन गर्न चाहने पक्षले निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिब ठहराएमा पुनरावदेन सुन्ने अदालतले बढीमा तिस दिनसम्मको म्याद थामिदिन सक्दछ। **(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(१))**

मुद्दाको कारबाहीमा सुरुदेखि नै संलग्न नरहेको अभियुक्त वा प्रतिवादी, थुना वा कैदमा रहेको अभियुक्त वा एउटा मात्र पक्ष भई एकतर्फी कारबाही भएको मुद्दाको अभियुक्तलाई अदालतले अनुसूची–४४ बमोजिमको ढाँचामा फैसलाको सूचना दिनुपर्ने छ। **(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२(१))**

## २. विशेष कार्यविधि अपनाउने मुद्दा

विशेष अदालतको फैसला वा अन्तिम आदेशउपर चित्त नबुझ्ने पक्षले त्यस्तो फैसला वा अन्तिम आदेश भएको मितिले ३५ दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ। विशेष कार्यविधि अपनाउनुपर्ने मुद्दामा पनि यो व्यवस्था लागु हुन्छ। विशेष अदालत ऐनको कार्यविधि अबलम्बन हुने मुद्दामा पनुरावेदनको म्यादको अवधि विशेष अदालत ऐनबमोजिम नै हुनुपर्दछ। **(विशेष अदालत ऐन,२०५९ को दफा १७)**

## ३. संक्षिप्त कार्यविधि अपनाउने मुद्दा

**संक्षिप्त कार्यविधि ऐन, २०२८**

**दफा ११क.**(१) अदालतबाट मुद्दा फैसला गरेपछि हाजिर रहको झगडियालाई सो फैसला वाची सुनाइ **पुनरावेदन** लाग्ने वा नलाग्ने ब्यहोरा र पुनरावेदन लाग्ने भए पुनरावेदन सुन्ने अदालतको नामसमेत बताइ निजबाट फैसला सुनिपाएको ब्यहोराको कागज गराइ राख्नुपर्ने छ।

(२) फैसला हुँदा झगडिया हाजिर नरहेकामा सो मुद्दाको फैसलाको ब्यहोरा र सो फैसलाउपर पुनरावेदन लाग्ने भए पुनरावेदन लाग्ने अदालतको नामसमेत खुलाइ सो झगडियाको नाममा मुद्दा छिन्ने अदालतले तत्कालै म्याद पुर्जी जारी गर्नुपर्ने छ।

(३) पुनरावेदन लाग्ने मुद्दामा उपदफा (१) बमोजिम झगडिया मुद्दा छिन्ने अदालतमा हाजिर भई फैसला सुनेकामा सो सुनेको मितिले र झगडिया हाजिर नभई उपदफा (२) बमोजिम पुनरावेदनको म्याद जारी भएकोमा सो म्याद तामेल भएको मितिले तिस दिनभित्र झगडियाले चित्त नबुझेको कुरामा सो फैसलाउपर पुनरावेदन दिन सक्नेछ। उक्त म्याद नाघेपछि पुनरावेदन लाग्न सक्तैन।

(४) उपदफा (२) बमोजिम पुनरावेदनको म्याद दिनुपर्नेमा अदालतबाट त्यस्तो म्याद जारी नै गरिएको रहेनछ भने झगडियाले आफूलाई लागेको दण्ड जरिबाना तिरेको वा फैसलाको नक्कल लिएकामा सो मध्ये जुन काम अघिल्ला मितिमा भए गरेको छ सोही मितिले पुनरावेदन दिन म्याद कायम हुन्छ।

### ४. बालबालिकासम्बन्धी ऐन, २०७५

**दफा ८१.** (१) पुनरावेदनः बाल अदालत वा दफा ७२ को उपदफा (८) बमोजिम मन्त्रालयले गरेको निर्णयमा **चित्त** नबुझेमा त्यस्तो निर्णय भएको पैंतिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सकिनेछ।

(२) **उपदफा** (१) र प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल अदालतबाट बालबालिकाले सफाइ पाउने गरी भएको फैसलाउपर कानूनको व्याख्यासम्बन्धी त्रुटि भएको, नजिरको गलत प्रयोग भएको वा बुझ्नुपर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको कारणबाट इन्साफमा फरक परेको अवस्थामा बाहेक अन्य अवस्थामा पुनरावेदन लाग्ने छैन।

### ख. अदालती शुल्क

अदालती शुल्क ((कोर्ट फि) भराउने, नभराउने कुरा तपसिल खण्डमा स्पष्ट लेखन हुनुपर्छ। अदालती शुल्क लागि दायर भएको मुद्दा वादी वा पुनरावेदकले जिते निजले तिरेको अदालती शुल्क हार्ने पक्षबाट भराइ पाउनेछ। अदालती शुल्क लिन बाँकी रहेको अवस्था भएमा दण्ड जरिवाना सरह असुलउपर गर्नुपर्ने कुरा उल्लेख हुनुपर्दछ। त्यसैगरी लाग्ने अदालती शुल्क वादी वा पुनरावेदकले नराखी मुद्दा दायर गरेकामा वादी वा पुनरावेदकले जितेमा हार्ने पक्षबाट जरिबाना सरह अदालती शुल्क असुल गर्नुपर्ने छ। रू. ५००/- अदालती शुल्क लिई दायर भएको अंश मुद्दामा वादीले हारे बिगो देखिएकोमा बिगोको हिसाबले लाग्ने अदालती शुल्कमा आइरहेको अदालती शुल्क कट्टा गरी बाँकी वादीबाट असुल गरिनेछ। अदालती शुल्क घटी बढी भएकोमा असुल गर्ने वा फिर्ता दिने कुरा फैसलाको तपसिल खण्डमा उल्लेख गर्नुपर्छ। कुनै पक्षबाट आवश्यकभन्दा बढी अदालती शुल्क दाखेल भएकामा सो बढी भएको अदालती शुल्क फिर्ता दिनुपर्ने छ।

**मुलुकी देवानी कार्यविधि संहिता, २०७४**

**दफा ६३.** अदालती शुल्क लाग्नेः (१) अदालतमा फिरादपत्र वा पुनरावेदनपत्र दिँदा वा अदालतमा कुनै प्रतिदावी लिँदा अदालती शुल्क (कोर्ट फि) लाग्नेछ।

(२) उपदफा (१) मा लेखिएबाहेक कुनै मुद्दा पुनरावलोकन गरी वा मुद्दा दोहोर्‍याइ पाउँ भनी दिएको निवेदनमा पुनरावलोकन गर्ने वा दोहोर्‍याउने आदेश भएमा अदालती शुल्क तिर्नुपर्ने छ।

**स्पष्टिकरणः** यस परिच्छेदको प्रयोजनको लागि “अदालती शुल्क” भन्नाले फिरादपत्र वा पुनरावेदन दिँदा वा मुद्दा पुनरावलोकन वा दोहोर्‍याउन दिँदा लिइने शुल्क सम्झनुपर्छ र सो शब्दले प्रतिदाबी लिनेले प्रतिदाबी लिएबापत बुझाउने शुल्कसमेतलाई जनाउँछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वादी हुने मुद्दा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको निकायबाट कारबाही हुने मुद्दाको हकमा यस परिच्छेदबमोजिम अदालती शुल्क लाग्ने छैन।

**दफा ६४. अदालती शुल्क दाखिला नगरी मुद्दाको कारबाही हुन नसक्नेः** (१) यस परिच्छेद बमोजिम लाग्ने अदालती शुल्क दाखिल नगरी अदालतमा दिएको फिरादपत्र वा पुनरावेदनपत्र, लिएको प्रतिदाबी वा मुद्दा पुनरावलोकन गरी वा दोहोर्‍याई हेर्न दिएको निवेदनउपर कुनै कारबाही हुन सक्ने छैन।

(२) यस परिच्छेदमा अन्यथा उल्लेख भएकोमा बाहेक अदालती शुल्क दाखिल नगरी दर्ता भएको फिरादपत्र, पुनरावेदनपत्र वा पुनरावलोकन गरी वा दोहोर्‍याई हेरिने मुद्दा खारेज हुनेछ।

**दफा ६५. अदालती शुल्क नलिई मुद्दा हेरिन सक्नेः** (१) दफा ६४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै अवस्थामा न्यायाधीशले कारणसहितको पर्चा खडा गरी पूर्ण वा आंशिक रूपमा अदालती शुल्क पछि लिने गरी फिरादपत्र, पुनरावेदनपत्र, प्रतिदाबी दर्ता गर्ने वा मुद्दा पुनरावलोकन वा दोहोर्‍याई हेर्ने आदेश दिन सक्नेछः

(क) अदालती शुल्क तिर्नुपर्ने व्यक्तिले आफ्नो आर्थिक अवस्था अत्यन्त कमजोर भई लाग्ने अदालती शुल्क पूर्ण वा आंशिक रूपमा बुझाउन असमर्थ भएको कारण जनाइ अदालतमा दिएको निवेदन जाँचबुझ गर्दा विश्वास गर्नुपर्ने कुनै मनासिब आधार भएमा,

(ख) अदालती शुल्क तिर्नुपर्ने व्यक्तिको मुद्दा परेको सम्पत्तिबाहेक अन्य सम्पत्ति केही नभई अदालती शुल्क दाखिल गर्न असमर्थ छ भनी सम्बन्धित स्थानीय तहबाट सिफारिस भई आएमा वा त्यस्तो व्यक्तिको सोही व्यहोराको निवेदन अदालतमा परी जाँचबुझ गर्दा विश्वास गर्नुपर्ने मनासिब आधार भएमा।

(२) उपदफा (१) बमोजिम न्यायाधीशबाट पूर्ण वा आंशिक रूपमा अदालती शुल्क पछि लिने गरी आदेश भएमा सम्बन्धित कर्मचारीले के कति अदालती शुल्क लिएको हो र के कति लिन बाँकी छ स्पष्ट लेखी त्यसको अभिलेख मिसिल साथ राख्नुपर्ने छ।

**दफा ६६. सम्पत्तिको मूल्य वा बिगो खुलाउनुपर्नेः** (१) फिरादपत्र दिँदा जुन सम्पत्ति दाबी गरिएको वा दाबी छुटाइ पाउँ भनिएको हो त्यस्तो सम्पत्तिको स्पष्ट रूपमा नगदमा मूल्य वा बिगो खुलाउनुपर्ने छ।

(२) उपदफा (१) मा उल्लिखित अवस्थामा बाहेक कसैले गरिदिनुपर्ने कुरा गरीदिएन वा गर्नु नपर्ने कुरा गर्‍यो वा गर्न लाग्यो भन्ने मात्र दाबी गरेकोमा त्यस्तो दाबीसमेत स्पष्ट रूपमा फिरादपत्रमा खुलाउनुपर्ने छ।

(३) उपदफा (२) बमोजिम दाबी गरी फिरादपत्र दिएकोमा पछि मूल्य वा बिगो दिलाउने गरी निर्णय गर्नुपर्ने भएमा अदालतले त्यस्तो निर्णय गर्नु अघि फिरादपत्र दिने व्यक्तिबाट त्यस्तो मूल्य वा बिगोबमोजिम अदालती शुल्क दाखिला गर्न लगाउनुपर्ने छ।

**दफा ६७. मूल्य वा बिगो कायम गर्ने आधारः** अदालती शुल्क दाखिला गर्ने प्रयोजनको लागि दफा ६६ बमोजिम अचल सम्पत्तिको मूल्य वा बिगो देहायको प्राथमिकताक्रमको आधारमा कायम गर्नुपर्ने छः
(क) रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले निर्धारण गरेको दस्तुर,
(ख) करको प्रयोजनको लागि प्रचलित कानूनबमोजिम कुनै मूल्य निर्धारण गरेको भए त्यस्तो मूल्य,
(ग) स्थानीय प्रचलित मूल्य।

**दफा ६८. अदालती शुल्क लिँदा आधार लिइने मूल्य वा बिगोः** अदालतले देहायका मूल्य वा बिगोको आधारमा अदालती शुल्क लिनुपर्ने छः
(क) नगदको हक कायम गर्नु वा दाबी छुटाइ दिनुपर्नेमा जति रकम हक कायम गर्नु वा छुटाउनुपर्ने हो त्यस्तो अङ्क,
(ख) सुन, चाँदी, रत्न वा जवाहरतसमेत दिलाउन वा दाबी छुटाउन पर्नेमा नेपाल राष्ट्र बैङ्कले कायम गरेको दरले हुन आउने अङ्क र त्यस्तो दर कायम नभएकोमा प्रचलित बजार मूल्यको आधारमा हुन आउने अङ्क,
(ग) खण्ड (ख) मा उल्लेख भएबाहेक अन्य चल सम्पत्ति दिलाउन वा छुटाउनुपर्नेमा त्यस्तो सम्पत्तिको प्रचलित बजार मूल्यका आधारमा हुन आउने अङ्क,
(घ) धितोपत्र, ऋणपत्र दिलाउन वा दाबी छुटाउनुपर्ने भए धितोपत्र बजारले कायम गरेको मूल्य,
(ङ) खण्ड (ग) बमोजिम प्रचलित बजार मूल्य यकिन नभएका चल सम्पत्तिको हकमा बादीले कायम गरेको मूल्य वा बिगोको अङ्क,
(च) जग्गाको आयस्ता दाबी गरेकोमा विपद् नपरेका अघिल्लो सालको आयस्ताको अङ्क,
(छ) अचल जग्गा जमिन पक्री दाबी गरेको वा हक दावा पक्राउ छुटाइ दिनुपर्नेमा फिरादवालाले दफा ६६ बमोजिम कायम गरी ल्याएको मूल्य र बिगोको अङ्क,
(ज) विपद् परेको जग्गाको आयस्ता मिन्हा गरीदिएन भन्ने दाबी गरेकोमा मिन्हा गर्न दाबी गरेको अङ्क,
(झ) जग्गाको आयस्ताबाहेक अन्य मिन्हा गर्न दाबी गरेकोमा त्यसरी मिन्हा गर्न दाबी गरेको अङ्क,
(ञ) गुठी, महन्त्याइँ, पूजारी, भण्डारे आदिको हक दाबी गरेको, दाबी छुटाइ दिनुपर्ने वा त्यस्तो कामबाट छुट्कारा गरिपाउँ भन्ने दाबी गरेकोमा गुठीको काम चलाई खान पाउने शेष बाँकीको अङ्कबाट र अरु दाबी गरेकोमा ठेकिएको जग्गाको अङ्क वा बिगोबाट र जग्गा नठेकिएकोमा खान पाउने एक सालको खान्गी आयस्ताको अङ्क,
(ट) ठेक्का रकमको हक दाबी गरेको वा हक दाबी छुटाइ दिनुपर्नेमा जति सालको ठेक्का रकम दाबी गरेको हो त्यति सालको ठेक्का अङ्क र आयस्ता नोक्सानी मात्र दाबी गरेकोमा दाबी गरेको आयस्ता नोक्सानीको अङ्क,
(ठ) अचल सम्पत्ति बन्धकीको हकमा लिखतमा लेखिएको बिगोको अङ्क,

(ड) दामासाही वा भाखा गरिदिनुपर्नेमा असामीले देखाएको बिगोको अङ्क,
(ढ) तलब, भत्ता वा किस्ता दिलाइ पाउने भनी दाबी गरेमा त्यस्तो दाबीको अङ्क,
(ण) ज्याला, मजदुरी, नोक्सानी, हर्जाना दाबी गरेकोमा त्यस्तो दाबी गरेको मूल्यको अङ्क,
(त) साँवा, मुनाफा, लाभांश, बोनस, दान बकस, ब्याज, घर पसल, बहाल वा कुनै सम्पत्ति दाबी गरेकोमा त्यस्तो सम्पत्तिको अङ्क,
(थ) कुनै क्षतिपूर्ति दाबी गरेकोमा त्यसरी दाबी गरेको अङ्क,
(द) करारबमोजिम गराई वा भराइ पाउन दाबी गरेकोमा त्यसरी गराउन वा भराउन दाबी गरेको अङ्क।

**दफा ६९. अदालती शुल्कको दरः** फिरादपत्र दिँदा दफा ६८ बमोजिम दाबी गरेको वा दाबी छुटाइ पाउँ भनेको मूल्य वा बिगोको अङ्कबाट देहायबमोजिमको दरले अदालती शुल्क लाग्नेछः
(क) पहिलो पच्चिस हजार रुपैयाँसम्मको लागि पाँच सय रुपैयाँ,
(ख) पचास हजार रुपैयाँसम्म भएमा दोस्रो पच्चिस हजारसम्मको लागि सयकडा पाँचका दरले,
(ग) एक लाख रुपैयाँसम्म भए तेस्रो पचास हजार रुपैयाँसम्मको लागि सयकडा तीन दशमलब पाँचका दरले,
(घ) पाँच लाख रुपैयाँसम्म भए चौथो चार लाख रुपैयाँसम्मको लागि सयकडा दुईका दरले,
(ङ) पच्चिस लाख रुपैयाँसम्म भए पाँचौं बिस लाख रुपैयाँसम्मको लागि सयकडा एक दशमलब पाँचका दरले,
(च) पच्चिस लाख रुपैयाँभन्दा माथि जतिसुकै भए पनि बढी अङ्क जतिको लागि सयकडा एकका दरले।

**दफा ७०. एकमुष्ट अदालती शुल्क लाग्नेः** (१) दफा ६९ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै विषय र सोसँग सम्बन्धित मुद्दामा एकमुष्ट पाँच सय रुपैयाँ अदालती शुल्क लाग्नेछः-
(क) जग्गाको दर्ता, नामसारी वा त्यस्तो दर्ता वा नामसारी बदर,
(ख) रसिद तथा भरपाईको दाबी,
(ग) लिखत, भाखापत्र, जमानीपत्र, कबुलियत भरपाई आदि फट्टाको मागदाबी,
(घ) घर वा जग्गामा बसेकोलाई उठाई वा उठ्न नपर्ने मागदाबी,
(ङ) बाँध, पैनी वा कुलो बनाउन वा त्यसबाट पानी ल्याउन दिएन वा रोलक्रम मिची पानी लगाएको दाबी,
(च) निकास, झ्याल वा ढोका खुला वा बन्द, झ्याल, ढोका वा कौशी राख्ने, थप्ने वा बन्द गर्ने मागदाबी,
(छ) कुनै काम नगर्नु वा नगराउनु वा कुनै काम गर्न लगाउन निषेधाज्ञा वा आदेशात्मक आदेश जारीको मागदाबी वा त्यस्तो आदेशको बदर,
(ज) कुनै व्यक्तिको पूर्ण सक्षमता, अर्ध सक्षमता वा असक्षमता निर्धारण,
(झ) सम्बन्ध विच्छेद,
(ञ) नाता कायम,
(ट) कुनै व्यक्तिको मृत्युको सम्बन्धमा न्यायिक घोषणाको माग वा न्यायिक घोषणा बदर वा सोको संशोधनसम्बन्धी मागदाबी,
(ठ) दामासाहीको कारबाही प्रारम्भ गर्ने वा नगर्ने मागदाबी,

(ड) गुठी सञ्चालक नियुक्ति वा बदर,

(ढ) संरक्षक नियुक्ति वा बदर,

(ण) माथवरको नियुक्ति वा बदर,

(त) फलोपभोगको दाबी वा बदर,

तर मूल्य उल्लेख भएकोमा मूल्यका आधारमा अदालती शुल्क लाग्नेछ।

(थ) सुविधाभारको दाबी वा बदर।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका मुद्दामा एक हजार रुपैयाँ अदालती शुल्क लाग्नेछः

(क) अंश लाग्ने सम्पत्तिमा अंशको भाग यकिन गरी वा दिलाइ दिने मागदाबी,

(ख) लिखत वा कागज बदर।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक बिगो नखुलेको अन्य कुनै करारका सम्बन्धमा पर्न आउने विवादमा एकमुष्ट दुई हजार पाँच सय रुपैयाँ अदालती शुल्क लाग्नेछ।

**दफा ७१. अदालती शुल्क लिने सम्बन्धी विशेष व्यवस्थाः** (१) दफा ७० मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको मुद्दामा देहायबमोजिम अदालती शुल्क लाग्नेछः

(क) बादी वा पुनरावेदकको जिकिरबाट कुनै सम्पत्तिको हक बेहक गर्नुपर्ने भएमा दफा ६८ बमोजिम,

(ख) अंश मुद्दामा फिरादपत्र साथ सम्पत्तिको फाँटवारी पेश नभई प्रतिउत्तर साथ पेश भएको वा अदालतले मागेको फाँटवारीबमोजिम सम्पत्तिको बिगो कायम भएकोमा त्यस्तो बिगोको हिसाबले,

(ग) साँवा र ब्याज दुवै दाबी गरी फिरादपत्र दिएकोमा फिरादपत्र दिएको मितिसम्मको ब्याजको हुने अङ्कबाट,

(घ) फैसला हुँदा ब्याजसमेत भराउने निर्णय भएमा फिरादपत्र दायर भएको मितिदेखि फैसला कार्यान्वयन हुँदासम्मको कानूनबमोजिम हुने ब्याजको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा मूल्य वा बिगो खुलेकोमा यस परिच्छेदको अन्य दफामा उल्लेख भएबमोजिम मूल्य वा बिगोको आधारमा र मूल्य वा बिगो नखुलेको अन्य जुनसुकै मुद्दामा दफा ७० को अधीनमा रही एक हजार रुपैयाँ अदालती शुल्क लाग्नेछ।

**दफा ७२. मुद्दा परेको अघिल्लो दिनको मूल्य कायम गर्नेः** यस परिच्छेदबमोजिम अदालती शुल्क लिने प्रयोजनको लागि कुनै सम्पत्तिको मूल्य कायम गर्दा अचल सम्पत्ति भए दफा ६७ बमोजिम र अन्य सम्पत्ति भए जुन दिन फिरादपत्र दायर भएको हो त्यस्तो दिनभन्दा अघिल्लो दिनको मूल्यलाई आधार लिई मूल्य कायम गरिनेछ।

**दफा ७३. पुनरावेदन गर्दा लाग्ने अदालती शुल्कः** (१) मूल्य वा बिगो खुलेको मुद्दामा जुनसुकै तहमा पुनरावेदन गर्दा जुन हदसम्म चित्त नबुझी पुनरावेदन गर्ने हो सोही हदसम्म फिरादपत्र दर्ता गर्दा लाग्ने अदालती शुल्कको सयकडा पन्ध्रको दरले थप अदालती शुल्क लाग्नेछ।

(२) बिगो नखुलेको अंश मुद्दामा जुनसुकै तहमा पुनरावेदन दिँदा फिरादपत्र दर्ता गर्दा लागे सरहको अदालती शुल्क लाग्नेछ।

(३) पहिलो तहको पुनरावेदन सुन्ने अदालतले गरेको पुनरावेदन फैसलाउपर दोस्रो तहको अदालतमा पुनरावेदन दिएकोमा जुन हदसम्म चित्त नबुझी पुनरावेदन गर्ने हो सोही हदसम्म फिरादपत्र दर्ता गर्दा लाग्ने अदालती शुल्कको थप पन्ध्र प्रतिशतको दरले अदालती शुल्क लाग्नेछ।

**दफा ७४. पुनरावलोकन वा मुद्दा दोहोऱ्याई हेर्दा लाग्ने अदालती शुल्कः** कानूनबमोजिम कुनै मुद्दा पुनरावलोकन गरी वा मुद्दा दोहोऱ्याई पाउँ भनी दिएको निवेदनउपर पुनरावलोकन वा मुद्दा दोहोऱ्याई दिने गरी आदेश भएमा जुन हदसम्म चित्त नबुझी पुनरावलोकन वा दोहोऱ्याई पाउन मागदाबी गरेको हो सोही हदसम्म त्यति कुरामा फिरादपत्र दर्ता गर्दा लाग्ने अदालती शुल्कको थप दश प्रतिशतका दरले अदालती शुल्क लाग्नेछ।

**दफा ७५. फैसलाबमोजिम लागेको अदालती शुल्क र दण्ड जरिबाना दाखिला गर्नुपर्नेः** (१) मुद्दाको कुनै पक्षले सुरु तहको फैसलाउपर पुनरावेदन दिँदा वा पहिलो तहको पुनरावेदन सुन्ने अदालतले गरेको पुनरावेदन फैसलाउपर दोस्रो तहको पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन गर्दा फैसला बमोजिम निजले अर्को पक्षलाई भराइ दिनुपर्ने ठहरेको अदालती शुल्क दाखिला गर्नुपर्ने छ।
(२) मुद्दाका कुनै पक्षले कानूनबमोजिम पुनरावलोकन गरी वा मुद्दा दोहोऱ्याई पाउँ भनी निवेदन दिँदा फैसलाबमोजिम लागेको अदालती शुल्क दाखिला गर्नुपर्ने छ।
(३) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाको कुनै पक्षलाई फैसला बमोजिम कुनै दण्ड जरिबाना लागेको भए त्यस्तो दण्ड जरिबाना दाखिला नगरी वा सो बापत जमानत नदिई कुनै पुनरावेदनपत्र वा मुद्दा पुनरावलोकन गरी वा दोहोऱ्याई पाउँ भनी दिएको कुनै निवेदनपत्र दर्ता हुने छैन।

**दफा ७६. अदालती शुल्क नगदमा दाखिला गर्नुपर्नेः** (१) यस परिच्छेदमा अन्यथा उल्लेख भएकोमा बाहेक अदालती शुल्क नगदमा दाखिला गर्नुपर्ने छ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालती शुल्क एक लाख रुपैयाँभन्दा बढी भएमा बढीमा एक वर्षसम्मको लागि बैङ्क तथा वित्तीय संस्थासम्बन्धी प्रचलित कानूनबमोजिम “क” वर्गको ईजाजतपत्र प्राप्त बैङ्कको बैङ्क जमानत पेश गर्न सकिनेछ र त्यस्तो बैङ्क जमानतको जमानत अवधि समाप्त हुनु अगावै मुद्दा फैसला हुनु अघिसम्म प्रत्येक वर्ष नवीकरण गराउन पर्ने छ।
(३) उपदफा (२) बमोजिम पेश गरिने बैङ्क ग्यारेण्टीको लागि दाबी गरिएको वा विबादित सम्पत्ति वा त्यसको कुनै अंश राख्न सकिने छैन र एक वर्षको अवधि भुक्तानी हुनुभन्दा कम्तीमा एक महिना अगावै उपदफा (१) बमोजिमको रकम नगदमै अदालती शुल्क दाखिल गर्नुपर्ने छ।त्यसरी अदालती शुल्क दाखिला गर्न नसकेमा वा अदालतबाट बैङ्क ग्यारेण्टीको रकम असुलउपर हुन नसकेमा त्यस्तो मुद्दा दफा ६४ बमोजिम हुनेछ।
(४) उपदफा (१) बमोजिम अदालतमा अदालती शुल्क दाखिला हुन आएमा सम्बन्धित कर्मचारीले सो व्यहोरा नगदी स्रेस्तामा आम्दानी बाँधी त्यसको रितपूर्वकको तीन प्रति रसिद तयार गरी एक प्रति अदालती शुल्क दाखिला गर्ने व्यक्तिलाई दिई अर्को प्रति सम्बन्धित मिसिलमा राख्नुपर्ने छ।

**दफा ७७. नपुग अदालती शुल्क दाखिला गर्न लगाउने:** (१) फिरादपत्र वा पुनरावेदनपत्र दर्ता गर्दा वा फिरादपत्र वा पुनरावेदनपत्रको लेखाइबाट यस परिच्छेदबमोजिम लाग्ने अदालती शुल्कभन्दा कम अदालती शुल्क दाखिला गर्न ल्याएको देखिएमा अदालतले सम्बन्धित व्यक्तिलाई तुरुन्त नपुग अदालती शुल्क दाखिला गर्न लगाउनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिले नपुग अदालती शुल्क तुरुन्त दाखिला गर्न नसकी म्याद मागेमा अदालतले फिरादपत्र वा पुनरावेदनपत्र दिने अन्तिम म्याद सात दिन बाँकी भए सो अवधिभित्र र सो भन्दा कम अवधि भए सात दिनभित्र नपुग अदालती शुल्क दाखिला गर्न ल्याउन सम्बन्धित व्यक्तिलाई म्याद दिनुपर्ने छ।

(३) यस परिच्छेद बमोजिम लिनुपर्नेभन्दा घटी अदालती शुल्क लिएको वा बुझाएको कुरा फिरादपत्र वा पुनरावेदनपत्र दर्ता गरिसकेपछि कुनै प्रकारबाट अदालतलाई थाहा हुन आएमा वा सो विषयमा कसैको उजुरी परी जाँचबुझ गर्दा सो कुरा मनासिब देखिएमा पक्ष तारिखमा रहेको भए अदालतले निजलाई नपुग देखिएको अदालती शुल्क सात दिनभित्र दाखिला गर्न ल्याउन तारिख तोक्नुपर्ने छ र पक्ष तारिखमा नरहेको भए सात दिनको म्याद दिई नपुग अदालती शुल्क दाखिला गर्न ल्याउन म्याद जारी गर्नुपर्ने छ।

(४) उपदफा (३) बमोजिम दिइएको अवधिभित्र पक्षले अदालती शुल्क दाखिला नगरेमा त्यस्तो मुद्दा अदालतबाट कारबाही, सुनुवाइ र किनारा हुन सक्ने छैन।

**दफा ७८. बढी अदालती शुल्क फिर्ता गर्नुपर्ने:** (१) कुनै पक्षबाट बढी अदालती शुल्क लिइएको कुरा मुद्दाको कारबाहीको सिलसिलामा पक्षको निवेदन वा अन्य व्यहोराबाट थाहा हुन आएमा अदालतले बढी अदालती शुल्क सम्बन्धित पक्षलाई निवेदन परेको वा थाहा हुन आएको मितिले तीन महिनाभित्र फिर्ता गर्नुपर्ने छ।

(२) अदालती शुल्क बढी दाखिला गरेको कुरा मुद्दा फैसला भइसकेपछि कुनै तवरले थाहा हुन आएमा सम्बन्धित पक्षले त्यस्तो अदालती शुल्क फिर्ता पाउन सम्बन्धित अदालतमा निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदकको माग मनासिब देखिएमा अदालतले त्यस्तो अदालती शुल्क निवेदन परेको मितिले तीन महिनाभित्र निवेदकलाई फिर्ता दिनुपर्ने छ।

**दफा ७९. अदालतले तोकेको अदालती शुल्कउपर उजुरी दिन सक्ने:** (१) यस परिच्छेदबमोजिम अदालतले तोकेको अदालती शुल्कउपर चित्त नबुझ्ने व्यक्तिले अदालती शुल्क दाखिला गरी नसकेको भए तीन दिनभित्र र अदालती शुल्क दाखिला गरीसकेको भए मुद्दाको फैसला हुनु अगावै सोही अदालतको न्यायाधीशसमक्ष उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको उजुरी जाँचबुझ गर्दा अदालती शुल्क बढी लिएको देखिएमा सम्बन्धित न्यायाधीशले बढी लिएको अदालती शुल्क फिर्ता गर्न र जानीजानी बढी अदालती शुल्क लिने कर्मचारीलाई विभागीय कारबाही गर्न आदेश दिनुपर्ने छ।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि "जानीजानी" भन्नाले फिरादपत्र वा पुनरावेदनपत्रका लेखबाट वा प्रमाणबाट देखिन आएको मूल्य वा बिगोको यस परिच्छेदबमोजिम अदालती शुल्क नलिने काम सम्झनुपर्छ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उजुरीको व्यहोरा झुट्टा ठहरेमा सो उजुर गर्ने व्यक्तिलाई जति अदालती शुल्क बढी लियो वा तोक्यो भन्ने दाबी लिएको हो त्यस्तो अङ्कको पन्ध्र प्रतिशतको दरले जरिबाना गर्नुपर्ने छ।

**दफा ८०. घटी अदालती शुल्क लिए वा बुझाएबापत जरिबाना हुनेः** (१) कसैले घटी अदालती शुल्क बुझाउने मनसायले मूल्य वा बिगो घटाएको छ भन्ने लागेमा सरोकारवाला पक्षले मुद्दा रहेको अदालतमा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको उजुरी जाँचबुझ गर्दा वा त्यसरी उजुरी प्राप्त नभए पनि अदालतबाटै मिसिल जाँचबुझ गर्दा घटी अदालती शुल्क दाखिला गराउने मनसायले मूल्य वा बिगो घटाएको देखिएमा अदालतले त्यस्तो पक्षलाई घटाएको अदालती शुल्कको पन्ध्र प्रतिशत जरिबाना गरी नपुग अदालती शुल्क दाखिला गर्न लगाउनुपर्ने छ।

(३) उपदफा (१) बमोजिम परेको उजुरी जाँचबुझ गर्दा झुट्टा ठहरेमा त्यस्तो उजुरीकर्तालाई निजले नपुग अदालती शुल्क भनी दाबी लिएको अङ्कको पाँच प्रतिशत जरिबाना हुनेछ।

(४) अदालतको कर्मचारीले जानीजानी लिनुपर्नेभन्दा कम अदालती शुल्क लिएको कुरा कसैको उजुरी परी वा अन्य कुनै तवरबाट देखिएमा निजउपर कानूनबमोजिम विभागीय कारबाही हुनेछ।

(५) उपदफा (४) बमोजिम घटी अदालती शुल्क लिएको मुद्दाको अन्तिम फैसला भइसकेको वा त्यस्तो मुद्दामा पुनरावेदन गर्ने म्याद समाप्त भइसकेको रहेछ र त्यस्तो अदालती शुल्क सम्बन्धित पक्षबाट असुलउपर हुन नसकेमा त्यस्तो अदालती शुल्कको बिगो त्यसरी कम लिने कर्मचारीबाट असुल गरिनेछ।

**दफा ८१. अदालती शुल्क जफत हुनेः** अदालती शुल्क लागेको मुद्दामा बादी वा पुनरावेदकले मुद्दा हारेमा वा मुद्दा पुनरावलोकन गरी वा दोहोर्‍याई पाउँ भनी परेको निवेदनउपर कारबाही हुँदा पहिलाको फैसला सदर भएमा निजले दाखिला गरेको अदालती शुल्क जफत हुनेछ।

**दफा ८२. मुद्दा मिलापत्र, डिसमिस वा खारेज भएमा गर्नेः** (१) अदालती शुल्क पूरै बुझाइ दर्ता भएको मुद्दामा मिलापत्र गर्दा मिलापत्रबापत सुरु तहको अदालतमा प्रमाण बुझ्नुअघि भए पच्चिस प्रतिशत र त्यसपछि जुनसुकै अवस्था र तहमा मिलापत्र गर्दा आधा अदालती शुल्क लिई बाँकी अदालती शुल्क बादी, पुनरावेदक वा सम्बन्धित पक्षलाई फिर्ता गर्नुपर्ने छ।

(२) अदालती शुल्क पूरै वा केही पछि लिने गरी दर्ता भएको मुद्दामा मिलापत्र गर्दा अदालतले उपदफा (१) बमोजिम लाग्ने अदालती शुल्क बादी वा पुनरावेदकबाट लिएर मात्र मिलापत्र गर्नुपर्ने छ।

(३) अदालती शुल्क पूरै बुझाइ दर्ता भएको मुद्दा डिसमिस वा खारेज भएमा बादी वा पुनरावेदकलाई कुनै सजाय गरिने छैन।

(४) कुनै मुद्दा डिसमिस वा खारेज भएमा त्यस्तो मुद्दाका लागि बुझाएको अदालती शुल्क फिर्ता हुने छैन।

(५) पूरै वा केही अदालती शुल्क पछि बुझाउने गरी दर्ता भएको मुद्दा डिसमिस वा खारेज भएमा बादी वा पुनरावेदकबाट बाँकी अदालती शुल्क असुलउपर गरिनेछ।

तर मुद्दा खारेज भएको हकमा फिरादपत्रको लेखाइबाटै दर्ता हुन नसक्ने फिरादपत्र दर्ता भएको देखिएमा त्यस्तो मुद्दामा लिइएको अदालती शुल्क फिर्ता हुनेछ।

(६) कानूनको रित पुऱ्याई मिलापत्र, डिसमिस वा खारेज भएको मुद्दा पक्षको उजुरीबाट कुनै प्रकारले जागी पुनः कारबाही हुने भएमा जसको उजुरीबाट मुद्दा पुनः कारबाही हुने भएको हो निजले मुद्दा रहेको अदालतमा यस परिच्छेद बमोजिम लाग्ने अदालती शुल्क पुनः दाखिल गर्नुपर्ने छ।

**दफा ८३. अदालती शुल्क भराइ दिनेः** (१) अदालती शुल्क लागेको मुद्दामा जित्ने पक्षले बुझाएको अदालती शुल्क हार्ने पक्षबाट फैसलाबमोजिम भराइ लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अदालती शुल्क भराउँदा एक जनाभन्दा बढी प्रतिबादी वा पुनरावेदक भए जति जनाबाट जतिका दरले बिगो भरिपाउने ठहर्छ त्यस्तो बिगोको हिसाबले, हकदाबी छाड्नु छुटाउनुपर्ने कुरामा जति जनाबाट जति हकदाबी छाड्नु छुटाउनुपर्ने हो त्यति नै जनाबाट सोही हिसाबले र अन्य अवस्थामा हार्ने जति प्रतिबादी वा प्रत्यर्थी छन् त्यति जनाबाट समानुपातिक हिसाबले अदालती शुल्क भराइ दिनुपर्ने छ।

(३) केही वा पूरै अदालती शुल्क नराखी फिरादपत्र दर्ता भएको अवस्थामा बादी वा पुनरावेदकले जिते लाग्ने ठहरिएको अदालती शुल्क अर्को पक्षबाट दण्ड जरिबाना सरह असुलउपर गर्नुपर्ने छ।

(४) बादी वा पुनरावेदकले एकभन्दा बढी विषयमा दाबी गरेकोमा जति विषयमा दाबी पुग्ने ठहर्छ त्यतिका हिसाबले मात्र लाग्ने अदालती शुल्क अर्को पक्षबाट भराइ लिन पाउनेछ।

(५) केही वा पूरै अदालती शुल्क नराखी मुद्दा दायर भएकोमा बादी वा पुनरावेदकले मुद्दा हारेमा लाग्ने अदालती शुल्क निजहरूबाटै असुल गरिनेछ।

(६) यस दफाबमोजिम बादी वा पुनरावेदकले अदालती शुल्क भरिपाउने फैसला भएकोमा सो भरी नपाउदै प्रतिबादी वा प्रत्यर्थीको मृत्यु भएमा त्यस्तो अदालती शुल्क निजको अपुताली खानेबाट भराइ लिन पाउनेछ।

(७) पुनरावेदन वा पुनरावलोकन गरी वा मुद्दा दोहोऱ्याई पाउँ भन्ने मुद्दा फैसला हुँदा पुनरावेदक वा निवेदकले आंशिक वा पूर्ण रूपमा जितेमा निजले जिते जतिमा लाग्ने ठहरिएको अदालती शुल्क प्रत्यर्थीबाट भराइ लिन पाउनेछ।

**दफा ८४. अदालती शुल्कलाई प्राथमिकता दिई भराउनुपर्नेः** फैसलाबमोजिम बिगो, दण्ड, जरिबाना, अदालती शुल्क लगायत अन्य दस्तुर वा शुल्क भराउँदा वा लिँदा अदालतले पहिले अदालती शुल्क भराउनु वा लिनुपर्ने छ।

**ग. देवानी मुद्दाको फैसला कार्यान्वयन गर्ने सम्बन्धी व्यवस्था :**

**मुलुकी देवानी कार्यविधि संहिता, २०७४ अन्तर्गतका व्यवस्थाहरू**

**१. बिगो भराउने**

**दफा २४२. बिगो भराउने कार्यविधिः** (१) फैसलाबमोजिम बिगो भराइ लिने सिलसिलामा बिगो भरिपाउने पक्ष दफा २३५ बमोजिम तारिखमा रहेमा अदालतले त्यस्तो पक्षले बिगो भराइ लिन चाहे वा नचाहेको विषयमा कागज गराउनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम कागज गराउँदा बिगो भराइ लिन पाउने पक्षले बिगो भराइ लिन नचाहेमा त्यसरी बिगो नलिएको कारणबाट सृजना हुने परिणामसमेत बुझाइ अदालतले त्यसै दिन फैसला कार्यान्वयनसम्बन्धी विषय अन्त्य गरी बिगोको लगत कट्टा गर्नुपर्ने छ।

(३) उपदफा (१) बमोजिम कागज गराउँदा बिगो भरिपाउनेले बिगो भराइ लिन चाहेमा र बिगो भराइदिने पक्ष तारिखमा रहेको भए अदालतले निजलाई फैसलाबमोजिम तिर्नुपर्ने बिगो बुझाउनको लागि बढीमा पैंतिस दिनसम्मको समय दिनुपर्ने छ।

(४) उपदफा (३) बमोजिम दिइएको समयभित्र बिगो बुझाउने पक्षले नगद, बैङ्कले जारी गरेको गुड फर पेमेन्ट चेक वा अन्य कुनै माध्यमबाट बिगोबमोजिमको रकम अदालतमा दाखिला गर्नुपर्ने छ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिगो बुझाउने पक्षले बिगोबापतको रकम आफ्नो कुनै सम्पत्तिबाट असुल गर्न अदालतसमक्ष अनुरोध गर्न सक्नेछ।

(६) बिगो बुझाउने पक्ष अदालतमा हाजिर नभएमा वा उपस्थित भएपनि उपदफा (३) बमोजिमको समयभित्र बिगोबापत रकम नबुझाएमा, उपदफा (५) बमोजिम सम्पत्ति नदेखाएमा वा त्यसरी देखाएको सम्पत्तिबाट बिगो भराउन सम्भव नभई बिगो भराइ पाउनेले मञ्जुर नगरेमा निजले बिगो भरिपाउने पक्षले बिगो बुझाउने पक्षको अन्य सम्पत्ति देखाइ त्यस्तो सम्पत्तिबाट बिगो भरिपाउन अदालतसमक्ष निवेदन दिन सक्नेछ।

(७) यस दफाबमोजिम बिगो असुल गर्दा कुनै सम्पत्ति रोक्का राख्नुपर्ने भएमा अदालतले त्यस्तो सम्पत्ति रोक्का राखी आवश्यकताअनुसार सो सम्पत्ति लिलाम बिक्रीसमेत गरी बिगो भराइ दिनुपर्ने छ।

(८) उपदफा (७) बमोजिम सम्पत्ति लिलाम बिक्री गर्दा बिगोभन्दा बढी रकम प्राप्त भएमा अदालतले त्यसरी बढी रकम बिगो बुझाउने पक्ष उपस्थित भए निजलाई तुरुन्त फिर्ता गर्नुपर्ने छ।

(९) उपदफा (८) बमोजिम सम्बन्धित पक्षले रकम बुझी नलिएमा अदालतले त्यस्तो रकम धरौटी खातामा जम्मा गर्नुपर्ने छ।

(१०) उपदफा (९) बमोजिम धरौटी खातामा रकम जम्मा भएको एक वर्षभित्र सम्बन्धित व्यक्तिले रकम लिन नआएमा त्यस्तो रकम सरकारी आम्दानीमा बाँधिने छ।

(११) बिगो भरिदिनुपर्ने सम्पत्ति अर्को जिल्लामा रहेको भए अदालतले बिगो भराउन सम्बन्धित अदालतमा लेखी पठाउनुपर्ने छ।

(१२) उपदफा (११) बमोजिम लेखिआएमा सम्बन्धित अदालतलेसमेत यस दफाबमोजिम बिगो भराइ सोको जानकारी त्यस्तो अदालतलाई दिनुपर्ने छ।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिगो भरिपाउने व्यक्तिले बिगो बुझाउनुपर्ने व्यक्तिबाट सम्पत्ति दबाए लुकाएको पत्ता लगाई निज जीवित छँदै ल्याएमा अदालतले त्यस्तो सम्पत्ति लिलाम बिक्री गरी निजले पाउने बिगोसम्मको रकम त्यस्तो व्यक्तिलाई बुझाइ दिनुपर्ने छ।

(१४) यस दफाबमोजिम बिगो भराइ दिएबापत अदालतले त्यस्तो बिगोको तीन प्रतिशत दस्तुर बिगो पाउने व्यक्तिबाट लिनुपर्ने छ।

(१५) यस दफाबमोजिम कुनै व्यक्तिको बिगो भराउने सम्बन्धमा बिगो भराइ दिनुपर्ने पक्षले पूरै वा नपुग बिगो कुनै बाणिज्य बैङ्कको बैङ्क जमानतपत्र दाखिल गरी किस्ताबन्दीमा बुझाउने सुविधा पाउन अदालतमा निवेदन दिएमा र त्यसमा बिगो भरिपाउने सम्बन्धित पक्षको मञ्जुरी भएमा अदालतले किस्ताबन्दीमा त्यस्तो बिगो भराइदिन सक्नेछ।

## २. चलन चलाउने

**दफा २३८. चलन चलाउने कार्यविधिः** (१) फैसलाबमोजिम अदालतले चलन चलाई दिएबापत चलन चलाउने सम्पत्तिको बिगो खुलेको भए बिगोको तीन प्रतिशत र बिगो नखुलेको भए एक हजार रुपैया चलन पाउनेले डोर खटाउनुअघि अदालतमा दाखिला गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम चलन चलाई पाउने व्यक्तिले रकम बुझाएमा अदालतले रकम बुझाएकै दिन चलन चलाउने डोर खटिने दिन तोकी त्यसको सूचनासहित पक्षहरूलाई चलन चलाउने ठाउँमा हाजिर हुने गरी तारिख तोक्नुपर्ने छ र चलन चलाई दिनुपर्ने पक्ष तारिखमा नरहेको भएमा अदालतले त्यस कुराको सूचना सात दिनभित्र त्यस्तो पक्षलाईसमेत दिनुपर्ने छ।

(३) उपदफा (२) बमोजिम तारिख तोक्दा वा सूचना दिदा चलन चलाई दिनुपर्ने सम्पत्ति घर वा जग्गा भएमा त्यस्तो घर वा जग्गा सात दिनभित्र खाली गर्न सूचनासमेत दिनुपर्ने छ।

(४) चलन चलाई दिनुपर्ने सम्पत्ति मुद्दाका पक्षबाहेक अन्य व्यक्तिको भोग वा कब्जामा भए अदालतले त्यस्तो व्यक्तिलाई समेत डोर खटी जाने ठाउँमा उपस्थित हुन सूचना गर्नुपर्ने छ।

(५) उपदफा (२) बमोजिम तोकिएको दिनमा अदालतले डोर खटाई त्यस्तो सम्पत्ति फैसला बमोजिम चलन चलाई दिनुपर्ने छ।

(६) फैसलाबमोजिम चलन चलाई दिनुपर्ने कुनै घर वा जग्गाको दिशा वा तर्फ नखुलेको भए अदालतले पक्षहरूलाई रोहबरमा राखी नरम गरम मिलाई छुट्याई गोला हाली त्यस्तो घर वा जग्गा चलन चलाई दिनुपर्ने छ।

(७) अदालतले यस दफाबमोजिम चलन चलाउदा हाजिर भएसम्मका चलन चलाई दिने र पाउने पक्ष वा निजका प्रतिनिधिको रोहबरमा स्थानीय तहका प्रतिनिधि र कम्तीमा दुई जना साक्षी राख्नुपर्ने छ।

(८) चलन चलाई दिनुपर्ने व्यक्ति वा अरु कसैले चलन चलाउन बाधा विरोध गरेमा अदालतले आवश्यकताअनुसार बल प्रयोग गरी चलन चलाई दिनुपर्ने छ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले चलन चलाई दिनुपर्ने घर वा पसलभित्र कुनै सम्पत्ति राखी ताल्चा मारी राखेकोमा चलन चलाई दिनुपर्ने घर वा पसल भोग वा कब्जा गर्ने व्यक्ति हाजिर भए खोल्न लगाई चलन चलाई दिनु पर्ने छ र त्यस्तो व्यक्ति हाजिर नभएमा सात दिनभित्र त्यस्तो

घर वा पसलमा लागेको ताल्चा खोली दिनको लागि त्यस्तो चलन चलाउनुपर्ने घर वा पसलको ढोकामा अनुसूची– २५ बमोजिमको ढाँचामा सूचना टाँस गर्नुपर्ने छ।

(१०) उपदफा (९) बमोजिमको म्यादभित्र सम्बन्धित व्यक्तिले घर वा पसलको ताल्चा नखोलेमा त्यस्तो म्याद नाघेपछि अदालतले यथाशीघ्र त्यस्तो ताल्चा खोली सो घर वा पसल चलन चलाई दिनुपर्ने छ।

(११) यस दफाबमोजिम चलन चलाउने सिलसिलामा घर वा पसलभित्र कुनै सम्पत्ति फेला पारेमा उसै बखत अदालतले त्यस्तो सम्पत्तिको विवरण तयार गरी त्यस्तो सम्पत्ति आफ्नो नियन्त्रणमा लिन सक्नेछ।

(१२) उपदफा (११) बमोजिम नियन्त्रणमा लिएको सम्पत्ति सम्बन्धित व्यक्तिलाई पैंतिस दिनभित्र फिर्ता लिन आउने बारेको सात दिने सूचना त्यस्तो घर वा पसल रहेको ठाउमा टास गर्नुपर्नेछ र त्यसरी दिएको म्यादभित्र पनि त्यस्तो सम्पत्ति लिन नआएमा अदालतले त्यस्तो सम्पत्ति लिलाम बिक्री गरी प्राप्त रकम सम्बन्धित व्यक्तिलाई तत्काल बुझाइ दिनुपर्ने छ।

(१३) उपदफा (१२) बमोजिम सम्पत्ति लिलाम बिक्री भई प्राप्त भएको रकम सम्बन्धित व्यक्तिले तत्काल नबुझेमा अदालतले त्यस्तो रकम धरौटी खातामा जम्मा गर्नुपर्ने छ।

(१४) उपदफा (१३) बमोजिम धरौटी खातामा रकम जम्मा भएको एक वर्षभित्र सम्बन्धित व्यक्तिले रकम बुझ्न आएमा अदालतले दश प्रतिशत रकम कटाई बाँकी रकम त्यस्तो व्यक्तिलाई फिर्ता गर्नुपर्ने छ।

(१५) उपदफा (१४) बमोजिमको अवधिभित्र सम्बन्धित व्यक्तिले त्यस्तो रकम फिर्ता लिन नआएमा अदालतले त्यस्तो रकम सरकारी कोषमा जम्मा गर्नुपर्ने छ।

(१६) अदालतबाट एकपटक चलन चलाई दिएको सम्पत्ति चलन नछाडी कसैले खिचोला गरेमा अदालतले खिचोला गरेको पटकैपिच्छे पच्चिस हजार रुपैयासम्म जरिबाना वा तीन महिनासम्म कैद गरी पहिले चलन चलाई दिएको सम्पत्ति फैसला बमोजिम पुनः चलन चलाई दिनु पर्नेछ र त्यस प्रयोजनको लागि छुट्टै फिराद दिनुपर्ने छैन। त्यसरी चलन चलाई दिएबापत थप दस्तुर लाग्ने छैन।

(१७) चलन चलाउने सम्पत्ति अन्य इलाकाको भए अदालतले चलन चलाउन सम्बन्धित पक्षलाई तारिख तोकी मिसिलसहित त्यस्तो इलाकाको जिल्ला अदालतमा पठाउनु पर्ने छ।

(१९) यस दफाबमोजिम अदालतबाट चलन चलाई दिइसकेपछि अदालतले सोको निस्सा चलन पाउने पक्षलाई दिनुपर्ने छ।

(२०) अदालतले पक्षहरू अदालतमा हाजिर भएको छ महिनाभित्र चलन चलाई दिइसक्नुपर्ने छ।

(२१) चलन चलाउँदा लागेको वास्तविक खर्च सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ।

(२२) चलन चलाई पाउने पक्षले फैसलाबमोजिम चलन चलाइ पाउन माग गरे सोहीबमोजिम चलन चलाई दिनुपर्ने छ।

तर कानूनबमोजिम कित्ताकाट हुन नसकी बण्डा वा चलन चलाउन नसकिने क्षेत्रफलको जग्गा वा भौतिक संरचना भएमा अदालतले दुवै पक्षको सहमतिमा मूल्य कायम भएमा सहमति भए सोहीबमोजिमको मूल्य र त्यसरी सहमति नभएमा पञ्चकिर्ती मूल्य कायम गरी वा लिलाम बिक्री गरी चलन पाउने पक्षलाई त्यस आधारमा चलन चलाई दिनुपर्ने छ।

त्यसरी चलन चलाउँदा कुनै पक्षले नगदै बुझाउन चाहेमा नगदै बुझाइ दिनुपर्ने छ।

(२३) कसैले अन्य व्यक्तिको जग्गा मिची भौतिक संरचना निर्माण गरेको वा बनाएको ठहर भई चलन चलाउनु पर्दा त्यस्तो संरचना भत्काउनुपर्ने छ र त्यसबापतको खर्च त्यसरी मिची भौतिक संरचना निर्माण गर्ने वा बनाउने ब्यक्तिले ब्यहोर्नु पर्नेछ।

(२४) उपदफा (२३) बमोजिमको संरचना नभत्काई क्षतिपूर्ति लेनदेन गर्न पक्षहरू सहमत भए सोही बमोजिम र संरचना नभत्काउने कुरामा सहमत भए पनि क्षतिपूर्ति रकममा सहमति हुन नसकेमा पञ्चकिर्ती मूल्य कायम गरी त्यस्तो मूल्यमा पच्चिस प्रतिशत थप रकम चलन चलाई पाउने पक्षलाई भराइ दिनुपर्ने छ।

## ३. दाखिल, खारेज, नामसारी गर, निखन्ने र अंश छुट्याउने सम्बन्धी कार्यविधि

**दफा २३९. दाखिल, खारेज, नामसारी गर्ने कार्यविधिः** (१) फैसलाबमोजिम दाखिल खारेज, नामसारी गर्ने सिलसिलामा त्यस्तो गरी लिने पक्ष दफा २३५ बमोजिम तारिखमा रहेमा अदालतले फैसला कार्यान्वयन गर्ने प्रयोजनको लागि दाखिल, खारेज, नामसारी गरीदिने कार्यालयका नाममा त्यसको विवरणको व्यहोरा लेखी पक्षलाई समेत सोही कार्यालयमा एक्काइस दिनभित्र हाजिर हुन पठाउनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम अदालतबाट लेखीआएमा र सम्बन्धित पक्ष कार्यालयमा हाजिर भएमा त्यस्तो कार्यालयले पनि फैसलाबमोजिम तीन दिनभित्र दाखिल, खारेज, नामसारी गरिदिनुपर्ने छ।

(३) उपदफा (१) बमोजिमको म्याद नाघेपछि कुनै पक्ष दाखिल, खारेज, नामसारीको लागि सम्बन्धित कार्यालयमा हाजिर भएमा त्यस्तो कार्यालयले प्रत्येक वर्षको लागि पाँच सय रुपैयाँ दस्तुर लिई फैसलाबमोजिम दाखिल, खारेज, नामसारी गरी दिनुपर्ने छ।

**दफा २४०.** निखन्नेसम्बन्धी कार्यविधिः (१) फैसलाबमोजिम निखनाई लिने दिने सिलसिलामा कुनै पक्ष दफा २३५ बमोजिम तारिखमा रहेमा अदालतले फैसलाबमोजिम निखनी लिन पाउने सम्पत्ति निखनी लिन वा धरौटी रहेको रकम बुझिलिन त्यस्तो पक्षलाई तारिख तोकी रकम धरौटी रहेको कार्यालयमा पठाउनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम निखनी लिने दिने दुवै पक्षहरू कार्यालयमा हाजिर हुन आएमा कार्यालयले धरौटी रहेको रकम निखनी दिनुपर्ने व्यक्तिलाई सात दिनभित्र बुझाइ त्यस्तो सम्पत्तिको लिखत र भरपाई निखनी लिनेलाई बुझाइ दिनुपर्ने छ।

(३) उपदफा (१) बमोजिम निखनी दिने व्यक्ति मात्र कार्यालयमा हाजिर भएमा कार्यालयले उपदफा (२) बमोजिम निजलाई रकम बुझाई त्यस्तो रकम बुझाएको भरपाईसमेतका कागजात निखनी लिने व्यक्ति हाजिर भएका बखत निजलाई बुझाइ दिनुपर्ने छ।

(४) उपदफा (१) बमोजिम निखनी लिने व्यक्ति मात्र कार्यालयमा हाजिर हुन आएमा कार्यालयले फैसलाबमोजिम निखनाई दिई रकम बुझाएको भरपाईसमेतका कागजात निजलाई बुझाइ दिनुपर्ने छ।

(५) यस दफाबमोजिम कार्यालयबाट निखनाई दिएकोमा निखनाई दिएको मितिले पैंतिस दिनभित्र निखनाई दिनुपर्ने व्यक्तिले धरौटी रहेको रकम बुझी लिनुपर्ने छ।

(६) उपदफा (५) बमोजिमको म्याद नाघेपछि निखनाई दिनुपर्ने व्यक्ति धरौटी रकम बुझिलिन आएमा कार्यालयले एक वर्षभित्र भए धरौटी रकमको तीन प्रतिशत र तीन वर्षभित्र भए पाँच प्रतिशत थप रकम कट्टा गरी सात दिनभित्र धरौटी रकम फिर्ता गर्नुपर्ने छ।
(७) उपदफा (६) बमोजिमको अवधिभित्र पनि निखनाई दिनुपर्ने व्यक्ति धरौटी रकम लिन नआएमा कार्यालयले त्यस्तो धरौटी रकम सरकारी आम्दानीको रूपमा सरकारी कोषमा जम्मा गर्नुपर्ने छ।

**दफा २४१. अंश छुट्याउने कार्यविधिः** (१) फैसलाबमोजिम अंश छुट्याई दिने सिलसिलामा पक्षहरू दफा २३५ बमोजिम तारिखमा रहेको भए अदालतले छ महिनाभित्र अंश छुट्याई बण्डा गरीदिनुपर्ने छ।
(२) एक जनाभन्दा बढी अंशियारलाई अंश छुट्याई दिने गरी फैसला भएकोमा कुनै अंशियार हाजिर नभएमा अदालतले हाजिर नहुने अंशियारको नाममा अनुसूची-२६ बमोजिमको ढाँचामा पन्ध्र दिने म्याद पठाउनुपर्ने छ।
(३) उपदफा (२) बमोजिमको म्यादभित्र सम्बन्धित अंशियार हाजिर हुन आएमा अदालतले सबै अंशियारलाई राखी अंश छुट्याई दिनुपर्ने छ।
(४) उपदफा (२) बमोजिमको म्यादभित्र अंश पाउने सबै अंशियार हाजिर हुन नआएमा अदालतले हाजिर नहुने अंशियारको भाग छुट्याई हाजिर हुने अंशियारको बण्डा छुट्याई दिनुपर्ने छ।
(५) उपदफा (४) बमोजिम बण्डा छुट्याइएकोमा म्यादभित्र हाजिर नहुने व्यक्तिले बण्डा गरेको वा असल कमसल वा घटी बढी भन्ने कुरामा नालिस गर्न पाउने छैन।
(६) डोर खटाई अंश छुट्याउनुपर्ने भए अदालतले कर्मचारी पठाइ बण्डा छुट्याई दिनुपर्ने छ।
(७) यस दफाबमोजिम बण्डा छुट्टाउने सिलसिलामा फैसलाबमोजिम अंश दिने वा फाँटवारीबमोजिमको सम्पत्ति जिम्मा राख्ने अंशियार, निजका प्रतिनिधि वा एकाघरका उमेर पूरा गरेका अन्य व्यक्तिले फाँटवारीबमोजिमको बण्डा गर्नुपर्ने सम्पत्ति देखाउनुपर्ने छ।
(८) अंश दिने वा जिम्मा राख्ने व्यक्ति फेला नपरेमा वा एकाघरका उमेर पूरा गरेका व्यक्तिले फाँटवारीबमोजिमको सबै सम्पत्ति देखाउन नसकेमा अंश दिने र जिम्मा राख्नेलाई बाटाको म्यादबाहेक पन्ध्र दिनभित्र अदालतमा हाजिर हुन आउन अनुसूची-२७ बमोजिमको ढाँचामा म्याद दिनु पर्ने छ।
(९) उपदफा (८) बमोजिमको म्यादभित्र अंश दिने वा सम्पत्ति जिम्मा राख्ने व्यक्ति अदालतमा हाजिर नभएमा वा हाजिर भए पनि बण्डा गर्नुपर्ने सम्पत्ति नदेखाएमा अदालतले स्थानीय तहको सदस्य वा प्रतिनिधि र कम्तीमा दुई जना व्यक्ति साक्षी राखी कुनै सम्पत्ति बन्द गरेको भए सो खुला गरी फाँटवारी बमोजिम अंशबण्डा गरिदिनुपर्ने छ।
(१०) उपदफा (२) वा (८) बमोजिमको म्यादभित्र पक्षहरू हाजिर हुन नआएमा त्यस्तो म्याद नाघेको तीन दिनभित्र अदालतले फैसलाबमोजिम अंश छुट्याई बण्डा गर्ने कार्य प्रारम्भ गर्नुपर्ने छ।
(११) उपदफा (८) बमोजिम दिइएको म्यादपछि कुनै पक्ष अदालतमा हाजिर हुन आएमा र त्यस बखत अंशबण्डा गर्ने कार्य समाप्त नभएको भए अदालतले निजलाई समेत राखी फैसलाबमोजिम अंश छुट्याई दिनुपर्ने छ।
(१२) बण्डा गर्दा फाँटवारीबमोजिमको सबै सम्पत्ति दुरुस्त नदेखिएमा नपुग जति सम्पत्तिको बिगो कायम गराइ अंश दिने वा सम्पत्ति जिम्मा राख्नेको अंशबाट सोधभर्ना गराइ दिनुपर्ने छ। त्यसरी सोधभर्ना गर्दा पनि

अंश नपुगेमा नपुग भएको जति बिगोबापत त्यस्तो व्यक्तिको हक भोगको अन्य सम्पत्तिबाट अंश पाउनेलाई भराइ दिनुपर्ने छ।

(१३) बण्डा छुट्याउँदा अंश पाउने व्यक्ति वा निजका एकाघरका उमेर पुगेको व्यक्तिले आफ्नो भागको अंश बुझी लिएन र सडिगली जाने कुनै सम्पत्ति भएमा अदालतले त्यस्तो सम्पत्ति लिलाम बिक्री गर्नुपर्ने छ। त्यसरी लिलाम बिक्रीबाट प्राप्त रकम पछि बुझी लिन आएमा अदालतले त्यस्तो रकममध्ये दश प्रतिशत रकम कट्टा गरी बाँकी रकम निजलाई फिर्ता गरीदिनुपर्ने छ।

(१४) धेरै अंशियार भएको कारणले बण्डा गर्नुपर्ने सम्पत्ति बण्डा गर्दा सबै अंशियारले समान रूपमा उपभोग गर्न नमिल्ने वा त्यस्तो सम्पत्ति बण्डा गर्दा घर, जग्गा वा जिन्सी सम्पत्तिको रुप परिवर्तन भई प्रयोग गर्न नमिल्ने भएमा त्यस्तो सम्पत्तिको अंशियारहरूबिचको सहमतिले कुनै मूल्य कायम भएमा त्यस्तो मूल्यमा र मूल्यमा सहमति नभएमा पञ्चकिर्ती मूल्यमा कुनै अंशियारले लिन सक्ने गरी बण्डा गरिनेछ।

(१५) उपदफा (१४) बमोजिम कायम भएको मूल्यमा एकभन्दा बढी अंशियारले लिन चाहेमा गोला प्रणालीबाट निर्धारित अंशियारले लिन सक्ने गरी बण्डा गरिनेछ।

(१६) उपदफा (१४) वा (१५) बमोजिम बण्डा हुन नसकेमा मुद्दाका पक्षको अतिरिक्त अन्य व्यक्तिको समेत सहभागिता रहने गरी लिलाम गरी सोबाट प्राप्त भएको रकम फैसलाअनुसार अंशियारहरूलाई बण्डा गरिदिनुपर्ने छ।

(१७) अंशबण्डा छुट्याउन अंश पाउने व्यक्तिहरूबिच बण्डा गर्नुपर्ने सम्पत्तिका विषयमा सहमति कायम हुन नसकेमा अदालतले त्यस्तो सम्पत्ति नरम गरम मिलाई गोला हाली बण्डा छुट्याई दिनुपर्ने छ।

(१८) कसैले फाँटवारीमा उल्लेख भएको आफ्नो जिम्माको सम्पत्ति नदेखाएमा वा दाखिला नगरेमा सो नदेखाएको वा दाखिला नगरेको सम्पत्तिको बिगोको सयकडा पाँच प्रतिशत जरिबाना गर्नुपर्ने छ।

(१९) बादीले अंश पाउने ठहरी अन्तिम फैसला भएको मुद्दामा अन्य प्रतिबादी अंशियारले पनि आफ्नो अंश छुट्याई लिन दरखास्त दिएमा कानूनबमोजिम लाग्ने अदालती शुल्क लिई फैसलाबाट ठहरेबमोजिमको सम्पत्तिबाट अंश छुट्याई दिलाइ दिनुपर्ने छ।

(२०) यस दफाबमोजिम अंशबण्डा गर्नुपर्ने अचल सम्पत्ति अर्को जिल्लामा पनि रहेछ भने अदालतले त्यस्तो सम्पत्ति बण्डा गर्न सम्बन्धित अदालतमासमेत लेखी पठाउनुपर्ने छ।

(२१) उपदफा (२०) बमोजिम लेखीआएमा सम्बन्धित अदालतले समेत यस दफाबमोजिम त्यस्तो सम्पत्तिको बण्डा छुट्याई दिई सोको जानकारी त्यस्तो अदालतलाई दिनुपर्ने छ।

(२२) अदालतमा मुद्दा विचाराधीन रहेको वा त्यस्तो मुद्दामा फैसला भई कार्यान्वयन नहुँदै अंशबण्डा गर्नुपर्ने सम्पत्ति कसैले हस्तान्तरण गरेमा वा नयाँ अंशियार थपिन आएमा वा अंशियार घटेमा त्यसको प्रयोजनको लागि पुनः फिरादपत्र दिइरहनु पर्ने छैन र त्यस्तो अवस्थामा अदालतमा निवेदन दिएमा त्यस्तो निवेदनको सत्यतामा जाँचबुझ गरी अंशबण्डा छुट्याउनुपर्ने छ।

(२३) यस दफाबमोजिम अंशबण्डा गरी छुट्याई दिंदा त्यसरी बण्डा छुट्याईएको सम्पत्तिको दुई दशमलव पाँच प्रतिशतका दरले दस्तुर लाग्नेछ।

**घ. दसीको मालसामान सम्बन्धमा**

देहायको विषय तपसिल खण्डमा उल्लेख हुनुपर्दछ :

- कुनै स्थानबाट बरामद भएको दसीको सामान कसुर ठहर भएमा सो जफत गर्ने र लिलाम हुने भए लिलाम गरी आम्दानी राजस्वमा दाखेल गर्नु भन्ने,
- कसुर ठहर नभएमा सम्बन्धित पक्षलाई फिर्ता दिनु भन्ने,
- समय किटान गरी सूचना दिँदा फिर्ता लिन नआएमा लिलाम गरी राजस्वमा पठाउने र लिलाम नहुने भएमा सडाउनु भन्ने,
- कसुर ठहर भएकामा दसीको सामान जफत हुने भएकोमा लिलाम नहुने सामानहरू सडाउनु वा सम्बन्धित निकायमा पठाउनु भन्ने।

**जिल्ला अदालत नियमावली, २०७५**

**नियम ९२. मुद्दामा पेश भएका मालसामान लिलाम गर्ने कार्यविधि** : (१) दशीको रुपमा वा अदालतमा मद्दामा

पेश भएका मालसामान मालधनीलाई फिर्ता दिन मिल्ने भएमा त्यस्तो सामान फिर्ता लिन आउन सात दिने सूचना दिनुपर्ने छ।

(२) उपनियम (१) बमोजिम सूचना दिँदा फिर्ता दिन नआएमा त्यस्ता मालसामान वा मालधनी पत्ता नलागेका मालसामान वा अदालतको अन्तिम फैसला जफत हुने ठहरेका मालसामान जिल्ला न्यायाधीशको अनुमति लिई तहसिलदारले लिलाम बिक्री गर्नुपर्ने छ।

(३) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्नुपर्ने मालसामान मेसीनरी औजार वा सवारी साधन भएमा त्यस्तो मालसामान लिलाम बिक्रीपछि दर्ता, नामसारी, हस्तान्तरण वा दाखिल खारेज हुन सक्ने नसक्ने विषयमा सम्बन्धित निकायमा लिलाम गर्नुपुर्व बुझी यकिन गर्नुपर्ने छ।

(४) उपनियम (३) बमोजिम बुझ्दा सम्बन्धित निकायले त्यस्तो मानसामान दर्ता, नामसारी, हस्तान्तरण वा दाखिल खारेज हुन नसक्ने भनी लेखी पठाएमा न्यायाधीशको अनुमति लिई लिलाम गर्न उपनियम (५) बमोजिमको समितिबाट त्यस्तो मालसामानको पर्ने मूल्य (स्क्रयाप भेल्यू) कायम गरी मूल्याङ्कन गराइ पुनः साविकको रुपमा प्रयोग नगर्ने शर्तमा लिलाम बिक्री गर्न सकिनेछ।

### ङ. रोक्का फुकुवा गर्ने सम्बन्धमा

- कुनै निश्चित चल अचल सम्पत्तिबाट दिलाउनु भराउनु वा भागबन्डा गराउनुपर्ने ठहर भएकोमा त्यस्तो सम्पत्ति रोक्का राखेको विवरण उल्लेख गर्नुपर्छ।
- मुद्दाको कारवाहीको सिलसिलामा चल अचल सम्पत्ति रोक्का राखिएकोमा मुद्दा फैसला हुँदा सफाइ पाएकोमा फुकुवा गरिदिनु भन्ने ब्यहोरा उल्लेख गर्नुपर्दछ।

### च. धरौटी, दण्ड, जरिबाना, कोर्ट फी, रोक्का वा सर्वस्व जायजात, जिन्सी, धरौटी वा कुनै सम्पत्ति वा सो लिलाम बिक्री

- फैसलाले फिर्ता पाउने ठहरेको धरौटी, दण्ड, जरिबाना, कोर्ट फी, रोक्का वा सर्वस्व जायजात, जिन्सी, धरौटी कुनै सम्पत्ति वा सो लिलाम बिक्री भइरहेको नगद फिर्ता लिन फैसला अन्तिम भएको

१वर्षभित्र त्यस्तो फिर्ता पाउने व्यक्ति आएन भने धरौटीमा रहेको रकम र लिलाम गर्नुपर्ने चल अचल सम्पत्ति लिलाम गरिआएको रकमसमेत सदरस्याहा गर्नुपर्छ।(जिल्ला अदालत नियमावली, २०५२ को नियम ८० को व्यवस्था)

**छ. धरौटी फिर्ता दिने**

**मुलुकी देवानी संहिता, २०७४**

**दफा २४८. अदालती शुल्क, धरौटी तथा खर्च फिर्ता लिने अवधिः** (१) यस संहितामा अन्यथा उल्लेख भएकोमा बाहेक फैसलाबमोजिम फिर्ता पाउने ठहरिएको अदालती शुल्क वा धरौटी रकम त्यस्तो फैसला अन्तिम भएको थाहा पाएको मितिले एक वर्षभित्र सम्बन्धित व्यक्तिले फिर्ता माग गरी प्रमाणसहित सम्बन्धित अदालतमा निवेदन दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम माग गरिएको रकम फिर्ता गर्नुपर्ने रहेछ भने अदालती शुल्कको हकमा त्यस्तो निवेदन प्राप्त भएको तीन महिनाभित्र र धरौटी रकम भए सात दिनभित्र फिर्ता गर्नुपर्ने छ।

(३) यस संहितामा अन्यथा उल्लेख भएकोमा बाहेक लिलाम बिक्रीबाट प्राप्त रकम लिन वा फिर्ता पाउने व्यक्तिले लिलाम बिक्री भएको मितिले छ महिनाभित्र त्यस्तो रकम बुझी लिनुपर्ने छ।

(४) उपदफा (१) वा (३) बमोजिमको म्यादभित्र सम्बन्धित व्यक्तिले अदालती शुल्क, धरौटी वा रकम बुझी नलिएमा पछि त्यस्तो रकम वा सम्पत्ति फिर्ता लिन पाइने छैन र त्यस्तो धरौटी रकम सरकारी आम्दानीमा बाँधिनेछ।

**ज. बाली रोक्का राखेकामा**

अंश वा जग्गाको स्वामित्वसम्बन्धी वा खिचोला परेको विवादमा मुद्दा चल्दाचल्दैको अवस्थामा बाली रोक्का राख्न सक्ने कानूनी व्यवस्था रहेको छ। यस्तोमा फैसला हुँदा जसको पक्षमा हक पुग्ने हो सो पक्षलाई फिर्ता दिने कुरा तपसिलमा उल्लेख हुनुपर्छ।

**झ. कैद गर्ने सम्बन्धमा**

यस सम्बन्धमा निम्न विषयमा उल्लेख हुनु जरूरी हुन्छः

- कैद जरिवानाको लगत कायम गर्दा कसलाई केबापत कति कैद जरिवाना हुने हो सो कुरा प्रष्ट उल्लेख गर्नुपर्ने।
- फैसलाले कैद हुने ठहर गरेकामा कसुरदार उपस्थित भएकामा निजलाई कहिलेदेखि कैद बसेको कायम हुने हो सोसमेत उल्लेख गरी कुन कारागारमा कति समयसम्मका लागि पठाउने हो सो समेत तपसिलमा खण्डमा उल्लेख गर्ने।
- फैसला हुँदा प्रतिवादी उपस्थित नभएकामा फरारी लगत राखी असुल हुन बाँकी कैदको लगत राखी पक्राउ गर्न प्रहरीलाई जानकारी दिने भनी तपसिलमा उल्लेख गर्ने।
- एकभन्दा बढी मुद्दा वा कसुरमा सजाय भएकोमा त्यस्तो सजाय खापिने सम्बन्धी विषयमा फैसलाको तपसिल खण्डमा स्पष्ट मार्ग निर्देशन गर्नुपर्ने।
- कैद जरिवाना दामासाही हुने वा जनही हुने भन्ने विषय तपसिल खण्डमा स्पष्ट उल्लेख गर्नुपर्ने।

### ञ. जरिबाना असुल गर्ने सम्बन्धमा

फैसला हुँदा प्रतिवादी उपस्थित भएमा असुल गर्न लेखा शाखामा पठाउनुपर्ने र जरिबाना बुझाउन नसकेमा तपसिलमा सो कुरा उल्लेख गरी कति दिन कारागारमा राख्नुपर्ने हो सो समेत उल्लेख गरी कारागार पठाउनुपर्ने। प्रतिवादी उपस्थित नभएमा जरिबानाको लगत कसी कानूनबमोजिम असुलउपर गर्नुपर्ने गरी लगत कस्नु भनी उल्लेख गर्नुपर्ने अवस्था हुन्छ।

### ट. मुलतवीसम्बन्धी व्यवस्था

तीन वर्षभन्दा बढी कैद सजाय हुने मुद्दामा एकभन्दा बढी प्रतिवादी भएकोमा केही उपस्थित भएको र केही नभएकोमा उपस्थित नभएकाहरूका हकमा मुल्तबी रहेकामा कानूनले तोकेको अवधिसम्म पनि अदालतमा हाजिर नभएको र पक्राउ भई नआएमा मुद्दा जगाउनु भनी उल्लेख गर्नुपर्ने।

### ठ. साधक जाहेर गर्ने

### मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५

**साधकः** (१) कुनै अदालतबाट कुनै अभियुक्तलाई बिस वर्ष वा बिस वर्षभन्दा बढी वा जन्मकैदको सजाय हुने गरी फैसला भएकोमा त्यसरी फैसला भएको मितिले पैंतिस दिनभित्र त्यस्तो अदालतले मिसिलसहित पुनरावेदन सुन्ने अदालतमा साधक पेश गर्नुपर्ने छ।

(१क) प्रचलित कानूनबमोजिम जन्मकैद गर्नुपर्ने मुद्दाको अभियुक्तले कसुर गरेको कुरामा अदालतमा साबित भएकोमा त्यस्तो कसुर गर्दाको परिस्थितिलाई विचार गर्दा जन्मकैदको सजाय गर्नु न्यायको रोहमा बढी पर्ने भई न्यायाधीशले कारणसहित घटी सजायको प्रस्ताव गरी रायसहित फैसला गरेकोमा त्यसरी फैसला भएको मितिले पैंतिस दिनभित्र मिसिलसहित पुनरावेदन सुन्ने अदालतमा राय पेश गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम साधक पेश भएकोमा पुनरावेदन सुन्ने अदालतले पनि त्यस्तो अभियुक्तलाई बिस वर्ष वा बिस वर्षभन्दा बढी वा जन्मकैदको सजाय गर्ने ठहराई फैसला गरेमा सर्वोच्च अदालतमा साधक पेश गर्नुपर्ने छ।

(३) उपदफा (१क) बमोजिम राय पेश भएकोमा पुनरावेदन सुन्ने अदालतले त्यसरी गरिएको घटी सजायलाई सदर गरेकोमा सर्वोच्च अदालतमा राय पेश गर्नुपर्ने छ।

### ड. तारेखमा जनाउ दिने तथा पक्षलाई तारिखमा राख्नुपर्ने

### मुलुकी देवानी कार्यविधि संहिता, २०७४

**दफा १३५. तारिखमा राख्नुपर्नेः** (१) कानून वा अदालतको आदेशबमोजिम तारिखमा बस्नु नपर्ने अवस्थामा बाहेक अदालतले मुद्दाका प्रत्येक पक्षलाई तारिखमा राखी मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्नुपर्ने छ।

(२) अदालतले बादी र प्रतिबादी दुवै पक्षको प्रमाण बुझिसकेपछि कुनै पक्षले चाहेमा अदालतको अनुमति लिई तारिखमा नबस्न पनि सक्नेछ।

**दफा १३६. एकै दिनको तारिख तोक्नुपर्नेः** (१) पक्षहरू तारिखमा बसेकोमा अदालतले दुवै पक्षलाई एकै दिनको तारिख तोक्नुपर्ने छ ।

(२) अदालतले फिरादपत्र दर्ता भएपछि बादीलाई प्रतिउत्तरपत्र दाखिला हुने म्यादको अड्कल गरी प्रतिउत्तरपत्र पर्ने वा पर्न सक्ने अवधि कटाई तारिख तोक्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम तारिख तोकेको दिन प्रतिबादीले प्रतिउत्तरपत्र पेश गरेको दिनसँग मेल नखाएमा त्यसपछिको तारिख बादी र प्रतिबादी दुवैलाई एकै दिन हुने गरी तोक्नुपर्ने छ ।

**दफा १३७. तारिख तोक्दा प्रयोजन उल्लेख गर्नुपर्नेः** (१) अदालतले तारिख तोक्दा के कारण र प्रयोजनको लागि तारिख तोकेको हो र त्यस्तो तारिख तोकेको दिन कुन काम सम्पादन हुने हो त्यस्तो व्यहोरा तारिख पर्चा र तारिख किताबमा उल्लेख गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम तोकिएको तारिखका दिन अदालतले त्यस प्रयोजनका लागि तोकिएको काम सम्पादन गर्नुपर्ने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनासिब कारण परी तोकिएको तारिखका दिन निर्धारित काम सम्पादन हुन नसकेमा वा काम सम्पादन गर्न समयाभावले नभ्याउने भएमा अदालतले तारिख भरपाईमा त्यसको कारण खुलाइ अर्को तारिख तोक्नुपर्ने छ ।

(४) तारिख किताव र तारिख पर्चा क्रमशः अनुसूची– १० र अनुसूची– ११ बमोजिमको ढाँचामा राख्नुपर्ने छ।

**दफा १३८.** तारिख जुधाउन नहुनेः (१) कानूनबमोजिम वारिस दिएको मुद्दामा बाहेक कुनै पक्षको मुद्दा परेको अदालतदेखि पन्ध्र किलोमिटर (करिब चार कोश) बाहिरको अर्को अदालतमा पनि मुद्दा परेको भएमा त्यस कुरा त्यस्तो पक्षले मुद्दा परेको अदालतलाई निवेदन गरी जानकारी गराएको भए अदालतले पक्षलाई तारिख तोक्दा त्यस कुरालाई विचार गरी अर्को अदालतमा रहेको मुद्दाको तारिखसँग नजुध्ने गरी तोक्नुपर्ने छ ।

(२) कुनै व्यक्ति एकै अदालतमा एउटै बादी वा प्रतिबादी भएको एकभन्दा बढी मुद्दामा तारिखमा बसेमा निजले त्यस्तो व्यहोरा खुलाइ एकै दिन तारिख तोक्न अदालतमा निवेदन गरेमा अदालतले सम्भव भएसम्म सबै मुद्दाको लागि एकै दिन तारिख तोक्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम तारिख तोकेको अवस्थामा मुद्दाको पक्ष अदालतको कुनै एक फाँटमा तारिखमा हाजिर भएमा सोही फाँटका अन्य मुद्दाको तारिखमा पनि निज उपस्थित रहेको मानिनेछ।

(४) तारिख तोकिएको दिन मुद्दाको कुनै पक्ष अदालतमा उपस्थित भएमा अदालतले अनुसूची– १२ बमोजिमको तारिख भरपाईमा निजको सहीछाप गराइ निजको उपस्थिति जनाउनुपर्ने छ।

(५) उपदफा (४) बमोजिम कुनै पक्ष अदालतमा उपस्थित नभएमा निजले तारिख गुजारेको मानिनेछ र त्यस कुरा सम्बन्धित अधिकारीले प्रमाणित गरी राख्नुपर्ने छ।

**दफा १३९. भोलिपल्ट तारिख तोकेको मानिनेः** अदालतले तारिख तोकेको दिन सार्वजनिक बिदा परी अदालत नखुलेमा सार्वजनिक बिदा समाप्त भएको भोलिपल्टको दिन तारिख तोकिएको मानिनेछ।

**दफा १४०. तारिखमा हाजिर हुनुपर्ने व्यक्ति थुनामा परेमा जानकारी गराउनुपर्नेः** (१) तारिख तोकिएको दिन अदालतमा हाजिर हुनुपर्ने व्यक्ति कारणवस थुनामा परी उपस्थित हुन नसकेमा निजले कुन मुद्दामा आफू थुनिएको हो त्यसको जानकारी निज आफैंले वा निजको एकासगोलको परिवारको सदस्य, कानून व्यवसायी वा वारिसले त्यस्तो अदालतलाई दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति थुनिएको जानकारी पाएमा अदालतले निज के कारणबाट थुनामा परेको हो र कति अवधिसम्म थुनामा बस्नुपर्ने हो त्यसको जानकारी सम्बन्धित निकायबाट माग गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम जानकारी माग गरिएकोमा सम्बन्धित निकायले थुनिएको व्यक्ति थुनामा परेको कारण र थुनामा बस्नुपर्ने सम्भाव्य दिनसमेत खुलाइ थुनाबाट तत्काल मुक्त हुन नसक्ने अवस्था भए त्यसको जानकारी मुद्दा परेको अदालतलाई तत्काल दिनुपर्ने छ।

(४) उपदफा (३) बमोजिम थुनामा परेको व्यक्ति एक महिनासम्ममा छुट्ने जानकारी प्राप्त भएमा र निज छुटेको मितिले बाटाको म्यादबाहेक सात दिनभित्र तारिखमा हाजिर हुन आएमा सोही दिनलाई हाजिर भएको दिन मानी कानूनबमोजिम तारिख तोकी मुद्दाको कारबाही गर्नुपर्ने छ।

(५) उपदफा (३) बमोजिम थुनामा परेको व्यक्ति एक महिनाभन्दा बढी अवधि थुनामा रहने, थुनाबाट मुक्त हुने दिनको ठेगान नभएको वा थुनाबाट तत्काल मुक्त हुन नसक्ने अवस्था रहेको जानकारी प्राप्त भएमा अदालतले त्यस्तो मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्न निजलाई पर्खनुपर्ने छैन।

(६) थुनामा परेको व्यक्तिले त्यस्तो अवधिमा आफूले गर्नुपर्ने काम अरु कसैबाट गर्न वारिस दिई पठाएमा त्यसरी नियुक्त वारिसले निजको तर्फबाट त्यस्तो काम गर्न सक्नेछ।

(७) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाको कुनै पक्षलाई नझिकाई वा नबुझी मुद्दाको किनारा गर्न नहुने भएमा अदालतले कानूनबमोजिम निजलाई झिकाई बुझी मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्नुपर्ने छ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाको कारबाहीको क्रममा थुनामा रहेको व्यक्ति थुनाबाट छुटि बाटाको म्यादबाहेक सात दिनभित्र अदालतमा हाजिर हुन आएमा निजलाई तारिखमा राखी मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्नुपर्ने छ।

**दफा १४१. तारिख गुजारेमा पनि कारबाही नरोकिनेः** (१) अदालतबाट तोकिएको तारिखका दिन मुद्दाको कुनै पक्ष अनुपस्थित भई तारिख गुजारेमा परिच्छेद– २१ बमोजिम तारिख थमाउन पाउने अवधि समाप्त भएपछि देहायका कुरामा देहायबमोजिम हुनेछः–

(क) प्रतिउत्तरपत्र पेश नहुँदै बादीले तारिख गुजारेमा फिराद दाबी डिसमिस गर्नुपर्ने,

(ख) प्रतिउत्तरपत्र पेश भएपछि बादीले तारिख गुजारेमा प्रतिबादीले फिराद दाबी आंशिक वा पूरै स्वीकारेको देखिन आए वा ठहरेमा सो हदसम्म सोही बमोजिम फैसला हुने गरी बाँकी दाबी डिसमिस गर्नुपर्ने,

(ग) प्रतिबादीले प्रतिउत्तरपत्र पेश नगरेमा वा प्रतिउत्तरपत्र पेश गरेपछि निजले तारिख गुजारेमा बादीबाट पेश भएको फिरादपत्र, प्रमाण र प्रतिबादीको प्रमाण बुझी त्यसको आधारमा ठहरेबमोजिम फैसला गर्नुपर्ने,

(घ) फिरादपत्र दर्ता भएपछि वा प्रतिउत्तरपत्र पेश भएपछि बादी तथा प्रतिबादी दुवैले तारिख गुजारेमा त्यस्तो मुद्दा डिसमिस गर्नुपर्ने।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (घ) बमोजिम मुद्दा डिसमिस भएकोमा सोही बादीको उही प्रतिबादीउपर सोही विषयमा अर्को फिराद दाबी लाग्ने छैन।

**दफा १४२. तारिखमा बस्नु नपर्नेः** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कानूनबमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह, संवैधानिक निकाय वा अदालत बादी वा प्रतिबादी भएको मुद्दामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह, संवैधानिक निकाय वा अदालतको तर्फबाट अदालतमा उपस्थित भई तारिखमा बस्नुपर्ने छैन।

तर मुद्दाको प्रमाण परीक्षण गर्दा, सुनुवाइ गर्दा वा अदालतले उपस्थित हुन भनी आदेश दिएको दिन नेपाल सरकार, संवैधानिक निकाय वा अदालतको प्रतिनिधित्व गर्ने सरकारी वकिल र प्रदेश सरकार वा स्थानीय तहको प्रतिनिधित्व गर्ने प्रचलित कानूनबमोजिम तोकिएको वा खटिएको वकिल उपस्थित हुनुपर्ने छ।

**दफा १४३. पुनरावेदन तहको मुद्दामा तारिखमा नराखी कारबाही हुन सक्नेः** अदालतले अन्यथा आदेश दिएकोमा बाहेक पुनरावेदन तहको मुद्दामा पक्षलाई तारिखमा नराखी मुद्दाको कारबाही, सुनुवाइ र किनारा हुन सक्नेछ।

**दफा २३५. पक्षहरूलाई तारिखमा राख्नुपर्नेः** (१)मुद्दा फैसला गर्ने सुरु अदालतले चलन चलाई दिने, दाखिल, खारेज, नामसारी गरी दिने, निखनाई दिने वा अंशबण्डा गरीदिने, बिगो भरी पाउनेसमेत गरी फैसला गरेकोमा मुद्दाका पक्षहरू अदालतमा हाजिर रहेको भए अदालतले फैसला कार्यान्वयन गर्ने प्रयोजनको निमित्त पक्षहरूलाई त्यस्तो मुद्दामा पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई तारिख तोक्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम तोकिएको तारिखका दिनसम्म त्यस्तो मुद्दामा पुनरावेदन परेमा उच्च अदालतको फैसलाबमोजिम हुने गरी अदालतले पक्षहरूको तारिख टुटाई त्यस्तो त्यस्तो मुद्दाको मिसिल तामेलीमा राख्नुपर्ने छ।

(३) पुनरावेदन सुन्ने अदालतबाट समेत अन्तिम फैसला भएपछि उपदफा (१) बमोजिम मुद्दाका पक्षहरू अदालतमा हाजिर रहेको भए फैसला कार्यान्वयन गर्ने प्रयोजनको निमित्त पक्षहरूलाई तारिख तोकी हाजिर हुन र पक्षहरू हाजिर नरहेको भए सोही व्यहोरा जनाइ मुद्दाको मिसिल सम्बन्धित सुरु अदालतमा पठाइ दिनुपर्ने छ।

(४) उपदफा (३) बमोजिम सुरु अदालतमा पक्षहरू हाजिर हुन आएमा अदालतले उपस्थित भएसम्मका पक्षलाई फैसला कार्यान्वयनको प्रयोजनको लागि तारिखमा राख्नुपर्ने छ।

(५) उपदफा (३) बमोजिम पुनरावेदन सुन्ने अदालतबाट पक्षहरू तारिखमा नरहेको व्यहोरा लेखी आएमा, पक्षहरू तोकिएको तारिखमा अदालतमा हाजिर हुन नआएमा वा सुरु अदालतको फैसलाउपर पुनरावेदन नपरी मुद्दा अन्तिम भएमा र कुनै मुद्दाका पक्ष अदालतमा हाजिर नभएमा सुरु अदालतले फैसला कार्यान्वयनको प्रयोजनको लागि पक्षहरूलाई अदालतमा उपस्थित हुन अनुसूची-२४ बमोजिमको ढाँचामा पन्ध्र दिनको म्याद पठाउनुपर्ने छ।

तर मुद्दाका दुवै पक्ष वा कुनै पक्ष तारिखमा नरहेको भए तारिखमा नरहेको पक्षलाई मिसिल प्राप्त भएको तीन दिनभित्र त्यस्तो म्याद पठाउनुपर्ने छ।
(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फैसला कार्यान्वयनको सिलसिलामा कुनै पक्षलाई तारिखमा राख्न आवश्यक नदेखिएमा अदालतले त्यस्तो पक्षलाई तारिखमा राख्ने छैन।

**दफा २३६. थप दस्तुर लिई फैसला कार्यान्वयन गर्न सक्नेः** (१) यस संहिताबमोजिम म्याद जारी भएकोमा म्याद नाघेपछि र म्याद वा तारिख गुजारेकोमा मुद्दा सकार गर्ने वा गुज्रेको तारिख थमाउने म्याद नाघेपछि मुद्दाको पक्ष फैसला कार्यान्वयन गराउन आएमा अदालतले फैसला कार्यान्वयन गर्दा लाग्ने दस्तुरको म्याद नाघेको छ महिनाभित्र भए दश प्रतिशत र एक वर्षभित्र भए पच्चिस प्रतिशत थप दस्तुर लिई फैसला कार्यान्वयन गरिदिनुपर्ने छ।
(२) उपदफा (१) बमोजिमको अवधिभित्र पनि फैसला कार्यान्वयन गर्न पक्ष हाजिर नभएमा यस परिच्छेदमा अन्यथा उल्लेख भएकोमा बाहेक अदालतले त्यस्तो फैसला कार्यान्वयनसम्बन्धी कारवाही तामेलीमा राख्नुपर्ने छ।

**दफा २३७. मुद्दा सकार गर्न वा गुज्रेको तारिख थमाउन पाउनेः** (१) फैसला कार्यान्वयनको सिलसिलामा मुद्दाको कुनै पक्षको मृत्यु भएमा निजको हकवालाले यस संहिताबमोजिम त्यस्तो मुद्दा सकार गर्न पाउनेछ।
(२) फैसला कार्यान्वयनको सिलसिलामा कुनै पक्षले तारिख गुजारेमा निजले यस संहिताबमोजिम गुज्रेको तारिख थमाउन सक्नेछ।

### ढ. मातहत अदालतको फैसला परिवर्तन भएका सम्बन्धमा

- थुनामा परेका प्रतिवादीले सफाइ पाए छुट्टै आदेश गरी कारागारमा सूचना पठाइन्छ।
- फैसला परिवर्तन वा केही परिवर्तन भएमा त्यसको लगत कट्टा गर्ने वा लागत राखी असुलउपर गर्ने कुरा सम्बन्धित लगत कस्ने अदालतमा लेखी पठाइ दिनुपर्छ।
- फैसला कार्यान्वयन गर्ने निकाय जिल्ला अदालत भएकाले बन्डा छुट्याउने, चलन चलाउने, बिगो भराउनेलगायत सबै लगत सुरु जिल्ला अदालतलाई नै दिनुपर्छ।
- फैसला परिवर्तन भै दावी पुग्ने फैसला कार्यान्वयन गर्नुपर्ने अवस्था भएमा र वादी तारेखमा रहेको भएमा फैसला कार्यान्वयनको निमित्त मुद्दामा तारेख तोकी पठाउनुपर्छ।
- फैसला हुदाँको बखत वादी आफै हाजिर भएकोमा १५ दिनको सूचना पठाइ फैसला कार्यन्वयनको लागि झिकाई फैसला कार्यान्वयन गर्ने सम्बन्धी विषयको उल्लेख गर्नुपर्दछ।

### ण. अर्को अड्डामा लगत दिने

कुनै अदालतबाट भएको फैसलाको कार्यान्वयन अर्को वा मातहत अदालतबाट हुने अवस्था वा कानूनी व्यवस्था भएमा कुन अदालतमा पठाउनुपर्ने हो सो अदालतमा पठाउनुपर्ने दिनुपर्ने छ।

**त. अन्य**

**मुलुकी देवानी कार्यविधि संहिता, २०७४**

**दफा १९८(३).** अदालतले प्रत्येक हप्ता त्यस्तो हप्ताभित्र उपदफा (२) बमोजिम प्रमाणीकरण भएका फैसलाको विवरण अदालतको सूचना पाटीमा टाँस गरी आफ्नो वेभसाइटमा समेत राख्नुपर्ने छ।

**दफा २३०. सम्बन्धित जिल्ला अदालतले फैसला वा आदेश कार्यान्वयन गर्नेः** (१) कुनै मुद्दाको फैसला जुनसुकै तहको अदालतबाट भए पनि त्यस्तो मुद्दामा भएको फैसलाको कार्यान्वयन फिरादपत्र वा उजुरी दायर भएको जिल्ला अदालतले गर्नेछ।

(२) पुनरावेदन सुन्ने अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दाको फैसला कार्यान्वयन सम्बन्धित जिल्ला अदालतले गर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाको विषयवस्तुका कारण फैसला वा आदेश कार्यान्वयन गर्ने जिल्ला अदालत यकिन हुन नसकेमा पुनरावेदन सुन्ने अदालतले तोकेको जिल्ला अदालतले त्यस्तो मुद्दाको फैसला वा आदेश कार्यान्वयन गर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियमित अदालतबाट बाहेक अन्य निकायबाट भएको फैसला वा आदेशको कार्यान्वयन सम्बन्धित निकायले गर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि फैसला वा आदेश कार्यान्वयन गर्ने सम्बन्धमा कानूनमा अन्यथा व्यवस्था नभएकोमा अदालतले यसै संहिताबमोजिम फैसला कार्यान्वयन गर्नेछ।

(६) अदालतबाट कसैलाई कुनै पदमा बहाली गर्न वा पदबाट हटाउन फैसला वा आदेश भएकोमा यस संहिता वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्तो फैसला वा आदेश भएको तीन दिनभित्र त्यस्तो फैसला वा आदेश कार्यान्वयनका लागि त्यस्तो फैसला वा आदेश गर्ने अदालतले सम्बन्धित निकाय वा कार्यालयमा लेखी पठाउनुपर्ने छ।

(७) उपदफा (६) बमोजिम लेखिआएमा सम्बन्धित निकाय वा कार्यालयले पनि लेखिआएबमोजिम तिस दिनभित्र कार्यान्वयन गरी त्यसको जानकारी सम्बन्धित अदालतलाई दिनुपर्ने छ। त्यस्तो जानकारी नदिएमा सम्बन्धित निकाय वा कार्यालयको प्रमुख भई काम गर्ने व्यक्तिलाई अदालतले विभागीय कारबाहीसमेत गर्न आदेश दिन सक्नेछ।

**मुलुकी देवानी कार्यविधि नियमावली, २०७५**

**नियम ३२(५)**: यस नियमबमोजिम लिखत जाँच भई फैसला हुँदा उपनियम (१) बमोजिम जाँच गर्न पठाएको लिखत किर्ते ठहरिएमा त्यस्तो लिखत पेश गर्ने पक्षबाट त्यसरी लिखत जाँच गराउँदा लागेको खर्च अर्को पक्षलाई भराइ दिनुपर्ने छ।

**नियम ५१: फैसला कार्यान्वयनको लगत कस्नेः** (१) ऐनको दफा २२९ को उपदफा (१) बमोजिम तहसिल शाखामा फैसला कार्यान्वयनसम्बन्धी लगत पठाउँदा सम्बन्धित फैसलाको प्रमाणित प्रतिलिपिसमेत संलग्न गर्नुपर्ने छ।

(२) ऐनको दफा २२९ को उपदफा (३) बमोजिम पुनरावेदन सुन्ने अदालतबाट जिल्ला अदालतमा लगतसहितको मिसिल प्राप्त भएपछि तहसिल शाखामा पेश गर्नुपर्ने छ।

(३) उपनियम (१) वा उपनियम (२) बमोजिम प्राप्त लगतलाई तहसिल शाखाले अनुसूची -१३ बमोजिमको ढाँचामा लगत कसी वा अद्यावधिक गरी फैसला कार्यान्वयनसम्बन्धी मिसिलमा लगत नम्बर जनाउनुपर्ने छ।

(४) उपनियम (१) वा उपनियम (२) बमोजिम प्राप्त लगत र फैसलाका आधारमा तहसिल शाखाले फैसला कार्यान्वयनसम्बन्धी लगत किताबमा लगत कसी वा अद्यावधिक गरी मुद्दाको मिसिल संलग्न फैसलाको पीठमा समेत सो बेहोरा जनाइ पुनरावेदन तहको फैसलाको प्रतिलिपिसमेत राखी सक्कल मिसिल अभिलेख शाखामा बुझाउनुपर्ने छ।

(५) उपनियम (३) बमोजिम मिसिल प्राप्त भएपछि पक्ष तारिखमा रहे नरहेको र ऐनको दफा २३५ को उपदफा (५) बमोजिम पक्षहरूको नाममा अदालतमा उपस्थित हुन आउने म्याद पठाउनुपर्ने नपर्ने यकिन गरी पठाउनुपर्ने देखिएमा सोही बेहोरा फैसला कार्यान्वयनको मिसिलमा जनाइ पक्षहरूको नामको म्याद पठाउनुपर्ने छ।

(६) उपनियम (४) बमोजिम अभिलेख शाखाले मुद्दाको मिसिल बुझ्दा तहसिल शाखाले फैसला कार्यान्वयनको लगत कसे नकसेको यकिन गरी लगत नकसेको देखिएमा कस्न लगाएर मात्र मिसिल बुझ्नु पर्ने छ।

(७) उपनियम (३) बमोजिम कसिएको लगत पुनरावेदन सुन्ने अदालतबाट संशोधन भई आएमा सोही बेहोरा लगत किताबमा जनाइ अद्यावधिक गर्नुपर्ने छ।

(८) पुनरावेदनसम्बन्धी कारबाही वा मुद्दा दोहोऱ्याउने आदेश वा पुनरावलोकनको आदेश भएको कारणबाट ऐनको दफा २३१ बमोजिम फैसला कार्यान्वयन स्थगन हुने भएमा उपनियम (३) बमोजिमको लगत किताबमा सो बेहोरा जनाउनुपर्ने छ।

(९) फैसला कार्यान्वयन भई कार्य सम्पन्न भएपछि उपनियम (३) बमोजिमको लगत किताबमा सो बेहोरा जनाइ सम्बन्धित अधिकृतले प्रमाणित गर्नुपर्ने छ।

**नियम ५२. चलन चलाउनेः** (१) ऐनको दफा २३८ को उपदफा (२) बमोजिम चलन चलाई दिनुपर्ने पक्ष तारेखमा नरहेको भए फैसलाअनुसारको सम्पत्ति चलन चलाउनको लागि डोर खटिने बेहोराको सूचना डोर खटिने मितिभन्दा कम्तीमा सात दिन अगावै अनुसूची – १४ बमोजिमको ढाँचामा निजलाई दिनुपर्ने छ।

(२) ऐनको दफा २३८ को उपदफा (३) बमोजिम चलन चलाई दिनुपर्ने पक्ष तारेखमा नरहेको र चलन चलाई दिनुपर्ने सम्पत्ति घर वा जग्गा भए तारखमा नरहेको पक्षलाई डोर खटिने मितिभन्दा कम्तीमा सात दिन अगावै फैसलाअनुसारको घर वा जग्गा सात दिनभित्र खाली गरी वादीलाई चलन गर्न दिने बेहोराको सूचना अनुसूची – १५ बमोजिमको ढाँचामा निजलाई दिनुपर्ने छ।

(३) चलन चलाई दिनुपर्ने सम्पत्ति मुद्दाका पक्षबाहेक अन्य व्यक्तिको भोग वा कब्जामा भए अदालतले ऐनको दफा २३८ को उपदफा (४) बमोजिम डोर खटिआउने ठाँउमा उपस्थित हुन अनुसूची – १६ बमोजिमको ढाँचामा सूचना दिनुपर्ने छ।

**नियम ५३. चलनको पुर्जी दिनेः** ऐनको दफा २३८ को उपदफा (१९) बमोजिम चलन चलाई सकेपछि अनुसूची – १७ बमोजिमको ढाँचामा वादीलाई सम्पत्तिको चलन गर्न पुर्जी दिनुपर्ने छ।

**नियम ५४. पुनः चलनको कारबाहीः** (१) ऐनको दफा २३८ को उपदफा (१६) बमोजिम पुनः चलन चलाई पाउनको लागि सम्बन्धित पक्षले सो सम्बन्धमा पहिले चलन पाएको निस्सासमेत संलग्न राखी अदालतमा निवेदन दिनुपर्ने छ।

(२) उपनियम (१) बमोजिम पुनः चलनको निवेदन पर्न आएमा चलन गर्न नदिने पक्षलाई बाटाको म्यादबाहेक सात दिनको म्याद दिई झिकाउनुपर्ने छ।

(३) उपनियम (२) बमोजिम झिकाइएको व्यक्तिको बयान गराइ बुझी फैसलाअनुसार चलन गर्न नदिएको देखिएमा ऐनको दफा २३८ को उपदफा (१६) बमोजिम सजाय गरी पुनः चलन भलाई दिनुपर्ने छ।

**नियम ५५**: बिगो भराउन सम्पत्ति देखाइ निवेदन दिनुपर्नेः (१) ऐनको दफा २४२ को उपदफा (६) बमोजिम बिगो बुझाउने पक्ष अदालतमा उपस्थित नभएमा वा म्यादभित्र बिगोबापतको रकम नबुझाएमा वा बिगो बुझाउने पक्षले बिगोबापतको रकम आफ्नो कुनै सम्पत्तिबाट असुल गर्न निवेदन नदिएमा वा देखाएको सम्पत्तिबाट बिगो भराउन सम्भव नभई बिगो भराइ पाउनेले मञ्जुर नगरी निजले बिगो बुझाउने पक्षको सम्पत्ति देखाइ दिने निवेदनमा देहायका विवरण खुलाएको हुनुपर्ने छः

**(क) अचल सम्पत्ति देखाइ दिने निवेदनमाः**

(१) घर जग्गा रहेको ठाउँ र चार किल्ला

(२) दर्ता स्रेस्ताअनुसार घर जग्गाको कित्ता नम्बर र क्षेत्रफल,

(३) घरको बनोट, कबल, चल्ला र सम्भव भए वर्गफिट,

(४) दर्तावाला व्यक्तिको नाम, दर्ता रहेको कार्यालय र दर्तावालाको भाग हिस्सा,

(५) आवास, औद्योगिक वा व्यापारिक क्षेत्रमध्ये कुन क्षेत्रमा पर्ने,

(६) कच्ची, पक्की सडकसँग जोडिएको वा बाटो भए नभएको,

(७) घर जग्गामा भएका लगापातको विवरण,

(८) खरिद बिक्री हुन सक्ने न्यूनतम मूल्य,

(९) घर जग्गा भोग वा कब्जा गर्ने व्यक्तिको नाम, थर र ठेगाना,

(१०) बिगो भराउन आवश्यक पर्ने जग्गा वा घरको तर्फ खुलेको क्षेत्रफल वा खण्ड।

**(ख) नगद, शेयर, डिवेन्चर, ट्रेजरी बिल वा बैङ्क मौज्दातलगायतका चल सम्पत्ति देखाइ दिइने निवेदनमा :**
चल सम्पत्ति रहेको ठाउँ,

(१) सम्पत्तिको अवस्था, प्रकृति, बनोट, सङ्ख्या, मूल्य र अन्य विवरण

(२) सम्पत्तिमा स्वामित्व रहेको व्यक्तिको नाम, थर, ठेगाना, भाग र हिस्सा,

(३) सम्पत्ति भोग वा कब्जा रहेको व्यक्तिको नाम, थर र ठेगाना,

(४) खरिद बिक्री हुन सक्ने प्रत्येकको न्यूनतम बजार मूल्य,

(५) शेयर, डिवेन्चर, ट्रेजरी बिल वा बैङ्क मौज्दात जस्ता सम्पत्तिको विवरण।

(२) उपनियम (१) अनुसारको निवेदन दर्ता भएपछि देहायबमोजिम गर्नुपर्ने छः

(क) उपनियम (१) को खण्ड (क) बमोजिमको सम्पत्तिको हकमा आवश्यक पर्ने जेथा रोक्का राख्न दर्ता रहेको कार्यालयमा वा रजिष्ट्रेशन गर्ने कार्यालयमा तुरुन्त लेखी पठाउनुपर्ने,

(ख) उपनियम (१) को खण्ड (ख) बमोजिमको सम्पत्तिको हकमा यथाशीघ्र तायदात गर्न पठाइ तायदात गर्दाको अवस्थामा नै आवश्यक पर्ने जति त्यस्तो सम्पत्ति वा सो बाट प्राप्त हुने आम्दानीसमेत रोक्का राखी, कब्जामा लिएको अवस्था भए सो को भरपाई सम्बन्धित व्यक्तिलाई दिनुपर्ने।
(३) उपनियम (२) बमोजिम सम्पत्ति रोक्का वा कब्जामा राखिएपछि बिगो बुझाउनुपर्ने व्यक्ति उपस्थित भए निवेदनको व्यहोरा सुनाउनुपर्ने छ र अनुपस्थित भए निवेदकले लेखाएको सम्पत्तिबाट जायजात लिलाम गरी बिगो भराइदिने व्यहोराको सात दिने सूचना अनुसूची– १८ बमोजिमको ढाँचामा प्रतिवादीलाई दिनुपर्ने छ।
(४) उपनियम (३) बमोजिम दिइएको सूचनाको म्यादभित्र पक्ष हाजिर हुन आएमा तारिखमा राखी बिगो भरिभराउको कारबाही गर्नुपर्ने छ।
(५) उपनियम (१) बमोजिम दिइएको बिगो भरिभराउको सम्पत्ति प्रतिवादीबाहेक अन्य व्यक्तिका नाममा दर्ता भएमा दर्तावालालाई अनुसूची– १९ बमोजिमको ढाँचामा सात दिने सूचना दिनुपर्ने छ।

**नियम ५६: बैङ्क जमानत लिई किस्ताबन्दीमा बिगो भराई दिने**ः (१) बिगो भराइदिने पक्षले कुनै बाणिज्य बैङ्कको बैङ्क जमानत दिई किस्ताबन्दीमा बिगो भराउने व्यवस्था गरिपाउन ऐनको दफा २४२ को उपदफा (१५) बमोजिम लिखित अनुरोध गरेमा बिगो भरिपाउने पक्षलाई सो बेहोरा सुनाउनुपर्ने छ।
(२) बिगो भरिपाउने पक्षले बिगो भराइदिने पक्षको अनुरोधबमोजिम किस्ताबन्दीमा बिगो बुझ्न सहमत भएमा बिगो भराउने पक्ष र बिगो भरिपाउने पक्षका बिच बैङ्क जमानतको प्रकृति, किस्ताको रकम र किस्ता बुझाउने अवधिका सम्बन्धमा तहसिलदारले छलफल गराइ सहमत भएअनुसारको सहमतिको कागज गराइ मिसिल संलग्न गर्नुपर्ने छ।
(३) उपनियम (२) बमोजिम बिगो भराउने छलफलमा भएको सहमतिअनुसार बिगो भराइदिने पक्षले ऐनको दफा २४२ को उपदफा (१५) बमोजिम अदालतको नाममा जारी भएको बैङ्क जमानत निवेदन साथ अदालतमा पेश गर्नुपर्ने छ।
(४) उपनियम (३) बमोजिम पेश गरिने बैङ्क जमानतमा जमानतको रकम, बैङ्क जमानतको अवधिका अतिरिक्त बैङ्क जमानतको रकम अदालतले माग गरेका बखत निःशर्त उपलब्ध गराउने बेहोरा उल्लेख भएको हुनुपर्ने छ।
(५) बिगो भराइदिने पक्षले उपनियम (२) बमोजिमको सहमतिमा उल्लेख भएको समयभित्र अदालतमा किस्ताको रकम दाखिला गराउन ल्याउनुपर्ने छ र यसरी बुझाउन ल्याएकोमा अदालतले बिगो भरिपाउने पक्षसँग भरिभराउ गर्दा लाग्ने अदालती दस्तुर लिई दाखिला गरेको रकम निजलाई बुझाउनुपर्ने छ।
(६) बिगो भराइदिने पक्षले बैङ्क जमानतमा उल्लिखित अवधिभन्दा अगावै रकम बुझाएमा सो बैङ्क जमानत फुकुवा गरिदिनको लागि अदालतले सम्बन्धित बैङ्कमा लेखी पठाउनुपर्ने छ।
(७) बिगो भराइदिने पक्षले उपनियम (२) बमोजिमको सहमतिमा उल्लेख भएको समयभित्र किस्ताको रकम अदालतमा दाखिला गर्न नल्याएमा अदालतले बैक जमानतबापतको रकम बैंकबाट झिकाई लाग्ने अदालती शुल्क लिई बाँकी रकम बिगो भरिपाउने पक्षलाई बुझाइ दिनुपर्ने छ।

**मुलुकी अपराध संहिता, २०७४**

**दफा ४१. जन्मकैद हुनेः** यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कसुर गर्ने कसुरदारलाई जन्मकैदको सजाय गर्दा त्यस्तो कसुरदार जीवित रहेसम्म कैद गर्नुपर्नेछः

(क) क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको,

(ख) वायुयान अपहरण गरी वा वायुयान विष्फोट गरी ज्यान मारेको,

(ग) अपहरण गरी वा शरीरबन्धक लिई ज्यान मारेको,

(घ) सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेको,

(ङ) कुनै जात, जाति वा सम्प्रदायको अस्तित्व नै लोप गर्ने जातिहत्या (जेनोसाइड) गरेको वा गर्ने उद्देश्यले कसुर गरेको वा

(च) जवर्जस्ती करणी गरी ज्यान मारेको।

**दफा ४२. जन्मकैदको गणनाः** दफा ४१ मा उल्लिखित अवस्थामा बाहेक जन्म कैदको सजाय गणना गर्दा पच्चिस वर्ष कैद सजाय हुने गरी गणना गर्नुपर्ने छ।

**दफा ४३. एकीकृत कसुरबापत थप सजाय हुने: (१)** कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसुर गरेमा त्यस्तो व्यक्तिले एकीकृत कसुर गरेको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको एकीकृत कसुर गर्ने कसुरदारलाई सजाय गर्दा सबैभन्दा बढी सजाय हुने कसुरबापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसुरबापतको सजायको आधा सजाय थप गरी सजाय गर्नुपर्ने छ।तर जन्मकैदको सजाय हुने अवस्थाको कसुरदारको हकमा यो उपदफा लागु हुने छैन।

**दफा ४४. थप सजाय हुने**: (१) जघन्य वा गम्भीर कसुरमा सजाय पाएको व्यक्तिले अर्को कसुर गरेमा निजले पछिल्लो पटक गरेको कसुरमा हुने सजायको दोब्बरसम्म सजाय हुनेछ।

तर जन्म कैदको सजाय पाएको कसुरदारको हकमा यो दफा लागु हुने छैन।

(२) उपदफा (१) बमोजिमको कसुरबाहेक अन्य कसुरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसुर गरेमा निजलाई पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुनेछ।"

तर दफा ४१ बमोजिम जन्म कैदको सजाय पाएको कसुरदारको हकमा यो दफा लागु हुने छैन।

**दफा ४६. जरिबानाबापत कैद गर्न सकिनेः** (१) कुनै कसुरदारलाई तोकिएको जरिबाना निजको सम्पत्तिबाट असुलउपर गरिनेछ। निजको कुनै सम्पत्ति नभएमा वा त्यसरी जरिबानाबापतको रकम निजबाट असुलउपर हुन नसकेमा निजलाई कैद गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कैद निर्धारण गर्दा देहायबमोजिम गर्नुपर्ने छः

(क) कैद र जरिबाना दुवै सजाय हुने ठहर भएको कसुरमा जरिबाना नतिरेबापतको कैद निर्धारण गर्दा दश वर्षभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने छ।

(ख) कैद वा जरिबानामध्ये कुनै वा दुवै सजाय हुन सक्ने कसुरमा जरिबाना मात्रको सजाय भई त्यस्तो जरिबाना नतिरेबापतको कैद निर्धारण गर्दा त्यस्तो कसुरमा हुन सक्ने कैदको उपल्लो हदको आधाभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने छ।

(ग) जरिबाना मात्र सजाय हुने कसुरमा जरिबानाको सजाय भई सो नतिरेबापत कैद निर्धारण गर्न्दा दुई वर्षभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अठार वर्ष उमेर नपुगेको बालबालिकाको हकमा जरिबानाबापत कैद गर्दा देहायबमोजिम गर्नुपर्ने छः

(क) जरिवाना मात्र हुने वा कैद वा जरिबानामध्ये कुनै एक सजाय हुने कसुरमा जरिबाना नतिरेकोमा कैद नगरी जरिबाना मिनाह गर्नुपर्ने छ।

(ख) कैद वा जरिबाना वा दुवै सजाय हुने कसुरमा जरिबाना मात्र सजाय भएकोमा त्यस्तो जरिबाना नतिरेबापत कैद निर्धारण गर्नुपर्दा तीन महिनाभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने छ।

(ग) चौध वर्ष उमेर पुगेको तर अठार वर्षभन्दा कम उमेर भएको व्यक्तिलाई उपदफा (२) बमोजिम कैद निर्धारण गर्दा अठार वर्ष उमेर पुगेको व्यक्तिलाई गर्नुपर्ने कैद सजायको आधाभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने छ।

**दफा ४८. अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्ने**: (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसुर भएको कारणबाट त्यस्तो कसुरबाट पीडित व्यक्ति वा निजमा आश्रित व्यक्तिलाई तत्काल उपचार गराउनुपर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनुपरेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश भएमा कसुरबाट पीडित वा निजका आश्रित व्यक्तिलाई फौजदारी कसुरमा सजाय निर्धारण र कार्यान्वयनसम्बन्धी प्रचलित कानूनबमोजिम स्थापना भएको पीडित राहत कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनुपर्ने छ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको क्षतिपूर्ति वा राहत रकम अदालतबाट फैसला हुँदा अभियोग लागेको व्यक्ति कसुरदार ठहर भएमा त्यस्तो कसुरदारलाई फैसला भएको पैंतिस दिनभित्र त्यस्तो रकम पीडित राहत कोषमा जम्मा गर्न अदालतले आदेश दिनेछ।

(४) उपदफा (३) बमोजिम अदालतले आदेश दिएकोमा त्यस्तो कसुरदारले क्षतिपूर्ति वा राहतबापतको रकम पीडित राहत कोषमा जम्मा गर्नुपर्नेछ र निजले सो अवधिमा त्यस्तो रकम जम्मा नगरेमा फैसला भएको साठी दिनभित्र त्यस्तो कसुरदारको जुनसुकै जायजेथाबाट सरकारी बाँकी सरह असुलउपर गर्नुपर्ने छ।

(५) यस दफाबमोजिम क्षतिपूर्ति वा राहत रकम पाएको व्यक्तिले झुट्टा उजुरी गरेको ठहरेमा वा वारदात स्थापित नभएमा निजले क्षतिपूर्ति वा राहतबापत पाएको रकम फिर्ता गर्न अदालतले आदेश दिनेछ।

(६) उपदफा (५) बमोजिम अदालतले आदेश दिएकोमा त्यस्तो व्यक्तिले क्षतिपूर्ति वा राहतबापत पाएको रकम फैसला भएको पैंतिस दिनभित्र पीडित राहत कोषमा फिर्ता गर्नुपर्नेछ र निजले सो अवधिमा त्यस्तो

रकम फिर्ता नगरेमा फैसला भएको साठी दिनभित्र त्यस्तो व्यक्तिको जुनसुकै जायजेथाबाट सरकारी बाँकी सरह असुलउपर गर्नुपर्ने छ।

**मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४**

**दफा १५२. फैसला कार्यान्वयन गर्ने निकायः (१)** मुद्दाको फैसला जुनसुकै तहको अदालतबाट भएको भए पनि त्यस्तो मुद्दामा भएको फैसलाको कार्यान्वयन अभियोगपत्र वा उजुरी दायर भएको जिल्ला अदालतले गर्नेछ।

(२) पुनरावेदन सुन्ने अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दाको फैसला कार्यान्वयनसमेत सम्बन्धित जिल्ला अदालतले गर्नेछ।

(३) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिवादीको सङ्ख्या निजहरूको बसोबास वा निजको सम्पत्तिको अवस्थितिको कारण फैसला कार्यान्वयन गर्ने जिल्ला अदालत यकिन हुन नसकेमा पुनरावेदन सुन्ने अदालतले तोकेको जिल्ला अदालतले मुद्दाको फैसला कार्यान्वयन गर्नेछ।

(४) नियमित अदालतबाहेक अन्य न्यायिक निकायबाट भएको फैसलाको कार्यान्वयन सम्बन्धित निकायले गर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि फैसला कार्यान्वयन गर्ने सम्बन्धमा कानूनमा अन्यथा व्यवस्था नभएकोमा सम्बन्धित जिल्ला अदालतले यसै संहिताबमोजिम फैसला कार्यान्वयन गर्नेछ।

**दफा ७५. धरौटी जफत हुनेः (१)** यस परिच्छेदबमोजिम धरौट राख्ने ब्यक्ति अदालतसमक्ष तोकिएको तारेखमा उपस्थित नभएमा निजले राखेको धरौटी जफत हुनेछ।

**दफा १३१(१०).** अदालतले प्रत्येक हप्ता तयार भई प्रमाणीकरण भएका फैसलाको विवरण अदालतको सूचना पाटीमा टाँस गरी आफ्नो वेबसाइटमा समेत राख्नुपर्ने छ।

**दफा ४२. सरोकारवाला ब्यक्तिलाई पक्ष कायम गर्नेः** (१) यस संहिताबमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा कारबाही हुँदा अनुसूची– १ वा अनुसूची– २ भित्र नपर्ने देखिएको तर कानूनबमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएमा अदालतले सोही आदेश गरी सरोकारवाला ब्यक्तिलाई त्यसको सूचना दिनुपर्ने छ।

(२) सरोकारवालाले उपदफा (१) बमोजिम सूचना पाएको मितिले दुई महिनाभित्र त्यस मुद्दा सकार गरेमा निजलाई वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट कानूनबमोजिम कारबाही र किनारा गर्नुपर्ने छ।

**दफा १४२. तारिखमा बस्न नपर्नेः** (१) पुनरावेदनको कारबाहीको सिलसिलामा तारिखमा बस्न नचाहेमा पुनरावेदक वा प्रत्यर्थीले सोही व्यहोराको निवेदन अदालतमा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा पुनरावेदक वा प्रत्यर्थी खोजेको बेलामा उपस्थित हुने कागज गराइ अदालतले निजको तारिख टुटाई दिन सक्नेछ। तर तारिखमा नरहेको पुनरावेदक वा प्रत्यर्थीले चाहेमा पुनरावेदनको सुनुवाइको लागि तोकिएको तारिखका दिन उपस्थित हुन सक्नेछ।

**दफा १४५(१क).** प्रचलित कानूनबमोजिम जन्मकैद गर्नुपर्ने मुद्दाको अभियुक्तले कसुर गरेको कुरामा अदालतमा साबित भएकोमा त्यस्तो कसुर गर्दाको परिस्थितिलाई विचार गर्दा जन्मकैदको सजाय गर्नु न्यायको रोहमा बढी पर्ने भई न्यायाधीशले कारणसहित घटी सजायको प्रस्ताव गरी रायसहित फैसला गरेकोमा त्यसरी फैसला भएको मितिले पैंतिस दिनभित्र मिसिलसहित पुनरावेदन सुन्ने अदालतमा राय पेश गर्नुपर्ने छ।

**दफा १५५. कैदबापत रकम तिर्न सकिनेः** (१) कुनै कसुरमा पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसुरदारको उमेर, कसुरको गम्भीरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्ने समेत नदेखिएमा त्यसको कारण खुलाइ अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यसबापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा कैदबापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश दिनुअघि त्यस्तो ब्यक्तिलाई कुनै प्रकारको कसुर नगरी राम्रो आचरण पालन गर्नेछु भन्ने व्यहोराको कागज गराउनुपर्ने छ।

(३) उपदफा (१) बमोजिम रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश भएको कसुरदारले कैदबापत रकम बुझाउँदा एक दिन कैदको तीन सय रुपैयाँका दरले रकम बुझाउनुपर्ने छ।

(४) उपदफा (१) बमोजिम कैद बस्न छुट भएको ब्यक्तिले त्यसरी छुटेको मितिले तीन वर्षभित्र कैदको सजाय हुने कुनै कसुर गरेमा निजलाई पहिले भएको फैसलाबमोजिमको कैदसमेत थपी सजाय कार्यान्वयन गर्नुपर्ने छ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय पाई थुना वा कैदमा रहे बसेको विदेशी नागरिकले कैदको सट्टा रकम तिरी कैदबाट छुटकारा पाउन निवेदन दिएमा अदालतले दफा १५९ को उपदफा (४) मा उल्लेख भएका कसुरबाहेक अन्य कसुरका कसुरदारलाई कैद सजायबापत प्रति दिन पाँचसय रुपैयाँका दरले हुन आउने रकम एकमुष्ट तोकी त्यस्तो रकम बुझाएमा बाँकी अवधि कैदमा बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम आदेश दिंदा अदालतले त्यस्तो ब्यक्तिलाई सात दिनभित्र नेपालबाहिर पठाउने आदेश दिनुपर्ने छ र अध्यागमन कार्यालयले अदालतको आदेशबमोजिम त्यस्तो ब्यक्तिलाई नेपालबाहिर पठाउनुपर्ने छ।

(७) उपदफा (३) र (५) बमोजिम प्राप्त भएको रकमको पचास प्रतिशत रकम कानूनबमोजिम खडा भएको पीडित राहत कोषमा जम्मा गर्नुपर्ने छ।

(८) यस दफाबमोजिम रकम तिरेमा कसुरदारले कैद भुक्तान गरेको मानिनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफाबमोजिम कैदबाट छुटेको ब्यक्तिको कैदको लगत कैद भुक्तान हुने अवधिसम्मका लागि कायम रहनेछ र निजले उपदफा (२) र (४) प्रतिकूलको आचरण वा कसुर गरेमा अदालतले जुनसुकै बखत यस दफाबमोजिमको आदेश रद्द गर्न सक्नेछ।

(१०) उपदफा (९) बमोजिम आदेश रद्द भएकोमा त्यस्तो कसुरदारले निजलाई भएको पूरै सजाय कैदमा बसी भुक्तान गर्नुपर्ने छ।

## मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५

**नियम २३. सरोकारवाला व्यक्तिलाई सूचना दिनेः** नेपाल सरकार वादी भई अदालतमा दायर भएको कुनै मुद्दा फैसला हुँदा ऐनको दफा ४२ बमोजिम त्यस्तो मुद्दा ऐनको अनुसूची-१ वा अनुसूची-२ भित्र नपर्ने तर कानूनबमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिई सरोकारवालाले सकार गरेमा निजलाई वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट कारबाही र किनारा गर्न आदेश भएमा त्यस्तो फैसला अन्तिम भएपछि अनुसूची-९ बमोजिमको ढाँचामा सरोकारवालालाई सूचना दिनुपर्ने छ।

**नियम ५८ (५). लिखत जाँच गराउँदा लागेको खर्च भराइदिने:** यस नियमबमोजिम लिखत जाँच भई फैसला हुँदा उपनियम (१) बमोजिमको लिखत किर्ते ठहरिएमा त्यस्तो लिखत पेश गर्ने पक्षबाट त्यसरी लिखत जाँच गराउँदा लागेको खर्च अर्को पक्षलाई भराइ दिनुपर्ने छ।

**नियम ८१. सम्पत्ति रोक्का राख्नुपर्नेः** कसुर ठहर भई फरार रहेका व्यक्तिको सम्पत्ति ऐनको दफा १५६ को उपदफा (१) बमोजिम रोक्का राख्नका लागि सम्बन्धित प्रहरी कार्यालयबाट प्रतिवेदन प्राप्त भएमा त्यस्तो सम्पत्ति सम्बन्धित कसुरदारको हकको हो होइन अदालतले यकिन गरी निजको हकसम्मको सम्पत्ति रोक्का गर्नको लागि सम्बन्धित निकायलाई आदेश दिनुपर्ने छ।

**नियम ८३. निजी बिगो वा क्षतिपूर्ति भराउन सम्पत्ति देखाइ निवेदन दिनुपर्नेः (१)** ऐनको दफा १६५ को उपदफा (१) बमोजिम फैसलाबमोजिम बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम भरिपाउने व्यक्तिले त्यस्तो बिगो, क्षतिपूर्ति वा रकम भर्नुपर्ने दायित्व भएको व्यक्तिको हकको सम्पत्ति देखाइ दिने निवेदनमा देहायका विवरण खुलाएको हुनुपर्ने छः

(क) अचल सम्पत्ति देखाइ दिने निवेदनमाः
(ख) घर जग्गा रहेको ठाउँ र चार किल्ला,
(ग) दर्ता स्रेस्ताअनुसार घर जग्गाको कित्ता नम्बर र क्षेत्रफल,
(घ) घरको बनोट, कवल, तल्ला र सम्भव भए वर्ग फिट,
(ङ) दर्तावाला व्यक्तिको नाम, दर्ता रहेको कार्यालय र दर्तावालाको भाग, हिस्सा,
(च) आवास, औद्योगिक वा व्यापारिक क्षेत्रमध्ये कुन क्षेत्रमा पर्ने,
(छ) कच्ची, पक्की सडकसँग जोडिएको वा बाटो भए नभएको,
(ज) घर जग्गामा भएका लगापातको विवरण,
(झ) उपर्युक्त आधारमा खरिद बिक्री हुन सक्ने न्यूनतम मूल्य,
(ञ) घर जग्गा भोग वा कब्जा गर्ने व्यक्तिको नाम, थर र ठेगाना,
(ट) बिगो वा क्षतिपूर्ति वा रकम भराउन आवश्यक पर्ने जग्गा वा घरको तर्फ खुलेको क्षेत्रफल वा खण्ड।
(ठ) चल सम्पत्ति देखाइ दिइने निवेदनमाः

(ड) चल सम्पत्ति रहेको ठाउँ, भोग वा कव्जा गर्ने व्यक्तिको नाम, थर र ठेगाना,

(ढ) त्यस्तो सम्पत्तिको अवस्था, प्रकृति र बनोट,

(ण) प्रत्येकको साइज र सङ्ख्या,

(त) त्यस्तो सम्पत्ति स्वामित्वमा रहेको व्यक्तिको नाम, थर, ठेगाना र भाग हिस्सा,

(थ) खरिद बिक्री हुन सक्ने प्रत्येकको न्यूनतम बजार मूल्य।

(२) उपनियम (१) बमोजिमको निवेदन दर्ता भएपछि देहायबमोजिम गर्नुपर्ने छः

(क) उपनियम (१) को खण्ड (क) बमोजिमको सम्पत्तिका हकमा आवश्यक पर्ने जेथा रोक्का राख्न दर्ता रहेको कार्यालय वा रजिष्ट्रेशन गर्ने कार्यालयमा तुरुन्त लेखी पठाउने,

(ख) उपनियम (१) को खण्ड (ख) बमोजिमको बाली, बहाल, आयस्ता वा ब्याजलगायतका सम्पत्तिको हकमा यथाशीघ्र त्यस्तो सम्पत्तिको विवरणको तायदात गर्न पठाइ तायदात गर्दाको अवस्थामा नै आवश्यक पर्ने जति त्यस्तो सम्पत्ति वा सोबाट प्राप्त हुने बाली, बहाल, ब्याज, मुनाफा आदि आय कब्जामा लिनु वा रोक्का राख्ने र कब्जामा लिएको अवस्थामा त्यसको भरपाई सम्बन्धित व्यक्तिलाई दिने।

(३) उपनियम (२) बमोजिम सम्पत्ति रोक्का वा कव्जामा राखिएपछि निवेदकले देखाएको सम्पत्ति र निजले खुलाएको सोको मूल्यसमेत उल्लेख गरी अनुसूची-२७ बमोजिमको ढाँचामा बिगो भर्नुपर्ने दायित्व भएका व्यक्तिको नाममा पन्ध्र दिने सूचना जारी गर्नुपर्ने छ।

(४) उपनियम (३) को म्यादभित्र फैसलाअनुसार बुझाउनुपर्ने बिगो वा क्षतिपूर्ति वा रकम दाखिल गर्न नल्याएमा रोक्का वा कव्जामा राखिएको उल्लिखित सम्पत्ति जायजात लिलाम गरी भराइदिने बेहोरासमेत उक्त सूचनामा स्पष्ट उल्लेख गर्नुपर्ने छ।

(५) उपनियम (४) बमोजिम दिइएको सूचनाको म्यादभित्र हाजिर हुन आउने पक्षलाई तारिखमा राखी बिगो भरिभराउको कारबाही गर्नुपर्ने छ।

**उच्च अदालत नियमावली, २०७३**

**नियम ८१. फैसला कार्यान्वयनसम्बन्धीः** (१) वाणिज्य इजलासबाट भएका देवानी मुद्दाको फैसला कार्यान्वयन प्रचलित कानूनबमोजिम हुनेछ।

(२) फैसला हुँदा प्रतिवादी उपस्थित रहेकोमा फैसलाबमोजिम लागेको कैद वा दण्ड जरिबानावापत थुनामा राख्न पठाइ दिनुपर्छ। प्रतिवादी अनुपस्थित रहेमा फैसलाबमोजिम लागेको दण्ड, जरिबाना वा कैद असुल गर्नुपर्नेमा लागेको दण्ड, जरिबाना वा कैदको अभिलेख आफ्नो अदालतमा राखी सम्बन्धित जिल्ला अदालतमा लगत कस्न पठाइदिनुपर्ने छ।

(३) दण्ड, सजाय वा कैद असुल गर्नुपर्ने गरी लगत प्राप्त भएमा सम्बन्धित जिल्ला अदालतले आफ्नो लगत किताबमा लगत कस्नुपर्ने छ। सम्बन्धित जिल्ला अदालतले लगत कसिएको जानकारी लगत पठाउने वाणिज्य इजलास रहेको अदालतलाई दिनुपर्ने छ।

(४) सम्बन्धित जिल्ला अदालतबाट लगत कसिएको जानकारी प्राप्त भएपछि फैसला गर्ने अदालतले आफू कहाँ रहेको अभिलेखमा सो ब्यहोरा उल्लेख गर्नुपर्ने छ।

(५) मुद्दाको पक्षको निवेदनबाट फैसला कार्यान्वयनको कारबाही गरिरहनु नपर्ने अन्य विषयमा फैसलाको जानकारी दिने, कुनै निकाय, कार्यालय, अधिकारीलाई आदेश, निर्देशन दिनुपर्ने कुराको हकमा फैसला अन्तिम भई मिसिल प्राप्त भएको सात दिनभित्र रजिस्ट्रार वा निजले तोकेको वाणिज्य मुद्दा शाखा हेर्ने अधिकृतले फैसलाबमोजिम गर्न सम्बन्धित निकायमा लेखी पठाइदिनुपर्ने छ।

**अपराध पीडित संरक्षण ऐन, २०७५**

**दफा २९. अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्नेः** (१) पीडितलाई तत्काल उपचार गराउनुपर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनुपरेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश भएमा पीडितलाई कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनुपर्ने छ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको क्षतिपूर्ति वा राहत रकम अदालतबाट फैसला हुँदा अभियोग लागेको व्यक्ति कसुरदार ठहर भएमा त्यस्तो कसुरदारलाई फैसला भएको पैंतिस दिनभित्र रकम कोषमा जम्मा गर्न अदालतले आदेश दिनेछ।

(४) उपदफा (३) बमोजिम अदालतले आदेश दिएकोमा त्यस्तो कसुरदारले क्षतिपूर्ति वा राहतबापतको रकम कोषमा जम्मा गर्नुपर्ने छ र निजले सो अवधिमा त्यस्तो रकम जम्मा नगरेमा फैसला भएको साठी दिनभित्र त्यस्तो कसुरदारको जुनसुकै जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने छ।

**दफा ३०. कसुरदारबाटै क्षतिपूर्ति भराइ दिनेः** (१) अदालतले मुद्दाको अन्तिम किनारा गर्दा कसुरदारबाट पीडितलाई मनासिब माफिकको रकम क्षतिपूर्ति स्वरुप भराइदिने गरी आदेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अदालतले क्षतिपूर्ति भराउने आदेश गर्दा पीडितले दफा २९ बमोजिम अन्तरिम क्षतिपूर्ति प्राप्त गरे नगरेको बारेमा यकिन गर्नुपर्ने छ।

(३) दफा २९ बमोजिम अन्तरिम क्षतिपूर्ति प्राप्त गरिसकेको पीडितलाई उपदफा (१) बमोजिम कसुरदारबाट क्षतिपूर्ति भराइदिने गरी अदालतले आदेश दिएमा पीडितले प्राप्त गरेको अन्तरिम क्षतिपूर्तिबापतको रकम कोषमा फिर्ता गरी बाँकी रकम मात्र पीडितलाई उपलब्ध गराइनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएकोमा भए तापनि कसुरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएमा वा कसुरसँग सम्बन्धित मुद्दा प्रचलित कानूनबमोजिम फिर्ता भएमा अदालतले कोषबाट क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराइदिने गरी आदेश गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम आदेश प्राप्त भएको पैंत्तिस दिनभित्र कोषबाट क्षतिपूर्तिबापतको रकम पीडितलाई उपलब्ध गराइनेछ।

**दफा ४१. क्षतिपूर्ति शुल्कसम्बन्धी व्यवस्थाः** (१) कसुरदारको क्षतिपूर्ति शुल्कबापत देहायबमोजिमको रकम कोषमा बुझाउनुपर्ने छः

(क) एक वर्षभन्दा कम कैद सजाय भएमा दुई सय रुपैयाँ,

(ख) एक वर्षदेखि दुई वर्षसम्म कैद सजाय भएमा चार सय रुपैयाँ,

(ग) दुई वर्षभन्दा माथि तीन वर्षसम्म कैद सजाय भएमा छ सय रुपैयाँ,
(घ) तीन वर्षभन्दा माथि चार वर्षसम्म कैद सजाय भएमा आठ सय रुपैयाँ,
(ङ) चार वर्षभन्दा माथि पाँच वर्षसम्म कैद सजाय भएमा एक हजार रुपैयाँ,
(च) पाँच वर्षभन्दा माथि आठ वर्षसम्म कैद सजाय भएमा तेह्र सय रुपैयाँ,
(छ) आठ वर्षभन्दा माथि बाह्र वर्षसम्म कैद सजाय भएमा एक हजार आठ सय रुपैयाँ,
(ज) बाह्र वर्षभन्दा माथि र जन्मकैदभन्दा मुनिसम्म कैद सजाय भएमा दुई हजार दुई सय रुपैयाँ,
(झ) जन्मकैद सजाय भएमा दुई हजार आठ सय रुपैयाँ।

(२) कैद सजाय नभई जरिवाना मात्र हुने ठहरेको कसुरदारले लागेको जरिवानाको चार प्रतिशतले हुन आउने रकम क्षतिपूर्ति शुल्क तिर्नुपर्ने छ।

(३) कसुरदारलाई कैद र जरिवाना दुबै सजाय भएकोमा कैद वा जरिवानामध्येबाट उपदफा (१) वा (२) बमोजिम हिसाब गर्दा जुन रकम बढी हुन्छ त्यति रकम क्षतिपूर्ति शुल्क बुझाउनुपर्ने छ।

(४) यस दफाबमोजिमको क्षतिपूर्ति शुल्क अदालतले सम्बन्धित कसुरको फैसला गर्दाको अवस्थामा नै निर्धारण गरिदिनुपर्ने छ।

**फौजदारी कसुर (पीडित राहत कोष) नियमावली, २०७७**

**नियम ८. जिल्ला अदालतलाई रकम उपलब्ध गराउनेः** कसुर पीडितलाई अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट जिल्ला अदालतको नाममा रकम निकासा दिनेछ।

**लागु औषध (नियन्त्रण) ऐन, २०३३**

**दफा ११कः लागु औषधसम्बन्धी मुद्दामा अदालतबाट म्याद थप भएपछि लागु औषध नष्ट गर्नुपर्नेः** कुनै व्यक्तिबाट लागु औषध बरामद भएपछि औषध नियन्त्रण अधिकारीले लागु औषधको प्रत्येक पोकाबाट प्रहरी सहायक निरीक्षक र मुद्दा हेर्ने अधिकारीले खटाएको एकजना कर्मचारीको रोहबरमा बढीमा तीन ग्रामसम्म लागु औषध प्रत्येक पोकाबाट स्याम्पल लिई परीक्षणको लागि पठाउने, लागु औषधको प्रकृति छुट्याउन लागु औषध मुद्दाको अनुसन्धान अधिकारीले त्यस्तो लागु औषधको स्याम्पल नमुनाको लागि राख्ने र अदालतमा त्यस्तो मुद्दामा म्याद थपका लागि पेश भएपछि अदालतले प्रत्येक पोकाबाट बढीमा तीन ग्राम लागु औषधको नमुना राखी बाँकी लागु औषध सम्बन्धित जिल्ला अदालतको प्रतिनिधि, स्थानीय जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि र स्थानीय नगरपालिका वा गाउँपालिकाको प्रतिनिधिसमेतको रोहबरमा मुद्दा म्याद थपका लागि अदालतमा पेश भएको पन्ध्र दिनभित्र नष्ट गर्नुपर्ने छ।

**दफा १८. अपराधसित सम्बन्धित मालसामान जफत हुनेः** यस ऐनअन्तर्गत सजाय हुने अपराधसित सम्बन्धित सबै लागु औषध तथा त्यस्तो लागु औषध निर्माण वा उत्पादन गर्न प्रयोग गरिएका सबै मालसामान तथा यन्त्रहरू जफत हुनेछन् र त्यस्तो लागु औषध राखी ओसारपसार गर्न प्रयोग गरिएका रेल तथा हवाइजहाजबाहेक जुनसुकै सवारीसमेत जफत हुनेछ।

तर सो सवारी त्यस्तो अपराध गर्न प्रयोग गरिने वा गरिएको कुरा सवारी धनीलाई थाहा थिएन भन्ने कुराको प्रमाण निजले पेश गर्न सकेमा भने त्यस्तो सवारी जफत गरिने छैन।

**कसुरजन्य सम्पत्ति, साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७०**

**दफा ११. सम्पत्ति वा साधन जफत हुनेः** (१) प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भए तापनि कसुरबाट प्राप्त सम्पत्ति वा कसुरसँग सम्बन्धित साधन कसुरदार वा अन्य जुनसकै व्यक्तिसँग रहे भएको भए तापनि जफत हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्ति वा साधन लुकाएको, उपभोग गरेको, निःसर्ग गरेको, दफा १२ को उपदफा (२) को खण्ड (ग) वा (घ) बमोजिमको अवस्था भएको वा अन्य कुनै कारणले जफत गर्न नसकिने भएमा कसुरदारको त्यस्तो सम्पत्ति वा साधनको प्रचलित मूल्य बराबरको अन्य सम्पत्ति जफत हुनेछ।

(३) यस दफाबमोजिम सम्पत्ति वा साधन जफत गर्दा अदालतको आदेश वा फैसला अन्तिम भएपछि जफत गरिने छ।

**दफा १२. निर्दोष तेस्रो व्यक्तिको अधिकारको संरक्षणः** (१) दफा ११ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले निर्दोष तेस्रो व्यक्तिको कानूनी अधिकारको संरक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्दोष तेस्रो व्यक्तिको कानूनी अधिकारको संरक्षण गर्न अदालतले देहायको अवस्थामा सम्पत्ति वा साधन जफत गर्ने छैनः

(क) त्यस्तो व्यक्ति कसुरमा संलग्न भएको नदेखिएमा,

(ख) कुनै सम्पत्ति वा साधन कसुरबाट प्राप्त भएको वा कसुरसँग सम्बन्धित भएको नदेखिएमा,

(ग) कसुर हुनुभन्दा अगावै कसैलाई दिएको सम्पत्ति वा साधनको हकमा त्यस्तो सम्पत्ति वा साधन दिँदाका बखत कसुरमा प्रयोग हुन सक्छ भन्ने कुरा निजलाई जानकारी भएको नदेखिएमा,

(घ) कसुर हुँदाका बखत वा कसुर भइसकेपछि प्राप्त गरेको सम्पत्ति वा साधनको हकमा त्यस्तो व्यक्ति कसुरमा संलग्न नदेखिएमा र त्यस्तो सम्पत्ति वा साधन कसुरबाट प्राप्त भएको वा कसुरसँग सम्बन्धित भएको कुरा निजलाई जानकारी भएको वा जानकारी हुन सक्ने मनासिब आधार भएको नदेखिएमा।

(३) जफत भइसकेको कुनै सम्पत्ति वा साधनमा उपदफा (२) बमोजिमको अवस्था भई निर्दोष तेस्रो व्यक्तिको कानूनी अधिकार भएको देखिएमा अदालतले त्यस्तो सम्पत्ति वा साधन सम्बन्धित व्यक्तिलाई फिर्ता दिलाइ दिनेछ।

(४) उपदफा (३) बमोजिम फिर्ता दिनुपर्ने ठहरिएको सम्पत्ति वा साधन लिलाम बिक्री भइसकेको देखिएमा त्यस्तो सम्पत्ति वा साधन लिलाम बिक्री हुँदा प्राप्त भएको रकम अदालतले सम्बन्धित व्यक्तिलाई फिर्ता दिलाइ दिनेछ।

**दफा १७. सम्पत्ति वा साधन लिलाम बिक्री गरिनेः** (१) अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन अदालतको फैसला वा आदेश अन्तिम भएपछि विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले यस परिच्छेदबमोजिम अविलम्ब लिलाम बिक्री गर्नु वा गराउनुपर्ने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतको आदेश वा फैसलाबमोजिम जफत हुने ठहरिएको सम्पत्ति वा साधन सार्वजनिक हित, महत्त्व, सुरक्षा वा अन्य कुनै कारणले लिलाम बिक्री गर्न उपयुक्त हुने नदेखिएमा वा त्यस्तो सम्पत्ति वा साधन नेपाल सरकारको लागि उपयोगी हुने नदेखिएमा वा त्यस्तो सम्पत्ति वा साधन नेपाल सरकारको लागि उपयोगी हुने देखिएमा त्यस्तो सम्पत्ति वा साधन लिलाम बिक्री नगरी नेपाल सरकारले सोको समुचित उपयोग वा अन्य आवश्यक र उपयुक्त व्यवस्था गर्न सक्नेछ।

**दफा १८. सम्पत्ति वा साधनको मूल्याङ्कनः** (१) अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन लिलाम बिक्री गर्नु अघि सोको मूल्य निर्धारण गर्न विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले त्यस्तो सम्पत्ति वा साधनको मूल्याङ्कन गर्नुपर्ने।

(२) विभागबाट लिलाम बिक्री गरिने सम्पत्ति वा साधनको मूल्याङ्कन गर्न देहायबमोजिमको एक मूल्याङ्कन समिति रहने छः

| | |
|---|---|
| (क) विभागको महानिर्देशक | - संयोजक |
| (ख) प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| (ग) प्रतिनिधि, सार्वजनिक खरिद अनुसन्धान कार्यालय | - सदस्य |
| (घ) प्रतिनिधि, महालेखा नियन्त्रकको कार्यालय | - सदस्य |
| (ङ) विभागको लेखा प्रमुख | - सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन समितिमा मूल्याङ्कन गर्नुपर्ने सम्पत्ति वा साधनको प्रकृतिको आधारमा सम्बन्धित निकाय वा संस्थाको प्रतिनिधिलाई सदस्यको रूपमा आमन्त्रण गर्नुपर्ने छ।

(४) जिल्ला प्रशासन कार्यालयबाट लिलाम बिक्री गरिने सम्पत्ति वा साधनको मूल्याङ्कन गर्न प्रत्येक जिल्लामा देहायबमोजिमको एक मूल्याङ्कन समिति रहने छः

| | |
|---|---|
| (क) प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| (ख) जिल्ला न्यायाधिवक्ता | - सदस्य |
| (ग) तहसिलदार, जिल्ला अदालत | - सदस्य |
| (घ) कोष तथा लेखा नियन्त्रक | - सदस्य सचिव |

(५) उपदफा (४) बमोजिमको मूल्याङ्कन समितिमा मूल्याङ्कन गर्नुपर्ने सम्पत्ति वा साधनको प्रकृतिको आधारमा सम्बन्धित निकाय वा संस्थाको प्रतिनिधिलाई सदस्यको रुपमा आमन्त्रण गर्नुपर्ने छ।

(६) उपदफा (२) वा (४) बमोजिमको मूल्याङ्कन समितिले लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति वा साधनको मूल्याङ्कन गर्दा सम्बन्धित क्षेत्रको विशेषज्ञलाई मूल्याङ्कन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) उपदफा (२) बमोजिमको मूल्याङ्कन समितिको सचिवालय विभागमा र उपदफा (४) बमोजिमको मूल्याङ्कन समितिको सचिवालय सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल सडिगली जाने तोकिएका सम्पत्ति वा साधनको मूल्याङ्कन विभागको महानिर्देशक वा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले गर्नेछ।

**दफा १९. सम्पत्ति वा साधन मूल्याङ्कन गर्ने आधारः** (१) लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति वा साधन मूल्याङ्कन गर्दा क्रमशः देहायका आधारमा गर्नुपर्नेछः

(क) प्रचलित कानूनबमोजिम मूल्य तोकिएको वा निर्धारण गरिएको भए त्यस्तो मूल्यका आधारमा,

(ख) सम्पत्ति वा साधनमा सोको मूल्य उल्लेख भएकोमा सोही मूल्यका आधारमा,

(ग) सम्पत्ति वा साधनको बिलबिजक फेला परेमा सोही बिलबिजकको आधारमा,

(घ) आयात भएको सम्पत्ति वा साधन भए भन्सार कार्यालयमा बुझाएको प्रज्ञापनपत्रमा उल्लिखित मूल्यको आधारमा,

(ङ) बजारमा खरिद बिक्री हुने सम्पत्ति वा साधन भए स्थानीय बजार मूल्यको आधारमा,

(च) अन्य उपयुक्त आधारमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लिलाम बिक्री गर्नुपर्ने सुन, चाँदी जस्ता बहुमूल्य धातु वा वस्तु र शेयरको मूल्याङ्कन गर्दा अघिल्लो दिनको बजार मूल्यको आधारमा गर्नुपर्ने छ।

(३) यस दफाबमोजिम सम्पत्ति वा साधन मूल्याङ्कन गर्दा प्रचलित कानूनबमोजिम ह्रासकट्टि गर्नुपर्ने प्रकृतिका सम्पत्ति वा साधन भए सोको ह्रासकट्टिसमेत गर्नुपर्ने छ।

**दफा २०. सम्पत्ति वा साधन लिलाम बिक्रीसम्बन्धी कार्यविधिः** (१) यस ऐनबमोजिम जफत गरिएको सम्पत्ति वा साधनको दफा १८ बमोजिम मूल्याङ्कन गरेपछि विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले त्यस्तो सम्पत्ति वा साधन सार्वजनिक रुपमा लिलाम बिक्री गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति वा साधन सार्वजनिक रुपमा लिलाम बिक्री गर्दा त्यस्तो सम्पत्ति वा साधनको प्रकृति तथा मूल्यको आधारमा सात दिनदेखि पैंतिस दिनसम्मको सूचना राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने छ। तर दफा २१ बमोजिम सम्पत्ति वा साधन लिलाम बिक्री गर्दा वा पचास हजार रुपैयाँभन्दा कम मूल्य कायम भएको सम्पत्ति वा साधन लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, सम्बन्धित कार्यालय, उद्योग वाणिज्य संघ तथा स्थानीय निकायको कार्यालयमा सूचना टाँस गरी लिलाम बिक्रीसम्बन्धी कारबाही गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम गरिने लिलाम बिक्रीमा सहभागी हुन चाहने व्यक्तिले तोकिएबमोजिमको रकम विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले तोकिदिएको धरौटी खातामा जम्मा गर्नुपर्ने छ।

(४) सम्पत्ति वा साधन लिलाम बिक्री गर्दा दफा १८ बमोजिम निर्धारण गरिएको मूल्यमा नघट्ने गरी सबैभन्दा बढी मूल्य कबोल गर्ने व्यक्तिलाई दिनुपर्ने छ।

(५) उपदफा (४) बमोजिम सम्पत्ति वा साधन लिलाम बिक्री गर्दा लिलाम सकार गर्ने व्यक्तिलाई त्यस्तो सम्पत्ति वा साधन उठाई लैजान सम्पत्ति वा साधनको प्रकृति हेरी तीन दिनदेखि पैंतिस दिनसम्मको म्याद दिनुपर्ने छ।

(६) बढी मूल्य कबोल गर्ने व्यक्तिले लिलाम सकार नगरेमा वा उपदफा (५) बमोजिम दिइएको म्यादभित्र लिलाम सकार गर्न नआएमा निजले राखेको धरौटी जफत गरी सो भन्दा घटी दोस्रो, तेस्रो र आवश्यकता अनुसार क्रमशः पछिल्लो बढी मूल्य कबोल गर्ने व्यक्तिलाई लिलाम बिक्री गर्नुपर्ने छ।

(७) उपदफा (२), (४), (५) वा (६) बमोजिम लिलाम बिक्रीसम्बन्धी कारवाही गर्दा समेत कसैले पनि लिलाम सकार नगरेमा त्यस्तो सम्पत्ति वा साधनको पुनः मूल्याङ्कन गरी लिलाम बिक्रीको लागि बढीमा दुई पटक पन्ध्र दिनसम्मको म्याद दिई सूचना प्रकाशन गर्नुपर्ने छ।
तर सवारी साधन लिलाम बिक्रीको लागि सूचना प्रकाशन गर्दा प्रत्येक पटक एक्काइस दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्ने छ।
(८) उपदफा (७) बमोजिम गर्दा समेत सम्पत्ति वा साधन लिलाम बिक्री हुन नसकेमा विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले त्यस्तो सम्पत्ति वा साधन धातुको भए कवाडीको रुपमा वा वार्ता गरी उपयुक्त रुपमा लिलाम बिक्री गर्नुपर्ने छ।
(९) सम्पत्ति वा साधन लिलाम बिक्रीको लागि उपदफा (२) वा (७) बमोजिम सूचना प्रकाशन गर्दा त्यस्तो सूचना विभागको वेबसाइटमा समेत प्रकाशन गर्नुपर्ने छ।

**दफा २१.** लिलाम बिक्रीसम्बन्धी विशेष व्यवस्था (१) दफा १७ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा परिच्छेद-२ बमोजिम नियन्त्रणमा लिइएको कुनै सम्पत्ति वा साधन राखिराख्दा खिया लाग्ने, टुटिफुटी वा सडिगली जाने वा अन्य कुनै कारणले हानि नोक्सानी हुने भएमा विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले कसुरसम्बन्धी मुद्दा अनुसन्धान तथा तहकिकातको क्रममा रहेको भए सम्बन्धित सरकारी वकिलको परामर्श लिई र अदालतमा मुद्दा पेश भइसकेको भए अदालतको अनुमति लिई त्यस्तो सम्पत्ति वा साधन जफत हुनु अगावै लिलाम बिक्री गर्नुपर्ने छ।
(२) कसुरसम्बन्धी मुद्दामा दशी प्रमाणको रुपमा अदालतसमक्ष पेश भएको कुनै सम्पत्ति वा साधन त्यसै राखिराख्दा खिया लाग्ने, टुटिफुटी वा सडिगली जाने वा अन्य कुनै कारणले हानि नोक्सानी हुने देखेमा अदालतले त्यस्तो सम्पत्ति वा साधन लिलाम बिक्री गर्न आदेश दिन सक्नेछ।
(३) उपदफा (१) वा (२) बमोजिमको अवस्थामा विभाग वा जिल्ला प्रशासन कार्यालयले सम्पत्ति वा साधन लिलाम बिक्री गर्दा यसै परिच्छेदबमोजिमको कार्यविधि अपनाउनुपर्ने छ।
(४) यस दफाबमोजिम सम्पत्ति वा साधन लिलाम बिक्री गर्दा प्राप्त हुन आएको रकमसम्बन्धी तथा अन्य तोकिएबमोजिमको विवरण विभाग वा जिल्ला प्रशासन कार्यालयले सम्बन्धित अदालतलाई लिलाम सकार गरेको सात दिनभित्र दिनुपर्ने छ।

**फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन २०७४**

**दफा १७क. कम सजाय तोक्ने र राय पेश गर्ने:** (१) प्रचलित कानूनबमोजिम जन्मकैद गर्नुपर्ने मुद्दाको अभियुक्तले कसुर गरेको कुरामा अदालतमा साबित भएको र मिसिल संलग्न प्रमाणबाट त्यस्तो साबिती साँचो देखिएमा निजलाई जन्मकैदको सजाय दिँदा त्यस्तो कसुर गर्दाको परिस्थितिलाई विचार गर्दा न्यायको रोहमा बढी पर्ने भई न्यायाधीशले घटी सजाय गर्न उपयुक्त देखेमा सोको कारण खुलाइ रायसहितको फैसला गर्न सक्नेछ। (२) उपदफा (१) बमोजिमको कसुरदारलाई हुनुपर्ने सजायको प्रस्तावसहित पैंतिस दिनभित्र मिसिलसहित पुनरावेदन सुन्ने अदालतमा राय पेश गर्नुपर्ने छ। उपदफा (२) बमोजिम राय पेश

भएको विषयमा पुनरावेदन सुन्ने अदालतले पनि घटी सजाय गर्ने ठहर गरेकोमा सर्वोच्च अदालतमा राय पेश गर्नुपर्ने छ।

**वन ऐन, २०७६**

**दफा ६८. बरामद भएका मालबस्तु जफत हुनेः** कसैले यो ऐनबमोजिम सजाय हने कसुर गरेको ठहरेमा त्यस्तो कसुरसँग सम्बन्धित बरामद भएका बोझबाहक, औजार, हतियार, चौपाया र अन्य साधनहरू जफत हुनेछन्।

(२) यस ऐनबमोजिम सजाय हने कसुरको अनसुन्धानको सिलसिलामा बरामद भएका बोझबाहक, औजार, हतियार चौपाया र अन्य साधनहरू मुद्दा हेर्ने अधिकारीको अनुमतिमा लिलाम बिक्री गरी प्राप्त रकम मुद्दा किनारा नलागुञ्जेलसम्म धरौटी खातामा राख्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि कसुरदारबाहेक अन्य व्यक्तिले जानीजानी कसुरदारलाई सघाउ पुऱ्याउन त्यस्तो सवारी साधन प्रयोग गरेको वा प्रयोग गर्न दिएको अवस्थामा अनसुन्धानबाट नदेखिएमा वा पचास हजार रूपैयाँभन्दा कम मोल पर्ने बोझबाहक जफत गरिने छैन् र त्यस्तो कार्य गर्नेलाई यस ऐनबमोजिम हुने सजायमा पचास हजार रूपैयाँसम्म थप सजाय हुनेछ।

**दफा ६९. जफत भएका वनस्पति र वनस्पति स्रोत व्यवस्थापनः** नेपाल सरकार वा प्रदेश सरकारले यस ऐनबमोजिमको कसुरमा जफत भएको कुनै वनस्पति तथा वनस्पति स्रोतलाई शैक्षिक वैज्ञानिक अध्ययन, अनसुन्धान वा औषधीजन्य प्रयोग वा धार्मिक कार्यका लागि सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन वा नष्ट गर्न सक्नेछ।

**बाल न्याय कार्यविधि नियमावली, २०७६**

**दफा १९. बाल अदालतले दिशान्तर गर्न सक्नेः** (१) बाल अदालतले ऐनको दफा २७ बमोजिम कसुरजन्य कार्यको अभियोग लागेको बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न मनासिब देखेमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा रहेको भए पनि ऐनको दफा २८ को अवस्था विचार गरी दफा २९ को कुनै प्रक्रिया अवलम्बन गर्ने गरी अनुसूची- ७ बमोजिमको ढाँचामा दिशान्तरको निर्णय गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिशान्तर गर्ने निर्णय गर्दा त्यसको आधार, कारण तथा दिशान्तरको प्रक्रिया, पीडितलाई भएको हानि नोक्सानीबापतको क्षतिपूर्ति, दिशान्तर गरिएको बालबालिका दिशान्तर प्रक्रियामा निरन्तर रहे नरहेको अनुगमन गर्ने प्रक्रिया खुलाइ नियम ९ को उपनियम (७), (८) र (९) को व्यवस्थाको अधीनमा रही निर्णय गर्नुपर्ने छ। (३) ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ग) को अधीनमा रही उपनियम (१) र (२) बमोजिम गरिएको दिशान्तरको निर्णयउपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले तिस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**दफा २८. निःशुल्क प्रतिलिपि दिनुपर्नेः** बाल अदालतले फैसलाको प्रतिलिपि सम्बन्धित बालबालिका वा निजको बाबु, आमा, परिवारको सदस्य, संरक्षक वा कानून व्यवसायीलाई निःशुल्क उपलब्ध गराउनुपर्ने छ।

## परिच्छेद- तीन
## तपसिल खण्ड लेख्दा विचार गर्नुपर्ने कुराहरू

तपसिल खण्ड उल्लेख गर्दा फैसलाको ठहर खण्डले निर्देश गरेको विषयलाई कार्यान्वयन हुन सक्ने गरी स्पष्ट मार्गदर्शन गर्नुपर्ने हुन्छ। तपसिल खण्ड लेख्दा देहायका विषयमा विचार पुऱ्याउनुपर्ने हुन्छः

**क. सरकारवादी फौजदारी मुद्दा**

**सुरु तहमा**

- के कति र कुन कुन प्रतिवादीहरू छन् तथा कहिलेदेखि थुनामा रहेका छन् हेर्ने, कहिलेसम्म थुनामा रहनुपर्ने हो र कुन मितिमा छुटिजाने हो? यकिन गरी तपसिल खण्डमा खुलाउनुपर्ने।
- कुन कुन प्रतिवादीहरू सुरुदेखि नै फरार रहेका छन् ? सजाय पाएका प्रतिवादीलाई फैसलाको जानकारी गराउनुपर्ने व्यहोरा उल्लेख गर्ने।
- सजाय गर्दा प्रतिवादीलाई जनही वा दामासाही हुने विषय स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने हुन्छ।
- एकभन्दा बढी मुद्दा वा कसुरमा सजाय ठहर भएकोमा कैद हद हुने नहुने विषय पनि एकिन गरी उल्लेख गर्नुपर्ने हुन्छ।
- थुनामा रहेको भए कुन कारागारमा कहिलेदेखि थुनामा रहेका छन्? उनीहरूलाई फैसलाको जानकारी वा पुनरावेदनको म्याद दिनुपर्ने नपर्ने र पुनरावेदनको म्याद प्रमाणीकरण भएको मितिदेखि सुरु हुने व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्ने।
- फैसलाको पूर्ण पाठ तयार भएपछि फैसलाको जानकारी दिनुपर्ने वा फैसलाको जानकारी पाउनुपर्ने विषयमा सम्बोधन गर्नुपर्ने।
- थुनछेकको आदेशअनुरूप जेथा जमानत, बैंक ग्यारेण्टी वा नगद राखी तारिखमा बसेका प्रतिवादी को को छन् र फैसलाअनुसार सो जेथा जमानत, बैंक ग्यारेण्टी वा नगद के हुने हो उल्लेख गर्नुपर्ने हुन्छ।
- बैंक ग्यारेण्टी जेथा वा धरौट राखी तारिखमा बसेको व्यक्तिले तारिख गुजारेको छ, छैन? तारिख गुजारेमा धरौट जमानत के गर्नुपर्ने हो ? उल्लेख गर्नुपर्ने हुन्छ।
- प्रतिवादीबाट पेश भएको नगद, धरौट, बैंक ग्यारेण्टी वा जेथा जमानतको रकम फिर्ता वा फुकुवाको विषयमा उल्लेखन गर्दा प्रतिवादीबाट असुल हुनुपर्ने सजाय तथा भराउनुपर्ने सरकारी विगो एवं अन्य रकम क्षतिपूर्तिसमेतलाई दृष्टिगत गर्नुपर्ने।
- फैसला सुनी राय किताबमा सहीछाप गर्ने वा सुनी पाएको कागज गर्ने प्रतिवादी कति छन्? फैसला सुनी पाएको कागज नगर्नेलाई पुनरावेदनको म्याद दिनुपर्ने अबस्था भए, नभएको सम्बन्धमा यकिन गर्नुपर्ने।
- कुन कुन प्रतिवादीलाई के कति सजाय भयो?, को कसले सफाइ पाएका छन्? र सफाइ पाउने व्यक्ति थुनामा रहेका छन्, छैनन्? भनी स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने।
- दसीका चिज वस्तुहरू बरामद भइआएका छन् छैनन्? भए अब के गर्नुपर्ने हो ? (जफत गर्ने, फिर्ता गर्ने, सडाउने, लिलाम गर्ने सम्बन्धी विवरण स्पष्ट उल्लेख गर्नुपर्ने।)
- साधक जाहेर गर्नुपर्ने हो, होइन ? हो भने सो कुराको उल्लेख गर्नुपर्ने।

- मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १४५क र मुलुकी फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिमको राय लेखिनेमा आधार र कारणसहित सजाय घटाउनुपर्ने राय उल्लेख गर्नुपर्ने र माथिल्लो अदालतमा पठाउने।
- पीडितले पाउने क्षतिपूर्ति भराइदिने वा सम्बन्धित पीडितले बिगो भरिपाउने कुरा उल्लेख गर्नुपर्ने।
- पीडित एवं जाहेरवालालाई फैसलाको जानकारी दिने कुरा उल्लेख गर्नुपर्ने। साथै पीडितलाई अन्तरिम राहत वा क्षतिपूर्ति दिएको भए सो कुरासमेत उल्लेख गर्नुपर्ने।
- कुन कार्यविधि ऐनअन्तर्गतको मुद्दा हो? र पुनरावेदनको म्याद कति दिनको दिनुपर्ने हो? कार्यविधिको आधारमा यकिन गर्ने।
- बन्द इजलासबाट सुनुवाइ भएको वा मुद्दामा पक्षको परिचयात्मक विवरण गोप्य राखिएको अवस्थामा सो सम्बन्धी विषयसमेत तपसिल खण्डमा उल्लेखन गर्नुपर्ने।
- अदालतमा आई बयान गरेका वा प्रतिउत्तर फिराएका व्यक्तिहरूमध्ये तारिख गुजारेका प्रतिवादीहरू छन्, छैनन्? भए त्यस्ता व्यक्तिलाई पुनरावेदनको म्याद दिनुपर्ने भएकोले अदालतमा आएपछि तारिख गुजारेमा पुनरावेदनको म्याद दिनुपर्ने कुरा उल्लेख गर्नुपर्ने।
- पीडितलाई प्रतिवादी वा निजबाट क्षतिपूर्ति दिलाउन नसकेको अवस्थामा क्षतिपूर्ति राहत कोषबाट अन्तरिम राहत वा क्षतिपूर्ति दिलाइएकोमा के कति राहत दिलाइएको हो? सो सम्बन्धमा यकिन गरी तपसिल खण्डमा उल्लेख गर्नुपर्ने।
- अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडित राहत कोषमा सजाय पाएका प्रतिवादीबाट जम्मा हुने रकमको उल्लेखन गर्ने।
- दुनियावादी फौजदारी मुद्दामा सजाय भए नभएको, क्षतिपूर्ति पाएको भए के कति कुन प्रतिवादीलाई क्षतिपूर्ति भराइदिने हो ? वादीको दावी पुगे, नपुगेको के हो? सोहीअनुसार पुनरावेदन म्याद दिने सम्बन्धी कुराको सम्वोधन गर्ने।
- कुनै प्रतिवादीको हकमा मुलतवी राखिएको भए सोको विवरण एवम् मुलतवी किताबमा जनाउनुपर्ने कुरा।

**पुनरावेदन तहमा**

- सुरु फैसलाउपर प्रतिवादीको पुनरावेदन परेको अवस्था भए, निजले दण्ड जरिबाना बुझाएको वा सो बापत धरौटी राखेको विवरण स्पष्ट उल्लेख गरी लगत राख्ने अदालतलाई सोको जानकारी दिने।
- उच्च अदालतबाट साधक सदर भएकोमा सर्वोच्च अदालतमा साधक जाहेर गर्ने। साधक सदर भएको जानकारी थुनुवालाई दिने।
- सुरुको फैसला उल्टी भई सफाइ पाएकोमा सुरुको लगत कट्टा गर्ने र सफाइ पाएको प्रतिवादी थुनामा भएमा थुनाबाट मुक्त गरिदिनु भनी सम्बन्धित कारागारलाई जानकारी दिने।
- सुरुको फैसला केही परिवर्तन भएकोमा सो परिवर्तन बमोजिमको लगत ब्यहोरा सच्याउनुपर्ने विवरण उल्लेख गर्ने।
- लगत कट्टा र संशोधनका लागि उल्लेख गर्दा सुरुमा कसिएको लगत नं. र मिति उल्लेख गर्ने।

- सुरुको फैसला परिवर्तन भएको वा फरक परेको अवस्थामा अर्को पक्ष वा दुवै पक्षलाई आवश्यकताअनुसार पुनरावेदन गर्न जाने सम्बन्धी विषयको सम्बोधन गर्नुपर्ने।
- थुनुवा भए फैसलाको जानकारी कारागार शाखामार्फत पठाइदिने।
- सुरु फैसला परिवर्तन भएमा वा दस वर्षभन्दा बढी कैद सजाय भएको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन गर्न जाने सम्बन्धी विषयको सम्वोधन गर्ने।
- सुरु अदालतले सफाइ दिई पुनरावेदन तहबाट सजाय ठहर भएमा फैसलाले ठहर भएको विषय कार्यान्वयन गर्ने गरी तपसिल खण्डमा लेखिनुपर्ने।
- तारिखमा नरहेको/नबसेको भए पुनरावेदकलाई जानकारी दिने।
- प्रतिवादीको पुनरावेदनमा प्रत्यर्थी झिकाइएको भएमा र पुनरावेदक वादी नेपाल सरकार भएमा सम्बन्धित सरकारी वकिल कार्यालयलाई फैसलाका प्रतिलिपि साथै राखी जानकारी दिने।

## ख. देवानी मुद्दा

### सुरु तहमा

- **पुनरावेदनको म्यादः** मुद्दामा दावी नपुग्ने वा हार्ने पक्षलाई कार्यविधिअनुसारको (सामान्य, विशेष र सङ्क्षिप्त) पुनरावेदनको म्याद दिने सम्बन्धी विषयमा सम्वोधन गर्ने।
- **अदालती शुल्कः** अदालती शुल्क बुझाएकोमा के कति बुझाएको हो र अदालती शुल्क पछि बुझाउने गरी सुविधा लिएकोमा कति रकमसम्मको सुविधा लिएको हो सोको अदालती शुल्कको रकम उल्लेख गर्ने।
- **रोक्का फुकुवाः** कारबाहीका क्रममा राखेको रोक्का फुकुवा गर्ने। कुन मितिको आदेशले, कुन मितिको पत्रले रोक्का राखेको हो? सोको विवरण उल्लेख गर्ने।
- **जनाउ दिनेः** मुद्दामा भएको आदेश कार्यान्वयनका लागि सम्बन्धित निकाय/कार्यालयलाई जनाउ दिने।
- **तायदाती उल्लेखनः** अंश मुद्दामा तायदाती विवरण उल्लेख गर्ने विवरण रुजु गर्ने।
- **कार्यान्वयनका लागि निर्देशनः** बिगो भराउने, चलन चलाउने, अंशबन्डा छुट्टाउनेलगायतका कार्यान्वयनका बारेमा स्पष्ट निर्देशन दिने। कार्यान्वयनका लागि लाग्ने दस्तुर र समयावधि यकिन गर्ने।
- तपसिल खण्डको व्यहोरा र ढाँचा उल्लेख गर्दा सर्वोच्च अदालतबाट तयार गरिएको मुलकी देवानी कार्यविधि दिग्दर्शनमा रहेका नमुनालाई ध्यानमा राख्नुपर्ने।
- **दायरीको लगत कट्टाः** मुद्दाको दायरीको लगत कट्टा गर्ने।
- **अभिलेखमा मिसिल बुझाउनेः** दायरीको लगत कट्टा भएको मिसिल अभिलेख शाखामा बुझाउने।
- **फैसला अपलोड गर्ने।**

### पुनरावेदन तहमा

- अदालती शुल्क जफत वा फिर्ता हुने हो के हो? उल्लेख गर्ने।

- धरौटी राखेको भए के गर्नुपर्ने हो? उल्लेख हुनपर्ने।
- रोक्का राखेकामा फुकुवा हुने, नहुने उल्लेख गर्ने।
- फैसला परिवर्तन भए सुरु अदालतलाई जानकारी दिने अनुरुपको लगत कट्टा गर्ने वा कुन कार्य कसरी गर्ने सम्बन्धमा यकिन गर्ने।
- तारिखमा नबसी पुनरावेदन गरेको भए पुनरावेदकलाई जानकारी दिने।
- कार्यान्वयनका लागि थप निर्देशन दिनुपर्ने भएमा थप कार्य गर्नका लागि उल्लेख गर्ने।
- दायरीको लगत कट्टा गरी मिसिल अभिलेखमा बुझाउने।
- सुरु र प्रमाण मिसिल सम्बन्धित निकायमा पठाउने, आदि।
- पक्ष तारिखमा रहेको हकमा सुरुको फैसला उल्टी वा केही उल्टी भै वादी दावी पुग्ने भै फैसला कार्यान्वयन हुनुपर्ने भएमा फैसला कार्यान्वयनको निमित्त सुरुमा तारिख तोकी पठाउनु पर्ने। सो अबस्था भएमा पक्ष तारिखमा नभएमा वादीलाई १५ दिनको सूचना पठाइ झिकाई फैसला कार्यान्वयन गर्ने विषय।
- विशेषज्ञबाट लिखत परीक्षणको लागि दस्तुर र दाखिल गर्ने पक्षको दावी पुगेमा अर्को पक्षबाट सो दस्तुर भराउने सम्बन्धी कुराको उल्लेखन गर्ने।
- तपसिल खण्डको व्यहोरा र ढाँचा उल्लेख गर्दा सर्वोच्च अदालतबाट तयार गरिएको मुलकी देवानी कार्यविधि दिग्दर्शनमा रहेका नमुनालाई ध्यानमा राख्नुपर्ने।
- सरकारवादी देवानी मुद्दामा पुनरावेदन तहबाट भएको फैसलाअनुसार कुन कुन विषयमा, कुन कुन कार्यालयमा, के कुन विषयमा र के के कार्य गर्न लेखी पठाउनुपर्ने हो ? र नेपाल सरकार वा सरकारी कार्यालय पुनरावेदक भएमा प्रत्यर्थी झिकाइएको भएमा सम्बन्धित सरकारी वकिल कार्यालयलाई जानकारी दिने विषयसमेतलाई ध्यान दिनुपर्ने।

## परिच्छेद- चार
## देवानी मुद्दामा लेखिने तपसिल खण्डको नमुना

**१. लेनदेन**

**दावी पुगेमा**

१. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादीले प्रतिवादीबाट फिराद दावीबमोजिम साँवा रू. ....। र सोको भरिभराउ मितिसम्मको हुने कानूनबमोजिमको व्याजसमेत भराइ पाउने ठहरेकाले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४२ बमोजिम विगोको तीन प्रतिशत दस्तुर लिई वादीलाई भराइदिनु भनी फैसलाको प्रतिलिपिसमेत साथै राखी तहसिल शाखामा लगत दिनु।

२. वादी .............प्रस्तुत मुद्दामा रूजु हाजिर रहेकोले प्रस्तुत फैसला कार्यान्बयन गर्ने प्रयोजनका लागि पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई निजलाई तहसिल शाखामा तारिख तोकी पठाउनु।

३. माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले फिराद दायर भएको मितिदेखि फैसला हुँदासम्मको कानूनबमोजिमको हुने व्याज रू. ....। को कानूनबमोजिम लाग्ने अदालती शुल्क रू. .....। र फैसला भएपछि विगो भरिभराउ हुँदासम्मको अवधिको कानूनबमोजिमको व्याजको कानूनबमोजिम लाग्ने अदालती शुल्क प्रतिवादीबाट असुलउपर गर्नु र प्रतिवादीबाट असुल हुन नसके विगो भराउँदाका बखत वादीबाट असुल गर्नु भनी तहसिल शाखामा लगत दिनु।

४. माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले फिराद साथ दाखिल गरेको अदालती शुल्क रू. ....। र माथि तपसिलको .... बमोजिम प्रतिवादीबाट असुल हुन नसकी वादीबाट असुल भएको अदालती शुल्क मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३ बमोजिम प्रतिवादीबाट भराइपाउने हुँदा भराइपाउँ भनी उक्त संहिताको दफा २४८(१) को म्यादभित्र वादीले निवेदन दिएमा केही दस्तुर नलिई वादीलाई भराइदिनु भनी तहसिल शाखामा लगत दिनु।

माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६५ बमोजिम अदालती शुल्क पछि तिर्ने सुविधा पाइ फिरादपत्र दायर गरेको देखिँदा कानूनबमोजिम लाग्ने अदालती शुल्क रू. ....। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३(३) बमोजिम प्रतिवादीबाट जरिवाना सरह असुल गर्नु भनी तहसिल शाखामा लगत दिनु। **(संहिताको दफा ६५ बमोजिम सुविधा लिएकोमा मात्र)**

**५.** यस अदालतको मिति ........... को आदेश र च. नं. ......, मिति ........... को पत्रानुसार रोक्का राखिएको .......... नामको कि. नं. ......... क्षेत्रफल ....... को घर जग्गा/जग्गा वा ............ विगो भरिभराउको कार्य सम्पन्न भएपछि अन्य कारणबाट रोक्का राखु नपर्ने भएमा प्रस्तुत मुद्दाबाट रहेको रोक्का फुकुवा गरिदिनु भनी सम्बन्धित कार्यालयमा लेखी पठाउन तहसिल शाखामा जानकारी दिनु। **(रोक्का राखिएको भएमा मात्र)**

**६.** माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादी दावी पुग्ने ठहरेको र प्रतिवादी मुद्दा फैसला हुँदा अनुपस्थित रहेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम प्रस्तुत फैसलाउपर चित्त नबुझे ३० दिनभित्र उच्च अदालत ......................मा पुनरावेदन गर्न

जानु भनी प्रतिवादी ......................... लाई पुनरावेदनको म्याद दिनु। **(प्रतिवादी अनुपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा प्रतिवादी आफै/वारिस ......... उपस्थित भएको र पूर्व निर्धारित सुनुवाइको दिनमा नै मुद्दा फैसला भएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(३) बमोजिम निजले फैसला भएको थाहा पाएको मानिने हुँदा प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत .........मा पुनरावेदन गर्न सक्ने नै देखिँदा प्रतिवादी ............लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा उपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/वारिस ............. उपस्थित भएको/कानून व्यवसायी वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री .............. उपस्थित भई वहस पैरवी गरेको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(४) बमोजिम फैसला भएको जानकारी पाएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत .........मा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी ...........लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/प्रतिवादीको वारिस उपस्थित भएको वा प्रतिवादीको तर्फबाट कानून व्यवसायीद्वारा वहस पैरवी भएकोमा)**

(आंशिक मात्र दावी पुगेकोमा पुनरावेदनको म्यादको सम्बन्धमा उपर्युक्तअनुसारको व्यहोरा वादीको हकमा पनि उल्लेख गर्नुपर्ने हुन्छ)

प्रतिवादीले म्यादभित्र प्रतिउत्तर नफिराई सुरु म्यादै गुजारी बसेकोले फैसला भएको जनाउ प्रतिवादीलाई दिनु र जनाउको सूचना तामेल हुन नसके फैसला भएको जानकारीसहितको सूचना नेपाल सरकारको स्वामित्व भएको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु। **(एकतर्फी फैसला भएकोमा)**

७. माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीबाट पेश भएको भरपाई/लिखत किर्ते जालासाजी भनी लिएको दावी पुग्ने ठहरेकाले लिखत जाँच गर्दा वादीले बुझाएको रकम रू. .....। मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम ३२(५) बमोजिम वादीले प्रतिवादीबाट भरिपाउने हुँदा कानूनबमोजिम गरी सो रकम भराइदिनु भनी तहसिल शाखामा लगत दिनु। **(लिखत जाँच गर्दा लाग्ने दस्तुर वादीबाट दाखिला भएकोमा)**
८. सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रित पुऱ्याइदिनु।
९. प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेभसाइटमा प्रकाशित गर्नु।
१०. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु र मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनु।

**दावी नपुग्ने गरी फैसला भएकोमा**

**(दावी नपुगेकोमा अरू मुद्दामा पनि सम्बन्धित मुद्दाको मिसिलको सन्दर्भअनुसार मिलाई यस्तै गरी तपसिल खण्ड लेखिनु उपयुक्त हुन्छ।)**

१. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादी दावी पुग्न नसक्ने ठहरेकाले वादीले फिरादपत्र दर्ता गर्दा दाखिल गरेको अदालती शुल्क रू. .....। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८१ बमोजिम जफत हुन्छ, कानूनबमोजिम गर्नु।

२. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादी दावी नपुग्ने ठहरेको र वादी मुद्दा फैसला हुँदा अनुपस्थित रहेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम प्रस्तुत फैसलाउपर चित्त नबुझे ३० दिनभित्र उच्च अदालत ..........मा पुनरावेदन गर्न जानु भनी वादी .......... लाई पुनरावेदनको म्याद दिनु। **(वादी मुद्दा फैसला हुँदा अनुपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा वादी आफै/वारिस ........................... उपस्थित भएको र पूर्व निर्धारित सुनुवाइको दिनमा नै मुद्दा फैसला भएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(३) बमोजिम निजले फैसला भएको थाहा पाएको मानिने हुँदा प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत ..........मा पुनरावेदन गर्न सक्ने नै देखिँदा वादी ...........लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा उपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइ हुँदा वादी आफै/वारिस .................... उपस्थित भएको/कानून व्यवसायी वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ............. उपस्थित भई वहस पैरवी गरेको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(४) बमोजिम फैसला भएको जानकारी पाएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत ...........मा पुनरावेदन गर्न सक्ने नै हुँदा वादी ............लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(मुद्दा सुनुवाइ हुँदा वादी आफै/वादीको वारिस उपस्थित भएको वा वादीको तर्फबाट कानून व्यवसायीद्वारा वहस पैरवी भएकोमा)**

**३.** माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादी दावी पुग्न नसक्ने ठहरेकाले वादीले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६५ बमोजिम अदालती शुल्क पछि तिर्ने सुविधा पाइ फिरादपत्र दायर गरेको देखिँदा कानूनबमोजिम लाग्ने अदालती शुल्क रू. .....। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३(५) बमोजिम वादीबाट असुल गर्नु भनी तहसिल शाखामा लगत दिनु। **(सुविधा लिएकोमा मात्र)**

४. माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीले किर्ते जालासाजी भनी लिएको दावी पुग्ने ठहरेकाले लिखत जाँच गर्दा प्रतिवादीले बुझाएको रकम रू. .....। मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम ३२(५) बमोजिम प्रतिवादीले वादीबाट भरिपाउने हुँदा कानूनबमोजिम गरी सो रकम भराइदिनु भनी तहसिल शाखामा लगत दिनु। **(लिखत जाँच गर्दा लाग्ने दस्तुर प्रतिवादीबाट दाखिला भएकोमा)**

**५.** यस अदालतको मिति ........... को आदेश र च. नं. ......, मिति ........... को पत्रानुसार रोक्का राखिएको ......... नामको कि. नं. ......... क्षेत्रफल ......... को घर जग्गा/जग्गा वा ........... फैसला अन्तिम भएपछि अन्य कारणबाट रोक्का राख्नु नपर्ने भएमा प्रस्तुत मुद्दाबाट रहेको रोक्का

फुकुवा गरिदिनु भनी सम्बन्धित कार्यालयमा लेखी पठाउन तहसिल शाखामा जानकारी दिनु। **(रोक्का राखिएको भएमा मात्र)**

६. सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रित पुऱ्याइदिनु।

७. प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेभसाइटमा प्रकाशित गर्नु।

८. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु र मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनु।

## २. बहाल भराउने

१. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादीले प्रतिवादीबाट फिराद दावीबमोजिम रू. .....। बहाल भराइ पाउने ठहरेकाले सो रकम मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४२ बमोजिम विगोको तीन प्रतिशत दस्तुर लिई वादीलाई भराइदिनु भनी फैसलाको प्रतिलिपिसमेत साथै राखी तहसिल शाखामा लगत दिनु।

२. वादी ............ प्रस्तुत मुद्दामा रूजु हाजिर रहेकोले प्रस्तुत फैसला कार्यान्बयन गर्ने प्रयोजनका लागि पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई निजलाई तहसिल शाखामा तारिख तोकी पठाउनु।

३. माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले फिराद साथ दाखिल गरेको अदालती शुल्क रू. .....। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३ बमोजिम प्रतिवादीबाट भराइपाउने हुँदा भराइपाउँ भनी उक्त संहिताको दफा २४८(१) को म्यादभित्र वादीले निवेदन दिएमा केही दस्तुर नलिई वादीलाई भराइदिनु भनी तहसिल शाखामा लगत दिनु।

माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६५ बमोजिम अदालती शुल्क पछि तिर्ने सुविधा पाइ फिरादपत्र दायर गरेको देखिँदा कानूनबमोजिम लाग्ने अदालती शुल्क रू. ......। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३(३) बमोजिम प्रतिवादीबाट जरिवाना सरह असुल गर्नु भनी तहसिल शाखामा लगत दिनु। **(संहिताको दफा ६५ बमोजिम सुविधा लिएकोमा मात्र)**

४. यस अदालतको मिति ............ को आदेश र च. नं. ......, मिति ............ को पत्रानुसार रोक्का राखिएको ......... नामको कि. नं. ......... क्षेत्रफल ........को घर जग्गा/जग्गा वा ......... बहाल विगो भरिभराउको कार्य सम्पन्न भएपछि अन्य कारणबाट रोक्का राख्नु नपर्ने भएमा प्रस्तुत मुद्दाबाट रहेको रोक्का फुकुवा गरिदिनु भनी सम्बन्धित कार्यालयमा लेखी पठाउन तहसिल शाखामा जानकारी दिनु। (रोक्का राखिएको भएमा मात्र)

**५.** माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादी दावी पुग्ने ठहरेको र प्रतिवादी मुद्दा फैसला हुँदा अनुपस्थित रहेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम प्रस्तुत फैसलाउपर चित्त नबुझे ३० दिनभित्र उच्च अदालत ............मा पुनरावेदन गर्न जानु भनी प्रतिवादी ........... लाई पुनरावेदनको म्याद दिनु। **(प्रतिवादी अनुपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा प्रतिवादी आफै/वारिस ......... उपस्थित भएको र पूर्व निर्धारित सुनुवाइको दिनमा नै मुद्दा फैसला भएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(३) बमोजिम निजले फैसला भएको थाहा पाएको मानिने हुँदा प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत ........मा पुनरावेदन गर्न सक्ने नै देखिँदा प्रतिवादी .......... लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा उपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/वारिस ........... उपस्थित भएको/कानून व्यवसायी वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ......... उपस्थित भई वहस पैरवी गरेको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(४) बमोजिम फैसला भएको जानकारी पाएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत ......मा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी .........लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/प्रतिवादीको वारिस उपस्थित भएको वा प्रतिवादीको तर्फबाट कानून व्यवसायीद्वारा वहस पैरवी भएकोमा)**

प्रतिवादीले म्यादभित्र प्रतिउत्तर नफिराई सुरु म्यादै गुजारी बसेकोले फैसला भएको जनाउ प्रतिवादीलाई दिनु र जनाउको सूचना तामेल हुन नसके फैसला भएको जानकारीसहितको सूचना नेपाल सरकारको स्वामित्व भएको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु। **(एकतर्फी फैसला भएकोमा)**

६. सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रित पुऱ्याई दिनु।
७. प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेभसाइटमा प्रकाशित गर्नु।
८. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु र मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनु।

## ३. करार/क्षतिपूर्ति

### दावी पुगेमा

१. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादीले प्रतिवादीबाट करारबमोजिमको क्षतिपूर्ति (वा अन्य रकमको मागदावी भए सो रकम) रू. .....। भराइपाउने ठहरेकाले सो रकम मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४२ बमोजिम विगोको तीन प्रतिशत दस्तुर लिई वादीलाई भराइदिनु भनी फैसलाको प्रतिलिपिसमेत साथै राखी तहसिल शाखामा लगत दिनु।
२. वादी ........... प्रस्तुत मुद्दामा रूजु हाजिर रहेकोले प्रस्तुत फैसला कार्यान्वयन गर्ने प्रयोजनका लागि पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई निजलाई तहसिल शाखामा तारिख तोकी पठाउनु।
३. माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले फिराद साथ दाखिल गरेको अदालती शुल्क रू. .....। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३ बमोजिम प्रतिवादीबाट

भराइ पाउने हुँदा भराइपाउँ भनी उक्त संहिताको दफा २४८(१) को म्यादभित्र वादीले निवेदन दिएमा केही दस्तुर नलिई वादीलाई भराइदिनु भनी तहसिल शाखामा लगत दिनु।

माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६५ बमोजिम अदालती शुल्क पछि तिर्ने सुविधा पाइ फिरादपत्र दायर गरेको देखिँदा कानूनबमोजिम लाग्ने अदालती शुल्क रू. ....। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३(३) बमोजिम प्रतिवादीबाट जरिवाना सरह असुल गर्नु भनी तहसिल शाखामा लगत दिनु। **(संहिताको दफा ६५ बमोजिम सुविधा लिएकोमा मात्र)**

४. यस अदालतको मिति ............ को आदेश र च. नं. ......, मिति ............ को पत्रानुसार रोक्का राखिएको ............ नामको कि. नं. ......... क्षेत्रफल ......... को घर जग्गा/जग्गा वा ........... विगो भरिभराउको कार्य सम्पन्न भएपछि अन्य कारणबाट रोक्का राख्नु नपर्ने भएमा प्रस्तुत मुद्दाबाट रहेको रोक्का फुकुवा गरिदिनु भनी सम्बन्धित कार्यालयमा लेखी पठाउन तहसिल शाखामा जानकारी दिनु। **(रोक्का राखिएको भएमा मात्र)**

५. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादीदावी पुग्ने ठहरेको र प्रतिवादी मुद्दा फैसला हुँदा अनुपस्थित रहेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम प्रस्तुत फैसलाउपर चित्त नबुझे ३० दिनभित्र उच्च अदालत .........मा पुनरावेदन गर्न जानु भनी प्रतिवादी .......... लाई पुनरावेदनको म्याद दिनु। **(प्रतिवादी अनुपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा प्रतिवादी आफै/वारिस ............ उपस्थित भएको र पूर्व निर्धारित सुनुवाइको दिनमा नै मुद्दा फैसला भएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(३) बमोजिम निजले फैसला भएको थाहा पाएको मानिने हुँदा प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत .........मा पुनरावेदन गर्न सक्ने नै देखिँदा प्रतिवादी ........... लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा उपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/वारिस ................ उपस्थित भएको/कानून व्यवसायी वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ............. उपस्थित भई वहस पैरवी गरेको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(४) बमोजिम फैसला भएको जानकारी पाएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत .......मा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी ............लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/प्रतिवादीको वारिस उपस्थित भएको वा प्रतिवादीको तर्फबाट कानून व्यवसायीद्वारा वहस पैरवी भएकोमा)**

प्रतिवादीले म्यादभित्र प्रतिउत्तर नफिराई सुरु म्यादै गुजारी बसेकोले फैसला भएको जनाउ प्रतिवादीलाई दिनु र जनाउको सूचना तामेल हुन नसके फैसला भएको जानकारीसहितको सूचना नेपाल सरकारको स्वामित्व भएको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु। **(एकतर्फी फैसला भएकोमा)**

६. सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रित पुऱ्याई दिनु।

७. प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेभसाइटमा प्रकाशित गर्नु।
८. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु र मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनु।

## ४. जग्गा खिचोला

**दावी पुगेमा**

१. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादीले ............ जिल्ला ........... गा. पा/ न.पा. वार्ड नं. ........ को कि. नं. .......... /न. नं. (नक्साबमोजिम खिचोला ठहरिएको न. नं. राख्ने) .............को जग्गा चलन चलाई पाउने ठहरेकाले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३८ बमोजिम चलन चलाई दिएको विगोको तीन प्रतिशत दस्तुर लिई उक्त जग्गा चलन चलाई दिनु भनी फैसलाको प्रतिलिपिसमेत साथै राखी तहसिल शाखामा लगत दिनु।
२. वादी ........................ प्रस्तुत मुद्दामा रूजु हाजिर रहेकोले प्रस्तुत फैसला कार्यान्बयन गर्ने प्रयोजनका लागि पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई निजलाई तहसिल शाखामा तारिख तोकी पठाउनु।
३. माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले फिराद साथ दाखिल गरेको अदालती शुल्क रू. .....। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३ बमोजिम प्रतिवादीबाट भराइ पाउने हुँदा भराइ पाउँ भनी उक्त संहिताको दफा २४८(१) को म्यादभित्र वादीले निवेदन दिएमा केही दस्तुर नलिई वादीलाई भराइदिनु भनी तहसिल शाखामा लगत दिनु।

माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६५ बमोजिम अदालती शुल्क पछि तिर्ने सुविधा पाइ फिरादपत्र दायर गरेको देखिँदा कानूनबमोजिम लाग्ने अदालती शुल्क रू. ......। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३(३) बमोजिम प्रतिवादीबाट जरिवाना सरह असुल गर्नु भनी तहसिल शाखामा लगत दिनु। **(संहिताको दफा ६५ बमोजिम सुविधा लिएकोमा मात्र)**

**(जग्गा रोक्का भएको भएमा वा यथास्थितिमा राख्ने गरी आदेश भएको भएमा फुकुवाको व्यहोरा उल्लेख गर्नुपर्ने हुन्छ)।**

४. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादीदावी पुग्ने ठहरेको र प्रतिवादी मुद्दा फैसला हुँदा अनुपस्थित रहेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम प्रस्तुत फैसलाउपर चित्त नबुझे ३० दिनभित्र उच्च अदालत ..........मा पुनरावेदन गर्न जानु भनी प्रतिवादी .............. लाई पुनरावेदनको म्याद दिनु। **(प्रतिवादी अनुपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा प्रतिवादी आफै/वारिस ................ उपस्थित भएको र पूर्व निर्धारित सुनुवाइको दिनमा नै मुद्दा फैसला भएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(३) बमोजिम निजले फैसला भएको थाहा पाएको मानिने हुँदा प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत ..............मा पुनरावेदन गर्न सक्ने नै देखिँदा

प्रतिवादी .......... लाई पुनरावेदनको म्याद दिइरहनु परेन। (सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा उपस्थित रहेको भएमा)

मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/वारिस ............ उपस्थित भएको/कानून व्यवसायी वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ............ उपस्थित भई वहस पैरवी गरेको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(४) बमोजिम फैसला भएको जानकारी पाएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत ...........मा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी ............लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/प्रतिवादीको वारिस उपस्थित भएको वा प्रतिवादीको तर्फबाट कानून व्यवसायीद्वारा वहस पैरवी भएकोमा)**

प्रतिवादीले म्यादभित्र प्रतिउत्तर नफिराई सुरु म्यादै गुजारी बसेकोले फैसला भएको जनाउ प्रतिवादीलाई दिनु र जनाउको सूचना तामेल हुन नसके फैसला भएको जानकारीसहितको सूचना नेपाल सरकारको स्वामित्व भएको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु। **(एकतर्फी फैसला भएकोमा)**

५. सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रित पुऱ्याई दिनु।
६. प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेभसाइटमा प्रकाशित गर्नु।
७. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु र मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनु।

## ५. दर्ता वदर

**दावी पुगेमा**

१. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादीले दावीको कि. नं. .......को क्षेत्रफल ........... को जग्गा प्रतिवादी ................ नामको दर्ता बदर भई वादी .......... को नाममा दर्ता हुने ठहरेकाले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३९ बमोजिम उक्त जग्गाको प्रतिवादी ............. नामको दर्ता बदर गरी सो जग्गा वादीको नाममा दर्ता गरिदिनु भनी सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयमा लेखी पठाइ सो कार्यालयमा २१ दिनभित्र हाजिर हुन जानु भनी वादीलाई जानकारी दिनु भनी फैसलाको प्रतिलिपिसमेत साथै राखी तहसिल शाखामा लगत दिनु।
२. वादी ................ प्रस्तुत मुद्दामा रूजु हाजिर रहेकोले प्रस्तुत फैसला कार्यान्बयन गर्ने प्रयोजनका लागि पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई निजलाई तहसिल शाखामा तारिख तोकी पठाउनु।
३. माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले फिराद साथ दाखिल गरेको अदालती शुल्क रू. ....। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३ बमोजिम प्रतिवादीबाट भराइपाउने हुँदा भराइपाउँ भनी उक्त संहिताको दफा २४८(१) को म्यादभित्र वादीले निवेदन दिएमा केही दस्तुर नलिई वादीलाई भराइदिनु भनी तहसिल शाखामा लगत दिनु।

माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६५ बमोजिम अदालती शुल्क पछि तिर्ने सुविधा पाइ फिरादपत्र दायर गरेको देखिँदा कानूनबमोजिम लाग्ने अदालती शुल्क रू. .....। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३(३) बमोजिम प्रतिवादीबाट जरिवाना सरह असुल गर्नु भनी तहसिल शाखामा लगत दिनु। **(संहिताको दफा ६५ बमोजिम सुविधा लिएकोमा मात्र)**

**(जग्गा रोक्का भएको भएमा फुकुवाको व्यहोरा उल्लेख गर्नुपर्ने हुन्छ)।**

४. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादीदावी पुग्ने ठहरेको र प्रतिवादी मुद्दा फैसला हुँदा अनुपस्थित रहेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम प्रस्तुत फैसलाउपर चित्त नबुझे ३० दिनभित्र उच्च अदालत ...........मा पुनरावेदन गर्न जानु भनी प्रतिवादी ............... लाई पुनरावेदनको म्याद दिनु। **(प्रतिवादी अनुपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा प्रतिवादी आफै/वारिस ........... उपस्थित भएको र पूर्व निर्धारित सुनुवाइको दिनमा नै मुद्दा फैसला भएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(३) बमोजिम निजले फैसला भएको थाहा पाएको मानिने हुँदा प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत ........मा पुनरावेदन गर्न सक्ने नै देखिँदा प्रतिवादी ........... लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा उपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/वारिस ............. उपस्थित भएको/कानून व्यवसायी वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ............... उपस्थित भई वहस पैरवी गरेको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(४) बमोजिम फैसला भएको जानकारी पाएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत ..........मा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी .............लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/प्रतिवादीको वारिस उपस्थित भएको वा प्रतिवादीको तर्फबाट कानून व्यवसायीद्वारा वहस पैरवी भएकोमा)**

प्रतिवादीले म्यादभित्र प्रतिउत्तर नफिराई सुरु म्यादै गुजारी बसेकोले फैसला भएको जनाउ प्रतिवादीलाई दिनु र जनाउको सूचना तामेल हुन नसके फैसला भएको जानकारीसहितको सूचना नेपाल सरकारको स्वामित्व भएको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु। **(एकतर्फी फैसला भएकोमा)**

५. सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रित पुऱ्याई दिनु।

६. प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेभसाइटमा प्रकाशित गर्नु।

७. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु र मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनु।

## ६. निर्णय वदर

**दावी पुगेमा**

१. माथि इन्साफ खण्डमा लेखिएबमोजिम .............. कार्यालय ....... को मिति ............. को निर्णय वदर हुने ठहरेकाले उक्त मितिको निर्णय वदर भएको जानकारी सम्बन्धित कार्यालयलाई दिई ठहरेबमोजिम फैसला कार्यान्वयन गर्नु भनी फैसलाको प्रतिलिपिसमेत साथै राखी तहसिल शाखामा लगत दिनु।

२. वादी ................. प्रस्तुत मुद्दामा रूजु हाजिर रहेकोले प्रस्तुत फैसला कार्यान्बयन गर्ने प्रयोजनका लागि पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई निजलाई तहसिल शाखामा तारिख तोकी पठाउनु।

३. माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले फिराद साथ दाखिल गरेको अदालती शुल्क रू. ........। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३ बमोजिम प्रतिवादीबाट भराइपाउने हुँदा भराइपाउँ भनी उक्त संहिताको दफा २४८(१) को म्यादभित्र वादीले निवेदन दिएमा केही दस्तुर नलिई वादीलाई भराइदिनु भनी तहसिल शाखामा लगत दिनु।

माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६५ बमोजिम अदालती शुल्क पछि तिर्ने सुविधा पाइ फिरादपत्र दायर गरेको देखिँदा कानूनबमोजिम लाग्ने अदालती शुल्क रू......। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३(३) बमोजिम प्रतिवादीबाट जरिवाना सरह असुल गर्नु भनी तहसिल शाखामा लगत दिनु। **(संहिताको दफा ६५ बमोजिम सुविधा लिएकोमा मात्र)**

४. यस अदालतको मिति ............ को आदेश र च. नं. ......, मिति .......... को पत्रानुसार रोक्का राखिएको............ नामको कि. नं. ......... क्षेत्रफल ......... को घर जग्गा/जग्गा वा .............. फैसला कार्यान्वयन गर्ने कार्य सम्पन्न भएपछि अन्य कारणबाट रोक्का राख्नु नपर्ने भएमा प्रस्तुत मुद्दाबाट रहेको रोक्का फुकुवा गरिदिनु भनी सम्बन्धित कार्यालयमा लेखी पठाउन तहसिल शाखामा जानकारी दिनु। **(रोक्का राखिएको भएमा मात्र)**

५. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादी दावी पुग्ने ठहरेको र प्रतिवादी मुद्दा फैसला हुँदा अनुपस्थित रहेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम प्रस्तुत फैसलाउपर चित्त नबुझे ३० दिनभित्र उच्च अदालत ..........मा पुनरावेदन गर्न जानु भनी प्रतिवादी .............. लाई पुनरावेदनको म्याद दिनु। (प्रतिवादी अनुपस्थित रहेको भएमा)

मुद्दा सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा प्रतिवादी आफै/वारिस ............. उपस्थित भएको र पूर्व निर्धारित सुनुवाइको दिनमा नै मुद्दा फैसला भएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(३) बमोजिम निजले फैसला भएको थाहा पाएको मानिने हुँदा प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत .........मा पुनरावेदन गर्न सक्ने नै देखिँदा प्रतिवादी ............. लाई पुनरावेदनको म्याद दिइरहनु परेन। (सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा उपस्थित रहेको भएमा)

मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/वारिस ................. उपस्थित भएको/कानून व्यवसायी वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री .................. उपस्थित भई वहस पैरवी गरेको हुँदा मुलुकी देवानी कार्यविधि

संहिता, २०७४ को दफा २००(४) बमोजिम फैसला भएको जानकारी पाएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत ........मा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी .............लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/प्रतिवादीको वारिस उपस्थित भएको वा प्रतिवादीको तर्फबाट कानून व्यवसायीद्वारा वहस पैरवी भएकोमा)**

प्रतिवादीले म्यादभित्र प्रतिउत्तर नफिराई सुरु म्यादै गुजारी बसेकोले फैसला भएको जनाउ प्रतिवादीलाई दिनु र जनाउको सूचना तामेल हुन नसके फैसला भएको जानकारीसहितको सूचना नेपाल सरकारको स्वामित्व भएको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु। **(एकतर्फी फैसला भएकोमा)**

६. सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रित पुऱ्याई दिनु।
७. प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेभसाइटमा प्रकाशित गर्नु।
८. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु र मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनु।

## ७. मोही निष्काशन

**दावी पुगेमा**

१. माथि इन्साफ खण्डमा लेखिएबमोजिम.......... जिल्ला.............. गा.पा./न.पा. वार्ड नं. ...... को कि. नं. ....... को जग्गाको मोही निष्काशन हुने ठहरेकाले उक्त जग्गाको मोहीको लगत कट्टा गरिदिनु भनी सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालय .......... लाई लेखी पठाउन तहसिल शाखामा लगत दिनु।
२. वादी ............ प्रस्तुत मुद्दामा रूजु हाजिर रहेकोले प्रस्तुत फैसला कार्यान्बयन गर्ने प्रयोजनका लागि पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई निजलाई तहसिल शाखामा तारिख तोकी पठाउनु।
३. माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले फिराद साथ दाखिल गरेको अदालती शुल्क रू. ......। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३ बमोजिम प्रतिवादीबाट भराइपाउने हुँदा भराइपाउँ भनी उक्त संहिताको दफा २४८(१) को म्यादभित्र वादीले निवेदन दिएमा केही दस्तुर नलिई वादीलाई भराइदिनु भनी तहसिल शाखामा लगत दिनु।
४. यस अदालतको मिति ............. को आदेशानुसार बाली रोक्का राखिएकोमा सो बाली वादीलाई दिनु भनी .......... लाई लेखी पठाउन तहसिल शाखामा जानकारी दिनु। **(बाली रोक्का राखिएको भएमा)**
५. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादी दावी पुग्ने ठहरेको र प्रतिवादी मुद्दा फैसला हुँदा अनुपस्थित रहेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम प्रस्तुत फैसलाउपर चित्त नबुझे ३० दिनभित्र उच्च अदालत .........मा पुनरावेदन गर्न जानु भनी प्रतिवादी ............ लाई पुनरावेदनको म्याद दिनु। **(प्रतिवादी अनुपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा प्रतिवादी आफै/वारिस............. उपस्थित भएको र पूर्व निर्धारित सुनुवाइको दिनमा नै मुद्दा फैसला भएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(३) बमोजिम निजले फैसला भएको थाहा पाएको मानिने हुँदा प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत ..........मा पुनरावेदन गर्न सक्ने नै देखिँदा प्रतिवादी................ लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा उपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/वारिस ............. उपस्थित भएको/कानून व्यवसायी वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री................ उपस्थित भई वहस पैरवी गरेको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(४) बमोजिम फैसला भएको जानकारी पाएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत .........मा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी .........लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/प्रतिवादीको वारिस उपस्थित भएको वा प्रतिवादीको तर्फबाट कानून व्यवसायीद्वारा वहस पैरवी भएकोमा)**

प्रतिवादीले म्यादभित्र प्रतिउत्तर नफिराई सुरु म्यादै गुजारी बसेकोले फैसला भएको जनाउ प्रतिवादीलाई दिनु र जनाउको सूचना तामेल हुन नसके फैसला भएको जानकारीसहितको सूचना नेपाल सरकारको स्वामित्व भएको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु। **(एकतर्फी फैसला भएकोमा)**

६. सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रित पुऱ्याई दिनु।
७. प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेभसाइटमा प्रकाशित गर्नु।
८. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु र मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनु।

## ८. दर्ता वदर हक कायम

**दावी पुगेमा**

१. माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी ............... नाममा दर्ता रहेको (कि. नं. ......... मा घुसाइएको) ............ जिल्ला .......... गा.पा./न.पा. वार्ड नं........ को कि. नं. ....... को जग्गाको दर्ता वदर भई उक्त कित्ता जग्गामा वादीको हक कायम भई सो जग्गा वादीको नाममा दर्ता हुने ठहरेकाले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३९ बमोजिम उक्त जग्गाको प्रतिवादी ......... नामको दर्ता बदर गरी सो जग्गा वादीको नाममा दर्ता गरिदिनु भनी सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयमा लेखी पठाइ सो कार्यालयमा २१ दिनभित्र हाजिर हुन जानु भनी वादीलाई जानकारी दिनु भनी फैसलाको प्रतिलिपिसमेत साथै राखी तहसिल शाखामा लगत दिनु। **(धेरै कित्ता जग्गा भए देहायमा जग्गाको विवरण खुलाउनु उपयुक्त हुन्छ)**
२. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादीले कि. नं. ....... को जग्गा चलनचलाई पाउनेसमेत ठहरेकाले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३८ बमोजिम विगोको तीन

प्रतिशत दस्तुर लिई उक्त जग्गा चलन चलाई दिनु भनी तहसिल शाखामा लगत दिनु। **(चलन चलाई पाउँ भन्ने दावी भएकोमा)**

३. वादी .................. प्रस्तुत मुद्दामा रूजु हाजिर रहेकोले प्रस्तुत फैसला कार्यान्बयन गर्ने प्रयोजनका लागि पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई निजलाई तहसिल शाखामा तारिख तोकी पठाउनु।

४. माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले फिराद साथ दाखिल गरेको अदालती शुल्क रू. .....। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३ बमोजिम प्रतिवादीबाट भराइपाउने हुँदा भराइपाउँ भनी उक्त संहिताको दफा २४८(१) को म्यादभित्र वादीले निवेदन दिएमा केही दस्तुर नलिई वादीलाई भराइदिनु भनी तहसिल शाखामा लगत दिनु।

माथि इन्साफ खण्डमा लेखिएबमोजिम हुने ठहरेकाले वादीले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६५ बमोजिम अदालती शुल्क पछि तिर्ने सुविधा पाइ फिरादपत्र दायर गरेको देखिँदा कानूनबमोजिम लाग्ने अदालती शुल्क रू. ......। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३(३) बमोजिम प्रतिवादीबाट जरिवाना सरह असुल गर्नु भनी तहसिल शाखामा लगत दिनु। **(संहिताको दफा ६५ बमोजिम सुविधा लिएकोमा मात्र)**

**(जग्गा रोक्का भएको भएमा फुकुवाको व्यहोरा उल्लेख गर्नुपर्ने हुन्छ)।**

**५.** माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादीदावी पुग्ने ठहरेको र प्रतिवादी मुद्दा फैसला हुँदा अनुपस्थित रहेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम प्रस्तुत फैसलाउपर चित्त नबुझे ३० दिनभित्र उच्च अदालत ......मा पुनरावेदन गर्न जानु भनी प्रतिवादी ........... लाई पुनरावेदनको म्याद दिनु। **(प्रतिवादी अनुपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा प्रतिवादी आफै/वारिस ............... उपस्थित भएको र पूर्व निर्धारित सुनुवाइको दिनमा नै मुद्दा फैसला भएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(३) बमोजिम निजले फैसला भएको थाहा पाएको मानिने हुँदा प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत .........मा पुनरावेदन गर्न सक्ने नै देखिँदा प्रतिवादी ............. लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा उपस्थित रहेको भएमा)**

मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/वारिस ................ उपस्थित भएको/कानून व्यवसायी वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ............... उपस्थित भई वहस पैरवी गरेको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(४) बमोजिम फैसला भएको जानकारी पाएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ३० दिनभित्र उच्च अदालत ............मा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी.............लाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(मुद्दा सुनुवाइ हुँदा प्रतिवादी आफै/प्रतिवादीको वारिस उपस्थित भएको वा प्रतिवादीको तर्फबाट कानून व्यवसायीद्वारा वहस पैरवी भएकोमा)**

प्रतिवादीले म्यादभित्र प्रतिउत्तर नफिराई सुरु म्यादै गुजारी बसेकोले फैसला भएको जनाउ प्रतिवादीलाई दिनु र जनाउको सूचना तामेल हुन नसके फैसला भएको जानकारीसहितको सूचना नेपाल सरकारको स्वामित्व भएको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु। **(एकतर्फी फैसला भएकोमा)**

६. सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रित पुऱ्याई दिनु।
७. प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेभसाइटमा प्रकाशित गर्नु।
८. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु र मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनु।

## ९. लिखत वदर

**दावी पुगेमा**

१. माथि इन्साफ खण्डमा लेखिएबमोजिम .......... जिल्ला ...... गा.पा./न.पा. वार्ड नं........ को कि. नं. ....... को क्षेत्रफल ....... को जग्गाको दावीको र. नं. ......, मिति ........... को ....... लिखत ......... भागको ...... भाग वदर हुने ठहरेकाले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३९ बमोजिम सो हदसम्म जग्गाको उक्त लिखत वदर गरी सो हदसम्म जग्गा वादीको नाममा दर्ता गरिदिनु भनी सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयमा लेखी पठाइ सो कार्यालयमा २१ दिनभित्र हाजिर हुन जानु भनी वादीलाई जानकारी दिनु भनी फैसलाको प्रतिलिपिसमेत साथै राखी तहसिल शाखामा लगत दिनु। **(तर्फ नखुलेको भएमा नरम गरम मिलाई यति भागको यति भाग भनी र तर्फ खुलेकोमा यसतर्फ भनी खुलाउनुपर्ने हुन्छ र धेरै कित्ता जग्गाको धेरै लिखत भए देहायमा जग्गा र लिखतको विवरण खुलाउनु उपयुक्त हुन्छ)**
१. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ...लाई मुलुकी अपराध संहिता, २०७४ को दफा ... बमोजिम ...वर्ष कैद र रु.... । (... रुपैयाँ) जरिवानासमेतको सजाय हुने ठहरी फैसला भएको र निज प्रतिवादी अनुसन्धानका क्रममा मिति..देखि प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम मुद्दा पुर्पक्षका निमित्त थुनामा रहेको देखिँदा सोही अबधिदेखि कैद कट्टि हुने गरी कैदको लगत कसी सम्बन्धित कारागार कार्यालयमार्फत रितपूर्वकको कैदी

पुर्जी दिनु जरिवानाको हकमा समेत प्रतिवादीलाई लागेको जरिवानाको लगत राखी जरिवाना बुझाएमा बुझिलिई कैद भुक्तान भएपछि प्रस्तुत मुद्दाको थुनाबाट छाडिदिनु र नबुझाएमा जरिवानावापत पनि कानूनबमोजिम कैद ठेकी असुलउपर गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... ले कसुर गर्न प्रयोग गरेको ... **(मुद्रा, औजार, उपकरण वा यन्त्र र सोसँग सम्बन्धित सामग्री)** मुलुकी अपराध संहिता, २०७४ को दफा २६५ बमोजिम जफत हुने ठहरी फैसला भएको हुँदा उल्लिखित सामान जफत गरी कानूनबमोजिम गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी थुनामा रहेको अवस्था भएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (१) बमोजिम अनुसूची ४४ को ढाँचामा प्रतिवादीलाई यो फैसलाको सूचना दिनु।

४. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।

५. यो फैसलाको जानकारी जाहेरवाला ... लाई दिनु।

६. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।

७. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।

८. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

**१९) लिखतसम्बन्धी कसुर** (सरकारी छाप दस्तखत किर्ते)

**ठहर भएमा**

१. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ...लाई मुलुकी अपराध संहिता, २०७४ को दफा ... बमोजिम ...वर्ष कैद र रु.... । (... रुपैयाँ) जरिवानासमेतको सजाय हुने ठहरी फैसला भएको र निज प्रतिवादी अनुसन्धानका क्रममा मिति ..देखि प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम मुद्दा पुर्पक्षका निमित्त थुनामा रहेको देखिँदा सोही अबधिदेखि कैद कट्टि हुने गरी कैदको लगत कसी सम्बन्धित कारागार कार्यालयमार्फत रितपूर्वकको कैदी पुर्जी दिनु जरिवानाको हकमा समेत प्रतिवादीलाई लागेको जरिवानाको लगत राखी जरिवाना बुझाएमा बुझिलिई कैद भुक्तान भएपछि प्रस्तुत मुद्दाको थुनाबाट छाडिदिनु र नबुझाएमा

जरिवानावापत पनि कानूनबमोजिम कैद ठेकी असुलउपर गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

**(धरौट माग गरी तारेखमा रहेको अवस्था भए सोहीअनुसार तपसिल खण्ड लेख्ने)**

२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... ले किर्ते गरी प्राप्त गरेको सम्पत्ति निज प्रतिवादीबाट मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (५) बमोजिम सम्पत्ति धनीले फिर्ता पाउने ठहरेको हुँदा **(त्यस्तो सम्पत्ति मासिसकेको अवस्था भए सो व्यहोरा उल्लेख गर्ने)** उक्त सम्पत्ति (सम्पत्तिको विवरण राख्ने) सम्बन्धित सम्पत्ति धनी ... लाई कानूनबमोजिम गरी फिर्ता दिनु।

(प्रतिवादीले मासिसकेको अवस्था भए **माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... ले किर्ते गरी प्राप्त गरेको सम्पत्ति निजले मासिसकेकाले सो को विगो मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (५) बमोजिम सम्पत्ति धनीलाई भराइदिने ठहरेको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ बमोजिम गरी प्रतिवादीबाट असुलउपर गरी सम्बन्धित सम्पत्ति धनी ... लाई भराइदिनु भनी तहसिल शाखामा लेखी पठाइदिनु** भनी उल्लेख गर्ने)

३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) को खण्ड (...) बमोजिम रु....। (... रुपैयाँ) प्रतिवादीले पीडित राहत कोषमा **क्षतिपूर्ति शुल्क (कम्पेन्सेसन लेभी)** बुझाउनुपर्ने ठहरेको हुँदा सो को लगत कसी प्रतिवादीसँग उक्त शुल्क असुलउपर गरी कोषमा दाखिला गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

४. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी थुनामा रहेको अवस्था भएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (१) बमोजिम अनुसूची ४४ को ढाँचामा प्रतिवादीलाई यो फैसलाको सूचना दिनु।

५. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।

६. यो फैसलाको जानकारी जाहेरवाला ... लाई दिनु।

७. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु ...।

८. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।

९. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

**२०) विशेष कानूनअन्तर्गतका मुद्दाहरू**

**सवारी ज्यानसम्बन्धी कसुर**

**ठहर भएमा**

**यातायात व्यवस्था ऐनको दफा १६१ को उपदफा (२) अन्तर्गतको कसुर**

१. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी... लाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) बमोजिम **... वर्ष कैद र ... रुपैयाँ जरिवाना**समेत हुने ठहरी **(सवारी चालक अनुमतिपत्र नभई उपदफा (४) बमोजिम थप सजायसमेत भएको भएमा सोसमेत उल्लेख गर्ने)** फैसला भएकोले निज प्रतिवादी मिति ...देखि मिति ...सम्म प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेश बमोजिम मुद्दा पुर्पक्षका निमित्त थुनामा रहेको देखिँदा सोही अबधिदेखि कैद कट्टि हुने गरी कैदको लगत कसी सम्बन्धित कारागार कार्यालयमार्फत रितपूर्वकको कैदी पुर्जी दिनु र जरिवानाको हकमासमेत प्रतिवादीलाई लागेको जरिवानाको लगत राखी जरिवाना बुझाएमा बुझिलिई कैद भुक्तान भएपछि प्रस्तुत मुद्दाको थुनाबाट छाडिदिनु र नबुझाएमा जरिवानावापत पनि कानूनबमोजिम कैद ठेकी असुलउपर गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... लाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (५) बमोजिम **... कैद सजाय** हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादी अनुसन्धानका क्रममा मिति ...देखि प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम नगद धरौटी बुझाइ तारेखमा रहेको देखिँदा प्रहरी हिरासतमा रहेको अबधि कट्टा गरी बाँकी रहन आउने कैदको लगत कसी असुलउपर गर्नु भनी र निज प्रतिवादीले यस अदालतको आदेशबमोजिम मिति ... मा र. नं. ... बाट राखेको धरौटी रकम रु....। फिर्ता पाउँ भनी निज प्रतिवादीले कानूनको म्यादभित्र निवेदन दिएमा प्रतिवादीलाई लागेको कैद असुल भएपछि निज प्रतिवादीलाई फिर्ता दिन लेखा शाखामा लेखी पठाउनु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) को खण्ड (...) बमोजिम रु....। (... रुपैयाँ) प्रतिवादीले पीडित राहत कोषमा **क्षतिपूर्ति शुल्क (कम्पेन्सेसन लेभी)** बुझाउनुपर्ने ठहरेको हुँदा सो को लगत कसी प्रतिवादीसँग उक्त शुल्क असुलउपर गरी कोषमा दाखिला गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

४. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी थुनामा रहेको अवस्था भएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (१) बमोजिम अनुसूची ४४ को ढाँचामा प्रतिवादीलाई यो फैसलाको सूचना दिनु।

५. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।
६. यो फैसलाको जानकारी जाहेरवाला ... लाई दिनु।
७. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।
८. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

**यातायात व्यवस्था ऐनको दफा १६१ को उपदफा (३) अन्तर्गतको कसुर**

१. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... लाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (३) बमोजिम ... वर्ष कैद **(वा ... रुपैयाँ जरिवाना वा कैद र जरिवाना दुबै)** समेतको सजाय हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादी अनुसन्धानका क्रममा मिति ...देखि प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम नगद धरौटी बुझाइ तारेखमा रहेको देखिँदा कैदका हकमा प्रहरी हिरासतमा रहेको अबधि कट्टा गरी बाँकी रहन आउने कैदको लगत कसी असुलउपर गर्नु र जरिवानाको हकमा निज प्रतिवादीले यस अदालतको आदेशबमोजिम राखेको धरौटी रकम रु....। बाट जरिवानाको रकम कटाई सदरस्याहा गर्नु र बाँकी हुन आउने धरौट रकम फिर्ता पाउँ भनी प्रतिवादी ... ले कानूनको म्यादभित्र निवेदन दिएमा प्रतिवादीलाई लागेको कैद असुल भएपछि निज प्रतिवादीलाई फिर्ता दिनु तथा निज प्रतिवादीलाई लागेको कैद असुल नभएमा उक्त धरौटी रकम कानूनबमोजिम गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।
२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) को खण्ड (...) बमोजिम रु....। (... रुपैयाँ) प्रतिवादीले पीडित राहत कोषमा **क्षतिपूर्ति शुल्क (कम्पेन्सेसन लेभी)** बुझाउनुपर्ने ठहरेको हुँदा सो को लगत कसी प्रतिवादीसँग उक्त शुल्क असुलउपर गरी कोषमा दाखिला गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।
३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम प्रतिवादीले उच्च अदालत ... मा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादीलाई पुनरावेदनको म्याद दिइरहनु परेन।

४. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।
५. यो फैसलाको जानकारी जाहेरवाला ... लाई दिनु।
६. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।
७. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।
८. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

**यातायात व्यवस्था ऐनको दफा १६२ को उपदफा (१) अन्तर्गतको कसुर**

१. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... लाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२ को उपदफा (१) बमोजिम **... वर्ष कैद र ... रुपैयाँ जरिवाना**समेत हुने ठहरी **(सवारी चालक अनुमतिपत्र नभई उपदफा (२) बमोजिम थप सजायसमेत भएको भएमा सो समेत उल्लेख गर्ने)** फैसला भएकोले निज प्रतिवादी मिति ...देखि मिति ...सम्म प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम मुद्दा पुर्पक्षका निमित्त थुनामा रहेको देखिँदा सोही अबधिदेखि कैद कट्टि हुने गरी कैदको लगत कसी लागेको कैद असुल नभएसम्म थुनामा राख्नु भनी सम्बन्धित कारागार कार्यालयमा लेखी पठाइ सम्बन्धित कारागार कार्यालयमार्फत सोही अनुरूपको रितपूर्वकको कैदी पुर्जी प्रतिवादीलाई दिनु र जरिवानाको हकमा समेत प्रतिवादीलाई लागेको जरिवानाको लगत राखी जरिवाना बुझाएमा बुझिलिई कैद भुक्तान भएपछि प्रस्तुत मुद्दाको थुनाबाट छाडिदिनु र नबुझाएमा जरिवानावापत पनि कानूनबमोजिम कैद ठेकी असुलउपर गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।
**(खत निको भई काम लाग्ने भएमा पाँच हजार रुपैयाँ जरिवाना मात्रको सजाय हुने हुँदा सोहीअनुसार मिलाएर लेख्ने)**
२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... लाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२ को उपदफा (३) बमोजिम **... कैद र ... रुपैयाँ जरिवानासमेतको सजाय** हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादी अनुसन्धानका क्रममा मिति ...देखि प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम नगद धरौटी बुझाइ तारेखमा रहेको देखिँदा कैदका हकमा प्रहरी हिरासतमा रहेको अबधि कट्टा गरी बाँकी रहन आउने कैदको लगत कसी असुलउपर गर्नु र जरिवानाको हकमा निज प्रतिवादीले यस अदालतको आदेशबमोजिम राखेको धरौटी रकम रु....। बाट जरिवानाको रकम कटाई सदरस्याहा गर्नु र बाँकी हुन आउने धरौट रकम फिर्ता पाउँ भनी प्रतिवादी ... ले कानूनको म्यादभित्र निवेदन दिएमा प्रतिवादीलाई लागेको कैद असुल भएपछि निज प्रतिवादीलाई फिर्ता दिनु तथा निज प्रतिवादीलाई लागेको कैद असुल नभएमा उक्त धरौटी रकम कानूनबमोजिम गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) को खण्ड (...) बमोजिम रु....। (... रुपैयाँ) प्रतिवादीले पीडित राहत कोषमा **क्षतिपूर्ति शुल्क (कम्पेन्सेसन लेभी)** बुझाउनुपर्ने ठहरेको हुँदा सो को लगत कसी प्रतिवादीसँग उक्त शुल्क असुलउपर गरी कोषमा दाखिला गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।
४. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी थुनामा रहेको अवस्था भएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (१) बमोजिम अनुसूची ४४ को ढाँचामा प्रतिवादीलाई यो फैसलाको सूचना दिनु।
**(धरौटी बुझाइ तारेखमा रहेको प्रतिवादीको हकमा सोहीअनुसार मिलाएर लेख्ने)**
५. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।
६. यो फैसलाको जानकारी जाहेरवाला ... लाई दिनु।
७. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।
८. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।
प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

## २१) लागु औषधसम्बन्धी कसुर

### ठहर भएमा

१. माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी... लाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (...) अन्तर्गतको कसुरमा दफा १४ को उपदफा (१) को खण्ड (...) बमोजिम **...बर्ष कैद र ... रुपैयाँ जरिवानासमेतको सजाय** हुने हुने ठहरी **(दफा १६ बमोजिम थप सजायसमेत भएको भए सो समेत उल्लेख गर्ने)** फैसला भएकोले निज प्रतिवादी मिति ...देखि मिति ...सम्म प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम मुद्दा पुर्पक्षका निमित्त थुनामा रहेको देखिँदा सोही अबधिदेखि कैद कट्टि हुने गरी कैदको लगत कसी लागेको कैद असुल नभएसम्म थुनामा राख्नु भनी सम्बन्धित कारागार कार्यालयमा लेखी पठाइ सम्बन्धित कारागार कार्यालयमार्फत सोही अनुरूपको रितपूर्वकको कैदी पुर्जी प्रतिवादीलाई दिनु र जरिवानाको हकमा समेत प्रतिवादीलाई लागेको जरिवानाको लगत राखी जरिवाना बुझाएमा बुझिलिई कैद भुक्तान

भएपछि प्रस्तुत मुद्दाको थुनाबाट छाडिदिनु र नबुझाएमा जरिवानावापत पनि कानूनबमोजिम कैद ठेकी असुलउपर गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

**(धरौटी बुझाइ तारेखमा रहेको प्रतिवादीको हकमा सोहीअनुसार मिलाएर लेख्ने)**

२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादीबाट वरामद भई दशीका रुपमा पेश गरिएको ... (धनमालको विवरण उल्लेख गर्ने) लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८/१८क बमोजिम जफत हुने ठहरी फैसला भएको हुँदा उल्लिखित धनमाल जफत गरी कानूनबमोजिम गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादीबाट वरामद भई दशीका रुपमा पेश गरिएको ... (धनमालको विवरण उल्लेख गर्ने) लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८/१८क बमोजिम जफत नहुने ठहरी फैसला भएको हुँदा प्रस्तुत **मुद्दा अन्तिम भएपछि ...** उल्लिखित धनमाल फिर्ता पाउँ भनी प्रतिवादीले कानूनको म्यादभित्र निवेदन दिएमा कानूनबमोजिम गरी सम्बन्धित प्रतिवादीलाई फिर्ता दिनु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

**(जफतको मागदावी रहेका सामान जफत नहुने ठहरी प्रतिवादीले फिर्ता पाउने भएमा)**

३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी थुनामा रहेको अवस्था भएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (१) बमोजिम अनुसूची ४४ को ढाँचामा प्रतिवादीलाई यो फैसलाको सूचना दिनु।

४. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।

५. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।

६. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।

७. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

### २२) मानव बेचबिखन तथा ओसार पसार

**ठहर भएमा**

१. माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी... लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ अन्तर्गतको कसुरमा दफा १५ को उपदफा (१) को खण्ड (...) बमोजिम **... बर्ष कैद र ... रुपैयाँ जरिवानासमेतको सजाय** हुने ठहरी फैसला भएकोले निज

प्रतिवादी मिति ...देखि मिति ...सम्म प्रहरी हिरासतमा रहीमिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम मुद्दा पुर्पक्षका निमित्त थुनामा रहेको देखिँदा सोही अबधिदेखि कैद कट्टि हुने गरी कैदको लगत कसी लागेको कैद असुल नभएसम्म थुनामा राख्नु भनी सम्बन्धित कारागार कार्यालयमा लेखी पठाइ सम्बन्धित कारागार कार्यालयमार्फत सोही अनुरूपको रितपूर्वकको कैदी पुर्जी प्रतिवादीलाई दिनु र जरिवानाको हकमासमेत प्रतिवादीलाई लागेको जरिवानाको लगत राखी जरिवाना बुझाएमा बुझिलिई कैद भुक्तान भएपछि प्रस्तुत मुद्दाको थुनाबाट छाडिदिनु र नबुझाएमा जरिवानावापत पनि कानूनबमोजिम कैद ठेकी असुलउपर गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

**(धरौटी बुझाइ तारेखमा रहेको प्रतिवादीको हकमा सोहीअनुसार मिलाएर लेख्ने)**

२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार पीडित ... लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम क्षतिपूर्ति स्वरुप रु....। (... रुपैयाँ) भराइदिने ठहरेको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ बमोजिम गरी प्रतिवादीबाट पीडित ... लाई भराइदिनु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

**(पुनर्स्थापन कोषबाट भराउने गरी फैसला भएको भए सोहीअनुसार मिलाउने)**

३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादीबाट वरामद भई दशीका रुपमा पेश गरिएको ... (धनमालको विवरण उल्लेख गर्ने) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १८ बमोजिम जफत हुने ठहरी फैसला भएको हुँदा उल्लिखित धनमाल जफत गरी कानूनबमोजिम गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादीबाट वरामद भई दशीका रुपमा पेश गरिएको ... (धनमालको विवरण उल्लेख गर्ने) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा १८ बमोजिम जफत नहुने ठहरी फैसला भएको हुँदा प्रस्तुत **मुद्दा अन्तिम भएपछि** उल्लिखित धनमाल फिर्ता पाउँ भनी प्रतिवादीले कानूनको म्यादभित्र निवेदन दिएमा कानूनबमोजिम गरी सम्बन्धित प्रतिवादीलाई फिर्ता दिनु भनी तहसिल शाखामा लेखी पठाइदिनु। **(जफतको मागदावी रहेका सामान जफत नहुने ठहरी प्रतिवादीले फिर्ता पाउने भएमा)**

४. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) को खण्ड (...) बमोजिम रु....। (... रुपैयाँ) प्रतिवादीले पीडित राहत कोषमा **क्षतिपूर्ति शुल्क (कम्पेन्सेसन लेभी)** बुझाउनुपर्ने ठहरेको हुँदा सो को लगत कसी प्रतिवादीसँग उक्त शुल्क असुलउपर गरी कोषमा दाखिला गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

५. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रस्तुत मुद्दामा सूचना दिने व्यक्ति ... (गोपनियता कायम हुने गरी उल्लेख गर्ने) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १९ बमोजिम पुरस्कार प्रदान गर्ने गरी फैसला भएको हुँदा प्रतिवादीलाई भएको जरिवाना रकमको दश प्रतिशतले हुन आउने रु. ...। निज सूचकलाई पुनर्स्थापन कोषबाट उपलब्ध गराउनु भनी सम्बन्धित निकायमा लेखी पठाइदिनु।

६. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी थुनामा रहेको अवस्था भएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (१) बमोजिम अनुसूची ४४ को ढाँचामा प्रतिवादीलाई यो फैसलाको सूचना दिनु।

७. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।

८. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार पीडित ... लाई क्षतिपूर्ति भराइदिने ठहरेको हुँदा सो ब्यहोरासमेत खुलाइ यो फैसलाको जानकारी पीडित एवं जाहेरवाला परिवर्तित नाम ... (पीडित अलग्गै भए निजलाई समेत) लाई दिनु।

९. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।

१०. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।

११. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

## २३) घरेलु हिंसा (दफा ५क अन्तर्गतको)

**ठहर भएमा**

१. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ...लाई घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा १३ को उपदफा (१) तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ...बमोजिम ...वर्ष कैद र रु....। (... रुपैयाँ) जरिवानासमेतको सजाय हुने ठहरी फैसला भएको र निज प्रतिवादी अनुसन्धानका क्रममा मिति ...देखि प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम मुद्दा पुर्पक्षका निमित्त थुनामा रहेको देखिँदा सोही अबधिदेखि कैद कट्टि हुने गरी कैदको लगत कसी लागेको कैद असुल नभएसम्म थुनामा राख्नु भनी सम्बन्धित कारागार कार्यालयमा लेखी पठाइ सम्बन्धित कारागार कार्यालयमार्फत रितपूर्वकको कैदी पुर्जी दिनु र जरिवानाको हकमा समेत प्रतिवादीलाई लागेको जरिवानाको लगत राखी जरिवाना बुझाएमा बुझिलिई कैद भुक्तान भएपछि प्रस्तुत मुद्दाको थुनाबाट छाडिदिनु र नबुझाएमा जरिवानावापत पनि कानूनबमोजिम कैद ठेकी असुलउपर गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

**(धरौटी बुझाइ तारेखमा रहेको अवस्था भए सोहीअनुसार मिलाउने)**

२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ...लाई घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ९ बमोजिम पीडितको उपचारमा लागेको रकम रु. ...। (... रुपैयाँ) तथा

दफा १० बमोजिमको क्षतिपूर्ति स्वरुपको रु....। (... रुपैयाँ) समेत गरी जम्मा रु. ...। (... रुपैयाँ) भराइदिने ठहरेको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ बमोजिम गरी प्रतिवादीबाट पीडित ... **(परिवर्तित नाम)**लाई भराइदिनु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) को खण्ड (...) बमोजिम रु....। (... रुपैयाँ) प्रतिवादीले पीडित राहत कोषमा **क्षतिपूर्ति शुल्क (कम्पेन्सेसन लेभी)** बुझाउनुपर्ने ठहरेको हुँदा सो को लगत कसी प्रतिवादीसँग उक्त शुल्क असुलउपर गरी कोषमा दाखिला गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

४. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी थुनामा रहेको अवस्था भएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (१) बमोजिम अनुसूची ४४ को ढाँचामा प्रतिवादीलाई यो फैसलाको सूचना दिनु।

५. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।

६. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार पीडितलाई क्षतिपूर्ति भराइदिने ठहरेको हुँदा सो ब्यहोरासमेत खुलाइ यो फैसलाको जानकारी पीडित ... लाई दिनु।

७. यो फैसलाको जानकारी जाहेरवाला ... लाई दिनु। **(पीडित र जाहेरवाला अलग अलग भए)**

८. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।

९. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।

१०.प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

## २४) नागरिकतासम्बन्धी कसुर

### ठहर भएमा

१. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ...लाई नेपाल नागरिकता ऐन, २०६३ को दफा... को उपदफा (...) का आधारमा ...वर्ष कैद र रु....। (... रुपैयाँ) जरिवानासमेतको सजाय हुने ठहरी फैसला भएको र निज प्रतिवादी अनुसन्धानका क्रममा मिति...देखि प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम नगद धरौटी बुझाइ तारेखमा रहेको देखिँदा कैदका हकमा प्रहरी हिरासतमा रहेको अबधि कट्टा गरी बाँकी रहन आउने कैदको

लगत कसी असुलउपर गर्नु र जरिवानाको हकमा निज प्रतिवादीले यस अदालतको आदेशबमोजिम राखेको धरौटी रकम रु....। बाट जरिवानाको रकम कटाई सदरस्याहा गर्नु र बाँकी हुन आउने धरौट रकम फिर्ता पाउँ भनी प्रतिवादी ... ले कानूनको म्यादभित्र निवेदन दिएमा प्रतिवादीलाई लागेको कैद असुल भएपछि तथा प्रस्तुत मुद्दा अन्तिम भएपछि निज प्रतिवादीलाई फिर्ता दिनु तथा निज प्रतिवादीलाई लागेको कैद असुल नभएमा उक्त धरौटी रकम कानूनबमोजिम गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

**(थुनामा राखी पुर्पक्ष गरिएको भए सोहीअनुसार मिलाएर राख्ने)**

२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... ले झुठो विवरण दिई नेपाली नागरिकता प्राप्त गरी कसुर गरेको ठहऱ्याई निज प्रतिवादीलाई सजायसमेत हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादीले प्राप्त गरेको ना.प्र.नं. ...को नागरिकता नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ को उपदफा (१) बमोजिम स्वतः रद्द हुने हुँदा सो को जानकारी जिल्ला प्रशासन कार्यालय, ... लाई दिनु।

**(नागरिकता रद्द भएको अवस्थामा मात्र राख्ने)**

३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम प्रतिवादीले उच्च अदालत ... मा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादीलाई पुनरावेदनको म्याद दिइरहनु परेन।

४. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।

५. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।

६. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।

७. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

## २५) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणसम्बन्धी कसुर

**ठहर भएमा**

१. माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी... लाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ को उपदफा (...) बमोजिम **... बर्ष कैद र ... रुपैयाँ जरिवानासमेतको सजाय** हुने ठहरी फैसला भएकोले निज प्रतिवादी मिति ...देखि मिति ...सम्म प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम मुद्दा पुर्पक्षका निमित्त थुनामा रहेको देखिँदा

सोही अबधिदेखि कैद कट्टि हुने गरी कैदको लगत कसी लागेको कैद असुल नभएसम्म थुनामा राख्नु भनी सम्बन्धित कारागार कार्यालयमा लेखी पठाइ सम्बन्धित कारागार कार्यालयमार्फत रितपूर्वकको कैदी पुर्जी प्रतिवादीलाई दिनु र जरिवानाको हकमा समेत प्रतिवादीलाई लागेको जरिवानाको लगत राखी जरिवाना बुझाएमा बुझिलिई कैद भुक्तान भएपछि प्रस्तुत मुद्दाको थुनाबाट छाडिदिनु र नबुझाएमा जरिवानावापत पनि कानूनबमोजिम कैद ठेकी असुलउपर गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

**(धरौटी बुझाइ तारेखमा रहेको अवस्था भए सोहीअनुसार मिलाएर राख्ने)**

२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादीबाट वरामद भई दशीका रुपमा पेश गरिएको ... (आखेटोपहार वा अन्य वस्तुको विवरण उल्लेख गर्ने) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २८ बमोजिम जफत हुने ठहरी फैसला भएको हुँदा उल्लिखित आखेटोपहार (वा वस्तु) जफत गरी कानूनबमोजिम गर्नु **(आखेटोपहारको हकमा सम्बन्धित निकायमा पठाउने गरी उल्लेख गर्ने)** भनी तहसिल शाखामा लेखी पठाइदिनु।

३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रस्तुत मुद्दामा सूचना दिने व्यक्ति ... **(गोपनियता कायम हुने गरी उल्लेख गर्ने)** लाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २५ को उपदफा (...) बमोजिम रु. ...। पुरस्कार प्रदान गर्ने गरी फैसला भएको हुँदा कानूनबमोजिम गरी उक्त पुरस्कार निज सूचकलाई उपलब्ध गराउनु भनी सम्बन्धित निकायमा लेखी पठाइदिनु।

४. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी थुनामा रहेको अवस्था भएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (१) बमोजिम अनुसूची ४४ को ढाँचामा प्रतिवादीलाई यो फैसलाको सूचना दिनु।

५. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।

६. यो फैसलाको जानकारी ....... कार्यालय (मुद्दा दायर गर्ने कार्यालाय) लाई दिनु।

७. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।

८. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।

९. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

## २६) वन ऐनअन्तर्गतका कसुर

**ठहर भएमा**

१. माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी**...** लाई वन ऐन, २०७६ को दफा २६ को उपदफा (...) बमोजिम **... बर्ष कैद र ... रुपैयाँ जरिवानासमेतको** सजाय हुने ठहरी फैसला भएको र निज प्रतिवादी अनुसन्धानका क्रममा मिति...देखि प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम नगद धरौटी बुझाइ तारेखमा रहेको देखिँदा कैदका हकमा प्रहरी हिरासतमा रहेको अबधि कट्टा गरी बाँकी रहन आउने कैदको लगत कसी असुलउपर गर्नु र जरिवानाको हकमा निज प्रतिवादीले यस अदालतको आदेशबमोजिम राखेको धरौटी रकम रु....। बाट जरिवानाको रकम कटाई सदरस्याहा गर्नु र बाँकी हुन आउने धरौट रकम फिर्ता पाउँ भनी प्रतिवादी ... ले कानूनको म्यादभित्र निवेदन दिएमा प्रतिवादीलाई लागेको कैद असुल भएपछि तथा प्रस्तुत मुद्दा अन्तिम भएपछि निज प्रतिवादीलाई फिर्ता दिनु तथा निज प्रतिवादीलाई लागेको कैद असुल नभएमा उक्त धरौटी रकम कानूनबमोजिम गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

   **(मुद्दा पुर्पक्षका निमित्त थुनामा नै रहेको अवस्था भए सोहीअनुसार मिलाउने)**

२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादीबाट वरामद भई दशीका रुपमा पेश गरिएको ... (वन पैदावार वा अन्य वस्तुको विवरण उल्लेख गर्ने) वन ऐन, २०७६ को दफा ६८ बमोजिम जफत हुने ठहरी फैसला भएको हुँदा उल्लिखित वन पैदावार (वा वस्तु) जफत गरी कानूनबमोजिम गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

   **(सडी गली जाने वन पैदावार वा अन्य मालवस्तुको हकमा पहिले नै लिलाम गरी धरौटीमा आम्दानी बाँधेको अवस्था भए सो धरौटी रकम सदरस्याहा गर्ने व्यहोरा राखी मिलाउने)**

३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रस्तुत मुद्दामा सूचना दिने व्यक्ति (सुराकी) ... **(नाम उल्लेख गर्दा गोपनियता कायम हुने गरी उल्लेख गर्ने)** लाई वन ऐन, २०७६ को दफा ७९ बमोजिम प्रतिवादीलाई भएको जरिवाना रकमको दश प्रतिशतले हुन आउने रकम रु. ...। पुरस्कार प्रदान गर्ने गरी फैसला भएको हुँदा कानूनबमोजिम गरी उक्त पुरस्कार रकम निज सूचकलाई उपलब्ध गराउनु भनी सम्बन्धित निकायमा लेखी पठाइदिनु।

४. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोग दावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम प्रतिवादीले उच्च अदालत ... मा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादीलाई पुनरावेदनको म्याद दिइरहनु परेन।

५. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।
६. यो फैसलाको जानकारी ... कार्यालय **(मुद्दा दायर गर्ने कार्यालय)** लाई दिनु।
७. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।
८. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।
९. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

**२७) विद्युतीय कारोवारसम्बन्धी कसुर**

**ठहर भएमा**

१. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... लाई विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिम **... कैद र ... रुपैयाँ जरिवानासमेतको सजाय** हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादी अनुसन्धानका क्रममा मिति ...देखि प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम नगद धरौटी बुझाइ तारेखमा रहेको देखिँदा कैदका हकमा प्रहरी हिरासतमा रहेको अबधि कट्टा गरी बाँकी रहन आउने कैदको लगत कसी असुलउपर गर्नु र जरिवानाको हकमा निज प्रतिवादीले यस अदालतको आदेशबमोजिम राखेको धरौटी रकम रु....। बाट जरिवानाको रकम कटाई सदरस्याहा गर्नु र बाँकी हुन आउने धरौट रकम फिर्ता पाउँ भनी प्रतिवादी ... ले कानूनको म्यादभित्र निवेदन दिएमा प्रतिवादीलाई लागेको कैद असुल भई पीडितले भरिपाउने ठहरेको क्षतिपूर्तिसमेत पाइसकेपछि तथा प्रस्तुत मुद्दा अन्तिम भएपछि निज प्रतिवादीलाई फिर्ता दिनु तथा निज प्रतिवादीलाई लागेको कैद असुल नभएमा र पीडितले पाउनुपर्ने क्षतिपूर्तिको रकम नपाएमा उक्त धरौटी रकम कानूनबमोजिम गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।
**(मुद्दा पुर्पक्षका निमित्त थुनामा नै रहेको अवस्था भए सोहीअनुसार मिलाउने)**
२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ...बाट विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६६ को दफा ५८क बमोजिम क्षतिपूर्ति स्वरुप रु....। (... रुपैयाँ) भराइदिने ठहरेको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ बमोजिम गरी प्रतिवादीबाट पीडित ... **(परिवर्तित नाम)** लाई भराइदिनु भनी तहसिल शाखामा लेखी पठाइदिनु।
३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादीबाट वरामद भई दशीका रुपमा पेश गरिएका उपकरणहरू (विवरण उल्लेख गर्ने) विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६६ को दफा ५६ बमोजिम जफत हुने ठहरी फैसला भएको हुँदा उल्लिखित उपकरणहरू जफत गरी कानूनबमोजिम गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादीबाट वरामद भई दशीका रुपमा पेश गरिएका उपकरणहरू ... (विवरण उल्लेख गर्ने) विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६६ को ५६ बमोजिम

जफत नहुने ठहरी फैसला भएको हुँदा प्रस्तुत **मुद्दा अन्तिम भएपछि** उल्लिखित उपकरणहरू फिर्ता पाउँ भनी प्रतिवादीले कानूनको म्यादभित्र निवेदन दिएमा कानूनबमोजिम गरी सम्बन्धित प्रतिवादीलाई फिर्ता दिनु भनी तहसिल शाखामा लेखी पठाइदिनु। **(जफतको मागदावी रहेका सामान जफत नहुने ठहरी प्रतिवादीले फिर्ता पाउने भएमा)**

४. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) को खण्ड (...) बमोजिम रु....। (... रुपैयाँ) प्रतिवादीले पीडित राहत कोषमा **क्षतिपूर्ति शुल्क (कम्पेन्सेसन लेभी)** बुझाउनुपर्ने ठहरेको हुँदा सो को लगत कसी प्रतिवादीसँग उक्त शुल्क असुलउपर गरी कोषमा दाखिला गर्नु भनी तहसिल शाखामा लेखी पठाइदिनु।

५. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम प्रतिवादीले उच्च अदालत ... मा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादीलाई पुनरावेदनको म्याद दिइरहनु परेन। **(ऐनको दफा ६० बमोजिम सूचना प्रविधि न्यायाधिकरण स्थापना भएपछि सूचना प्रविधि पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन लाग्ने हुँदा तपसिल खण्डमा तदनुरुप मिलाउनुपर्ने)**

६. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।

७. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार पीडितलाई क्षतिपूर्ति भराइदिने ठहरेको हुँदा सो ब्यहोरासमेत खुलाइ यो फैसलाको जानकारी पीडित ... लाई दिनु।

८. यो फैसलाको जानकारी जाहेरवाला ... लाई दिनु। **(पीडित र जाहेरवाला अलग अलग भए)**

९. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।

१०. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।

११. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

## २८) वैदेशिक रोजगारसम्बन्धी कसुर

### ठहर भएमा

१. माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी**...** लाई वैदेशिक रोजगार ऐन, २०६४ दफा ... बमोजिम **... बर्ष कैद र ... रुपैयाँ जरिवानासमेतको सजाय** हुने ठहरी फैसला भएकोले निज प्रतिवादी मिति ...देखि मिति ...सम्म प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम मुद्दा पुर्पक्षका निमित्त थुनामा रहेको देखिंदा सोही अबधिदेखि कैद कट्टि हुने गरी

कैदको लगत कसी लागेको कैद असुल नभएसम्म थुनामा राख्नु भनी सम्बन्धित कारागार कार्यालयमा लेखी पठाइ सम्बन्धित कारागार कार्यालयमार्फत रितपूर्वकको कैदी पुर्जी प्रतिवादीलाई दिनु र जरिवानाको हकमा समेत प्रतिवादीलाई लागेको जरिवानाको लगत राखी जरिवाना बुझाएमा बुझिलिई कैद भुक्तान भएपछि प्रस्तुत मुद्दाको थुनाबाट छाडिदिनु र नबुझाएमा जरिवानावापत पनि कानूनबमोजिम कैद ठेकी असुलउपर गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाइदिनु। **(धरौटी बुझाइ तारेखमा रहेको अवस्था भए सोहीअनुसार मिलाएर राख्ने)**

२. माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी... बाट वैदेशिक रोजगार ऐन, २०६४ दफा ४३ बमोजिम लिएको रकम रू. .....। र सो को पचास प्रतिशतले हुने हर्जाना रू. ........। जाहेरवाला ..........ले भराइ पाउने ठहरी फैसला भएकोले उक्त लिएको विगोको रकम र हर्जाना रकम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ बमोजिम गरी प्रतिवादीबाट जाहेरवालालाई भराइदिनु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाइदिनु।
३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ को उपदफा (२) बमोजिम ३५ दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादीलाई पुनरावेदनको म्याद दिइरहनु परेन।
४. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम विशेष सरकारी वकिल कार्यालय काठमाडौंमा पठाइदिनु।
५. यो फैसलाको जानकारी जाहेरवाला ... लाई दिनु।
६. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु ...।
७. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।
८. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

## २९) भ्रष्टाचारसम्बन्धी कसुर

### ठहर भएमा

१. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ... बमोजिम **... कैद र ... रुपैयाँ जरिवानासमेतको सजाय** हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादी अनुसन्धानका क्रममा मिति ...देखि प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम मुद्दा पुर्पक्षका निमित्त नगद धरौटी बुझाइ तारेखमा रहेको देखिँदा कैदका हकमा प्रहरी हिरासतमा रहेको अबधि कट्टा गरी बाँकी रहन आउने कैदको लगत

कसी असुलउपर गर्नु र जरिवानाको हकमा निज प्रतिवादीले यस अदालतको आदेशबमोजिम राखेको धरौटी रकम रु....। बाट जरिवानाको रकम कटाई सदरस्याहा गर्नु र बाँकी हुन आउने धरौट रकम फिर्ता पाउँ भनी प्रतिवादी ... ले कानूनको म्यादभित्र निवेदन दिएमा प्रतिवादीलाई लागेको कैद असुल भएपछि तथा प्रस्तुत मुद्दा अन्तिम भएपछि निज प्रतिवादीलाई फिर्ता दिनु तथा निज प्रतिवादीलाई लागेको कैद असुल नभएमा उक्त धरौटी रकम कानूनबमोजिम गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाइदिनु। **(मुद्दा पुर्पक्षका निमित्त थुनामा नै रहेको अवस्था भए सोहीअनुसार मिलाउने)**

२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादीका नाममा रहेको ... (सम्पत्तिको विवरण उल्लेख गर्ने) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ बमोजिम जफत हुने ठहरी फैसला भएको हुँदा कानूनबमोजिम लिलाम बिक्री गरी संघीय सञ्चित कोषमा दाखिल गर्न सम्पत्ति रहे भएको जिल्ला अदालतमा लेखी पठाइदिनु। **(बैंक खातामा रहेको रकम र लकरमा रहेको सम्पत्तिसमेत जफत हुने ठहरेमा सो समेत मिलाएर लेख्ने र जफत हुने बाहेकको बैंक खाताको रकमका हकमा रोक्का रहेको खाता फुकुवा गर्न सम्बन्धित बैंकलाई लेखी पठाउने व्यहोरासमेत खुलाउने)**

३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार ...........को नाममा रहेको ...... जिल्ला ....... गा.पा./न.पा. वार्ड नं. .... को घर जग्गा/जग्गा जफत हुने ठहरी फैसला भएको हुँदा उक्त जग्गा प्रस्तुत फैसला अन्तिम भएपछि जफत गरी नेपाल सरकारको नाममा दर्ता गरिदिनु भनी सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयमा लेखी पठाउन सम्बन्धित जिल्ला अदालतमा लेखी पठाइदिनु।

४. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम ३५ दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादीलाई पुनरावेदनको म्याद दिइरहनु परेन।

५. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम विशेष सरकारी वकिल कार्यालय काठमाडौंमा पठाइदिनु।

६. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।

७. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।

८. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

## ३०) बैंकिङ्ग कसुरसम्बन्धी

**ठहर भएमा**

१. माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी... लाई बैङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ को उपदफा (...) बमोजिम... **बर्ष कैद र** विगोबमोजिम **रु....। जरिवानासमेतको सजाय** हुने ठहरी फैसला भएकोले निज प्रतिवादी मिति ...देखि मिति ...सम्म प्रहरी हिरासतमा रही मिति ... मा यस अदालतबाट भएको आदेशबमोजिम मुद्दा पुर्पक्षका निमित्त थुनामा रहेको देखिँदा सोही अबधिदेखि कैद कट्टि हुने गरी कैदको लगत कसी लागेको कैद असुल नभएसम्म थुनामा राख्नु भनी सम्बन्धित कारागार कार्यालयमा लेखी पठाइ सम्बन्धित कारागार कार्यालयमार्फत रितपूर्वकको कैदी पुर्जी प्रतिवादीलाई दिनु र जरिवानाको हकमा समेत प्रतिवादीलाई लागेको जरिवानाको लगत राखी जरिवाना बुझाएमा बुझिलिई कैद भुक्तान भएपछि प्रस्तुत मुद्दाको थुनाबाट छाडिदिनु र नबुझाएमा जरिवानावापत पनि कानूनबमोजिम कैद ठेकी असुलउपर गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाइदिनु।

**(धरौटी बुझाइ तारेखमा रहेको अवस्था भए सोहीअनुसार मिलाएर राख्ने)**

२. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी उपरको कसुर ठहर भई बैङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ को उपदफा (...) बमोजिम जाहेरवाला ... ले प्रतिवादी ... बाट रु. ...। विगो भरिपाउने ठहरी फैसला भएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ बमोजिम गरी प्रतिवादीबाट असुलउपर गरी निज जाहेरवाला ... लाई कानूनबमोजिम भराइदिनु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाइदिनु।

३. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोगदावी पुग्ने ठहरी फैसला भएको र प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता/अधिवक्ता श्री ... उपस्थित भई बहस पैरवी गरेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) बमोजिम प्रतिवादीले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र उक्त दफा १३४ को उपदफा (१) बमोजिम पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादी थुनामा रहेको अवस्था भएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (१) बमोजिम अनुसूची ४४ को ढाँचामा प्रतिवादीलाई यो फैसलाको सूचना दिनु।

**(धरौटी बुझाइ तारेखमा रहेको अवस्था भए सोहीअनुसार मिलाएर राख्ने)**

४. फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम विशेष सरकारी वकिल कार्यालय, काठमाडौं/उच्च सरकारी वकिल कार्यालय .........मा पठाइदिनु।

५. यो फैसलाको जानकारी जाहेरवाला ... लाई दिनु।

६. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।

७. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।

८. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

**३१) सफाइ पाएमा (सबै सरकारवादी फौजदारी मुद्दामा आकर्षित हुने)**

१. माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... ले अभियोग दावीबाट सफाइ पाउने ठहरी फैसला भएको र निज प्रतिवादी मुद्दा पुर्पक्षका क्रममा थुनामा रहेकोले प्रतिवादीलाई थुनामुक्त गरिदिनु भनी यस अदालतको च.नं. ...., मिति ... को पत्रद्वारा सम्बन्धित कारागार कार्यालयमा लेखी पठाइ सकिएको हुँदा सो सम्बन्धमा अरू केही गरिरहनु परेन।

**वा**

*माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... ले अभियोग दावीबाट सफाइ पाउने ठहरी फैसला भएको र निज प्रतिवादी मुद्दा पुर्पक्षका क्रममा हालसम्म थुनामा नै रहेको अवस्था हुँदा निज प्रतिवादीलाई अन्य मुद्दाबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको रोहमा आजै थुनामुक्त गरिदिनु भनी सम्बन्धित कारागार कार्यालयलाई लेखी पठाउनु।*

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... ले अभियोग दावीबाट सफाइ पाउने ठहरेको र प्रतिवादी तारेखमा रुजु हाजिर रहेको देखिँदा यस अदालतको आदेशअनुसार मिति ... मा प्रतिवादीले र.नं. ... बाट राखेको धरौटी रकम रु. ...।- निजले फिर्ता पाउने हुँदा उक्त धरौटी रकम फिर्ता पाउँ भनी कानूनको म्यादभित्र निवेदन दिएमा प्रस्तुत मुद्दा अन्तिम भएपछि उक्त रकम निजलाई केही दस्तुर नलिई फिर्ता दिनु भनी यस अदालतको लेखा शाखामा लेखी पठाइदिनु। ***(प्रतिवादीसँग मुद्दा पुर्पक्षका लागि धरौट माग भएको अवस्था भए)***

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... ले अभियोग दावीबाट सफाइ पाउने ठहरेको र प्रतिवादी तारिखमा रुजु हाजिर रहेको देखिँदा यस अदालतको आदेशअनुसार मिति ... मा धरौटीवापत ... का नाममा रहेको कित्ता नं ... को जग्गा (वा जग्गामा अवस्थित घर) जेथा जमानत रही रोक्का रहेको देखिँदा फैसला अन्तिम भएपछि रोक्का रहेको उक्त घर जग्गा/जग्गा फुकुवा गरिदिनु भनी सम्बन्धित कार्यालयमा लेखी पठाउन तहसिल शाखामा लेखी पठाइदिनु। ***(प्रतिवादीले धरौटवापत अचल सम्पत्ति राखेको अवस्था भए)***

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... ले अभियोगदावीबाट सफाइ पाउने ठहरेको र निजले यस अदालतबाट तोकी पाएको मिति ... को तारेख गुजारी बसेको अवस्था हुँदा यस अदालतको आदेशअनुसार मिति ... मा प्रतिवादीले र.नं. ... बाट राखेको रु. ...।- धरौटी रकमका हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७५ को उपदफा (१) का आधारमा उक्त धरौट जफत हुन्छ, सदरस्याहा गर्नु भनी यस अदालतको लेखा शाखामा लेखी पठाइदिनु।***(प्रतिवादीसँग मुद्दा पुर्पक्षका लागि धरौट माग गरिएको र प्रतिवादीले तारेख गुजारेको अवस्था भए)***

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... ले अभियोगदावीबाट सफाइ पाउने ठहरेको र यस अदालतको आदेशअनुसार मिति ... मा प्रतिवादीले धरौटीवापत ... का नाममा रहेको कित्ता नं ... को

जग्गा (वा जग्गामा अवस्थित घर) राखेको र प्रतिवादीले यस अदालतबाट तोकी पाएको मिति ... को तारेख गुजारी बसेको बसेको अवस्था हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७५ को उपदफा (२) बमोजिम उक्त घर/जग्गा लिलाम बिक्री गरी धरौटीवापतको रकम जफत गरी बाँकी सम्पत्ति निज प्रतिवादीलाई नै फिर्ता दिनु भनी तहसिल शाखामा लेखी पठाइदिनु। *(प्रतिवादीले धरौटीवापत अचल सम्पत्ति राखेको अवस्था भए)*

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी ... ले अभियोगदावीबाट सफाइ पाउने ठहरेको र प्रतिवादी मुद्दा पुर्पक्षका लागि तारेखमा रहेको अवस्था हुँदा अरु केही गर्नु परेन। *(प्रतिवादीलाई मुद्दा पुर्पक्षका लागि दफा ६९ बमोजिम तारेखमा राखिएको अवस्था भए)*

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार अभियोग दावी पुग्न नसक्ने ठहरी फैसला भएको हुँदा फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय ... मा पठाइदिनु।

२. पीडित/जाहेरवाला ... लाई प्रस्तुत फैसलाको जानकारी दिनु।
३. सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरिदिनु।
४. फैसला अपलोड गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा टाँस गर्नु र अदालतको वेबसाइटमा प्रकाशनसमेत गर्नु।
५. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु।

### ३२) कुनै प्रतिवादीको हकमा मुल्तवी रहेको अवस्थामा सबै मुद्दामा आकर्षित हुने

***सरकारवादी फौजदारी मुद्दामा धेरै प्रतिवादी भई कुनै प्रतिवादीले सुरु म्याद गुजारी बसेको कारणबाट निजको हकमा मुल्तवीमा रहेको भए-***

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादीमध्येका **...** को हकमा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ९८ बमोजिम मुलतवीमा राखिएको हुँदा निजको हकको अंश (सम्पत्ति) उक्त कार्यविधि संहिताको दफा ५८ को उपदफा (१५) बमोजिम रोक्का राखी (पहिले नै रोक्का राखिएको अवस्था भए सोही व्यहोरा खुलाउने) निज पक्राउ परी वा स्वयं उपस्थित भएमा सोही बखत र नभएमा फैसला भएको **तीन वर्षपछि** मुलतवीबाट जगाई कारबाही गर्ने गरी मुलतवी दायरीमा दर्ता गर्नु।

प्रतिवादीमध्येका **...** का नाममा जारी भएको पक्राउ पुर्जीअनुसार निजलाई उपस्थित नगराइएको र निज स्वयंसमेत उपस्थित हुन नआएको कारणबाट निजका हकमा मुलतवी रहेको अवस्था हुँदा सोको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई समेत दिनु।

***सुरु म्याद गुजारी बस्ने प्रतिवादीका हकमा समेत फैसला भएको अवस्था भए-***

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादीमध्येका **...** को हकमा निजले ... बमोजिमको कसुर गरेको ठहऱ्याइ निजलाई ... बर्ष कैद र ... रुपैयाँ जरिवानासमेतको सजाय हुने ठहरेको र निज प्रतिवादी यस अदालतबाट जारी भएको म्यादमा उपस्थित नभई सुरु म्याद गुजारी बसेको अवस्था हुँदा निजलाई भएको कैद र जरिवानाको लगत कसी असूलउपर गर्नु भनी तहसिल शाखामा लेखी पठाउनु।

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादीमध्येका ... को हकमा निजले ... बमोजिमको कसुर गरेको ठहऱ्याइ निजलाई ... बर्ष कैद र ... रुपैयाँ जरिवानासमेतको सजाय हुने ठहरेको र निज प्रतिवादी यस अदालतबाट जारी भएको म्यादमा उपस्थित नभई सुरु म्याद गुजारी बसेको अवस्था हुँदा प्रतिवादीमध्येका ... को हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (१) बमोजिम अनुसूची ४४ अनुसारको ढाँचामा फैसलाको सूचना दिनु र उक्त सूचना तामेल हुन नसकेमा नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय दैनिक समाचारपत्रमा सो सूचना प्रकाशन गरी मिसिल संलग्न गर्नु।

**३३) सरकारवादी फौजदारी मुद्दा (अनुसूची १ र २ अन्तर्गतका मुद्दा) दुनियावादी (फौजदारी/देवानी मुद्दा) मा परिणत हुने ठहरेमा-**

